खुश्बूवाला पात्रमा राख ढाकी तय्यार् भो लौ भीमसेनी रसाला ।
ख्वाऊ खाऊ इष्टमित्रादि डाकी यस्को तर्कीव् को नसोधेर जाला ? ॥

१८५५ स्यात्पिच्छिलं तु विजिलं संमृष्टं शोधितं समे ।
१८५६ चिक्कणं मसृणं स्निग्धं तुल्ये भावितवासिते ॥४६॥
१८५७ आपक्वं पौलिरभ्यूषो लाजाः पुंभूम्नि चाक्षताः ।
१८५८ पृथुकः स्याच्चिपिटको धाना भ्रष्टयवे स्त्रियः ॥४७॥
१८५९ पूपोऽपूपः पिष्टकः स्यात्करम्भो दधिसक्तवः ।
१८६० भिस्सास्त्रीभक्तमन्धोऽन्नमोदनोऽस्त्री स दीदिविः ॥४८॥
१८६१ भिस्सटा दग्धिका सर्वरसाग्रे मण्डमस्त्रियाम् ॥
१८६२ मासराचामनिस्रावा मण्डे भक्तसमुद्भवे ॥४९॥
१८६३ यवागूरुष्णिका श्राणा विलेपी तरला च सा ।
१८६४ "म्रक्षणाभ्यञ्जने तैलं कृसरस्तु तिलोदनः ।"
१८६५ गव्यं त्रिषु गवां सर्वंगोविट् गोमयमस्त्रियाम् ॥५०॥

प्रभृति-भाँडामा पकायेका भाततिहुन-मासुप्रभृतिका नाम] प्रणीत ७, उपसंपन्न ७ [२ पाकेर तयार भयेका-अन्नप्रभृतिका नाम] प्रयस्त ७, सुसंस्कृत ७ [२ मसला हाली पकायेका-वस्तुका नाम] ॥४५॥

पिच्छिल ७, विजिल ७ (विज्जन ७, विज्जल ७) [२ झोल् पारेका-तर्कारी-प्रभृतिका नाम] संमृष्ट ७, शोधित ७ [२ निफनी-नाफनी,-केलाई-कुलाई, धोई-धाई सफापारेका वस्तुका नाम] चिक्कण ७, मसृग ७, स्निग्ध ७ [३ मसीना-वस्तुका नाम] भावित ७, वासित ७ [२ वास्ना-आँउने-गरी-वनायेका वस्तुका नाम] ॥४६॥ आपक्व ३, पौलि १, अभ्यूष १ (अभ्योष १, अभ्युष १) [३ भुटेका-हरिया-जउ, मकै, चना प्रभृतिका नाम] लाज १, [१ लावा[1]को नाम] लाज शब्द नित्य बहुवचनान्त छ ॥ अक्षत १ [१ अक्षता (अछेता)-को नाम] अक्षत शब्दपनि बहुवचनान्तै छ ॥ कसैरले लाज, अक्षत २ शब्द 'लावाका नाम' भनेको छ॥ पृथुक १, चिपिटक १ [२ चिउराका नाम] धाना २ [१ भुटेका-जउको नाम] धानाशब्द बहुवचनान्त छ ॥४७॥पूप १, अनूप १, पिष्टक १ [३ पुवा-माल्पूवाप्रभृति रोटीका नाम] करम्भ १ (करम्ब १) [१ दहि र सातुका मिलानको नाम] भिस्सा २, भक्त ३, अन्धस् ३, अन्न ३, ओदन ५, दीदिव १ [६ भातको नाम] ॥४८॥ भिस्सटा २, दग्धिका २[२ माम्रीका(केही जलेका अन्नका)नाम] मण्ड ५ [१ माँडको नाम] मासर १, आचाम १, नि(वि)स्राव १[३ भातको-माँडका नाम] ॥४९॥ यवागू २, उष्णिका २, श्राणा २, विलेपी २, तरला २ [५ फाँडाका नाम ["म्रक्षण ३, अभ्यञ्जन ३, तैल ३ [३ तेलका नाम] कृसर १ [१ खिचडी[2] (खिचो)को नाम]" गव्य ७ [१ गाई-संवन्धि-दूद दहिघ्यू-प्रभृतिको

---

(१) सुकेका-भूटेका सवै अन्न लावा कहिन्छन्, केवल धानको लावा वुझाउनु पर्दा धान्यलाजाः भन्नुपर्दछ, इत्यादि ।

(२) यो क्षेपकले तिल र भातको मिलान भयेका खिचडीलाई कृसर भन्यो ता पनि मुगीप्रभृति अरु अन्नको खिचडीलाई पनि कृसर भन्ने व्यवहार चलेको छ ।

१८६६ तत्तु शुष्कं करीषोऽस्त्री दुग्धं क्षीरं पयः समम् ।
१८६७ पयस्यमाज्यदध्यादि द्रप्सं दधि घनेतरत् ।।५१।।
१८६८ घृतमाज्यं हविः सर्पिर्नवनीतं नवोद्धृतम् ।
१८६९ तत्तु हैयंगवीनं यद्ध्योगोदोहोद्भवं घृतम् ।।५२।।
१८७० दण्डाहतं कालशेयमरिष्टमपि गोरसः ।
१८७१ तक्रं ह्युदश्विन्मथितं पादाम्ब्वर्धाम्बु निर्जलम् ।।५३।।
१८७२ मण्डं दधिभवं मस्तु पीयूषोऽभिनवं पयः ।
१८७३ अशनाया वुभुक्षा क्षुद्ग्रासस्तु कवलः पुमान् ।।५४।।
१८७४ सपीतिः स्त्री तुल्यपानं सग्धिः स्त्री सहभोजनम् ।
१८७५ उदन्या तु पिपासातृट् तर्षो जग्धिस्तु भोजनम् ।।५५।।
१८७६ जेमनं लेह आहारो निघसो न्याद इत्यपि ।
१८७७ सौहित्यं तर्पणं तृप्तिः फेला भुक्तसमुज्झितम् ।।५६।।

नाम]गोविष् २ गोमय ५ [२ गोवरका नाम] ।।५०।।

करीष ५ [१ गुइँठाको नाम] दुग्ध ३, क्षीर ३, पयस् ३ [३ दूधका नाम] पयस्य ३ [१ दूधको विकार(दहि घ्यू प्रभृति)को नाम] द्रप्स ५ [१ पद्याँलो-दहिको नाम]।।५१।। घृत ३, आज्य ३, हविस् ३, सर्पिस् ३ [४ घिउका नाम]नवनीत ३ [१ नउनीको नाम] हैयङ्गवीन १ [१ एकराते-दहीका नउनीको नाम] ।।५२।। दण्डाहत ३, कालशेय ३, अरिष्ट ३, गोरस १ [४ मही(मोही)को नाम] तक्र ३ [१ दहीका चतुर्थ भाग (चौथाई) पानी हालेका-महीको नाम] उदश्वित् २ [१ आधापानिहालेको-महीको नाम]मथित ३ [१ पानीनहालिकन-फायेका-दहीको नाम] ।।५३।।मस्तु ३ [१ दहीका पानीको नाम] पीयूष ३ (पेयूष ५) [१ भर्खर-दुहेका दूधको नाम] कसैकसैले वियायेकि-गाईका ७ दिनभित्रका दूधको नाम भनि भनेको छ। अशनाया २, बुभुक्षा २, क्षुध् २ [३ भोकका नाम] ग्रास १, कवल १ [२ गाँसका नाम] ।।५४।। सपीति २, तुल्यपान ३ [२ धेरै जना मिलेर साथसाथ-पिउँनाका नाम] सग्धि २, सहभोजन ३ [२ धेरै-जना-मिलेर साथसाथ-खानाको नाम] उदन्या २, पिपासा २, तृष् २, तर्ष १ [४ प्यास (तिर्खा)का नाम] जग्धि २, भोजन ३ ।।५५।। जेमन ३, (जमन ३), लेह १ (लेप १), आहार १, निघस १, न्याद १ [७ खानु (भोजन)का नाम] सौहित्य ३, तर्पण ३, तृप्ति २ [३ अघाउनाका नाम] फेला २ [१ खायेर-बाँकी रहेको-अन्नादि (पूरा)को नाम[1]] ।।५६।।

काम ३, प्रकाम ३, पर्याप्त ३, निकाम ३, इष्ट ३, यथेप्सित ३ [६

---

(१) "भोजनगर्नें वेलामा-पूराखाने, विरोधी, क्रूर, रोगी, भोको, निन्दित मानिस नगीचै नरहोस्" भनि आचार शास्त्रमा—'फेलाभुक् प्रतिकूलः क्रूरमनाः सामयः क्षुधाक्रान्तः । न स्यात् समीपवर्ती भोजनकाले विनिन्द्यश्च" [वृ० सं०] यो वचन देखियेकोले फेलाशब्दको अर्थ 'वान्तगरेको—उगेलेको अन्नादि' होइन ।

१८७८ कामं प्रकामं पर्याप्तं निकामेष्टं यथेप्सितम् ।
१८७९ गोपे गोपालगोसंख्यगोधुगाभीरबल्लवाः ॥५७॥
१८८० गोमहिष्यादिकं पादबन्धनं द्वौ गवीश्वरे ।
१८८१ गोमान्गोमी गोकुलं तु गोधनं स्याद्गवां व्रजे ॥५८॥
१८८२ त्रिष्वाशितङ्गवीनं तद्गावो यत्राशिताः पुरा ।
१८८३ उक्षा भद्रो बलीवर्द ऋषभो वृषभो वृषः ॥५९॥
१८८४ अनड्वान्सौरभेयो गौरुक्ष्णां संहतिरौक्षकम् ।
१८८५ गव्या गोत्रा गवां वत्सधेन्वोर्वात्सकधैनुके ॥६०॥
१८८६ वृषो महान्महोक्षः स्याद्वृद्धोक्षस्तु जरद्गवः ।
१८८७ उत्पन्न उक्षा जातोक्षः सद्योजातस्तुतर्णकः ॥६१॥
१८८८ शकृत्करिस्तु वत्सः स्याद्दम्यवत्सतरौ समौ ।
१८८९ आर्षभ्यः षण्डतायोग्यः षण्डो गोपतिरिट्चरः ॥६२॥
१८९० स्कन्धदेशस्त्वस्य वहः सास्ना तु गलकम्बलः ।
१८९१ स्यान्नस्तितस्तु नस्योतः प्रष्ठवाड् युगपार्श्वगः ॥६३॥
१८९२ युगादीनां तु वोढारो युग्यप्रासङ्ग्यशाकटाः ।
१८९३ खनति तेन तद्वोढाऽस्येदं हालिकसैरिको ॥६४॥

यथेष्ट (मनूलागेजति)का नाम] गोप १, गोपाल १, गोसंख्य १, गोदुह् १,
आभीर १ (अभीर १), बल्लव १ [६ अहीर (ग्वाला)का नाम] ॥५७॥
पादवन्धन ३ [१ खुट्टामा-वाधनु-पर्ने-पशुको नाम] गोमत् १, गोमिन् १ [२
गाईका धनीका नाम] गोकुल ३, गोधन ३ [२ गाईका-बथानका नाम] ॥५८॥
आशितङ्गवीन ७ [१ पहिले गाईलाई-ख्वायेका-ठाँउको नाम] उक्षन् १, भद्र
१, बलीवर्द १ (वरीवर्द १), ऋषभ १, वृषभ १, वृष १ ॥५९॥ अनडुह् १, सौर-
भेय १, गो १ [९ गोरूका नाम] औक्षक ३ [१ गोरूका-बथानको नाम] गव्या २,
गोत्रा २ [२ गाई-गोरुका-बथानका नाम] वात्सक ३ [१ वाछावाछीका-बथानको
नाम] धैनुक ३ [१ गाईका-बथानको नाम] ॥६०॥ महोक्ष १ [१ ठुला-साँढे
(गोरु)को नाम] वृद्धोक्ष १, जरद्गव १ [२ बुढासाँढेका नाम] जातोक्ष १ [१
दायेका-वहरको नाम] तर्णक १ [१ कलिला वाछाको नाम] ॥६१॥ शकृत्करि १,
वत्स १ [२ साना-वाछाका नाम] दम्य १, वत्सतर १ [२ वहरका नाम] आर्षभ्य
१ [१ सज्ने वेलाभयेका-बहरको नाम] षण्ड १ (शण्ढ १, शण्ड १, षण्ढ १), गोपति
१, इट्चर १ (इत्वर १) [३ साँढेका नाम] ॥६२॥ वह १ [१ गोरुका-काँधको
नाम] सास्ना २, गलकम्बल १ [२ गाई, गोरुका माल (घाँटिमा झुन्डियेको मासु)-
का नाम] नस्तित १, नस्योत १ [२ नाक-छेडेर डोरी-लायेका-गोरुप्रभृतिका नाम]
प्रष्ठवाह् १, युगपार्श्वग १ [२ दाँउन-लागेका-गोरुका नाम] ॥६३॥ युग्य १ [१ जू-
वावोकने (जोतने) गोरुको नाम] प्रासङ्ग्य १ [१ प्रासङ्ग (दाउँदा काँधमा राख्ने-
काठ)वोकने-गोरुको नाम] शाकट १ [१ गाडातान्ने-गोरुको नाम] हालिक १,

१८९४ धूर्वहे धुर्यधौरेयधुरीणाः सधुरंधराः ।
१८९५ उभावेकधुरीणैकधुरावेकधुरावहे ।।६५।।
१८९६ स तु सर्वधुरीणः स्याद्यो वै सर्वधुरावहः ।
१८९७ माहेयी सौरभेयी गौरुस्रा माता च शृङ्गिणी ।।६६।।
१८९८ अर्जुन्यघ्न्या रोहिणी स्यादुत्तमा गोषु नैचिकी ।
१८९९ वर्णादिभेदात्संज्ञाः स्युःशवलीधवलादयः ।।६७।।
१९०० द्विहायनी द्विवर्षा गौरेकाब्दा त्वेकहायनी ।
१९०१ चतुरब्दा चतुर्हायण्येवं त्र्यब्दा त्रिहायणी ।।६८।।
१९०२ वशा बन्ध्याऽवतोका तु स्रवद्गर्भाऽथ संधिनी ।
१९०३ आक्रान्ता वृषभेणाथ वेहद्गर्भोपघातिनी ।।६९।।
१९०४ काल्योपसर्या प्रजने प्रष्ठौही बालगर्भिणी ।
१९०५ स्यादचण्डी तु सुकरा बहुसूतिः परेष्टुका ।।७०।।
१९०६ चिरप्रसूता वष्कयणी धेनुः स्यान्नवसूतिका ।
१९०७ सुव्रता सुखसंदोह्या पीनोध्नी पीवरस्तनी ।।७१।।

सरिक १ [२ हलाले-जोतने, हलो वोक्ने, हलो संम्वन्धि वस्तु, ई ३ का नाम] ।।६४।।

धूर्वह १, धुर्य १, धौरेय १, धुरीण १, धुरन्धर १ [५ भारिवोकनेका नाम] एकधुरीण १, एकधुर १, एकधुरावह १ [३ अनेक मिलेर एक भारिवोकनेका नाम] ।।६५।। सर्वधुरीण १, सर्वधुरावह १ [२ सवैजम्मैभारि-वोकनेका नाम] माहेयी २, सौरभेयी २, गो २, उस्रा २, मातृ २, शृङ्गिणी २ ।।६६।। अर्जुनी २, अघ्न्या २, रोहिणी २ [९ गाईका नाम] नैचिकी २ (नीचिका २, नीचिकी २) [१ असल-गाईको नाम] शव(ला)ली २ [१ माले (चित्रा)गाईको नाम] धवला २ (धवली २) [१ सेती-गाईको नाम] त्यस्तै—काली, कैली, राती, गाईलाई कहँदा, कृष्णा, कपिला, पाटला, पाटला, शब्दको क्रमैले प्रयोग गर्नु ।। ई शब्द वर्णोपाधि (जस्तो वर्ण छ उस्तै नामभयाका) हुन् ।। अङ्गोपाधि (जस्तो अङ्ग छ उस्तैनाम भयेका) शब्द पनि वनाउनु ।। ठुली, सानी गाईलाई कहँदा, महती, वामनी, शब्दको क्रमैले प्रयोग गर्नु ।।६७।। द्विहायनी २, द्विवर्षा २ [२ दुई (२) वर्षकी गाईका नाम] एकाब्दा २, एकहायनी २ [२ एकवर्षकोगाईका नाम] चतुरब्दा २, चतुर्हायणी २ [२ चारवर्ष-की-गाईका नाम] त्र्यब्दा २, त्रिहायणी २ [२ तिन्वर्षकी-गाईका नाम] ।।६८।। वशा २, बन्ध्या २ [२ वाँझी-गाईका नाम] अवतोका २, स्रवद्गर्भा २ [२ तुहेकी-गाईका नाम] संधिनी २ [१ वहर, साँढे, सँग-लागेकी-गाईको नाम] वेहत् २ [१ वारंवार वहर, साँढे, सँग-लाग्नाले-गर्भरहन-नदिने-गाईको नाम] ।।६९।। काल्या २, उपसर्या २ [२ साँढे खोज्न-लागेकी-गाईका नाम] प्रष्ठौही २ (पष्ठौही २) [१ पहिलेवेत-कंलायेकी-गाईको नाम] अचण्डी २, सुकरा २ [२ साधु-गाईका नाम] वहुसूति २, परेष्टुका २ [२ धेरैवेत-व्यायेकी-गाईका नाम] ।।७०।। चिरसूता २, वष्कयणी २ (वष्कयिर्णी २) [२ वकेर्नी गाईका नाम] धेनु २, नवसूतिका २ [२ लैनी गाई-

१९०८ द्रोणक्षीरा द्रोणदुघा धेनुष्या बन्धके स्थिता ।
१९०९ समांसमीना सा यैव प्रतिवर्षं प्रसूयते ।।७२।।
१९१० ऊधस्तु क्लीबमापीनं समौ शिवककीलकौ ।
१९११ न पुंसि दाम संदानं पशुरज्जुस्तु दामनी ।।७३।।
१९१२ वैशाखमन्थमन्थानमन्थानो मन्थदण्डके ।
१९१३ कुठरो दण्डविष्कम्भो मन्थनी गर्गरी समे ।।७४।।
१९१४ उष्ट्रे क्रमेलकमयमहाङ्गाः करभः शिशुः ।
१९१५ करभाः स्युः शृङ्खलका दारवैः पादबन्धनैः ।।७५।।
१९१६ अजा छागी स्तभच्छागवस्तच्छगलका अजे ।
१९१७ मेढ्रोरभ्रोरणोर्णायुमेषवृष्णय एडके ।।७६।।
१९१८ उष्ट्रौरभ्राजवृन्दे स्यादौष्ट्रकौरभ्रकाजकम् ।
१९१९ चक्रीवन्तस्तु बालेया रासभा गर्दभाः खराः ।।७७।।
१९२० वैदेहकः सार्थवाहो नैगमो वणिजो वणिक् ।
१९२१ पण्याजीवो ह्यापणिकः क्रयविक्रयिकश्च सः ।।७८।।

का नाम] सुव्रता २, सुखसंदोह्या २ [२ दुहुँदा दुःख नदिने (सजिली)गाईका नाम] पीनोध्नी २, पीवरस्तनी २ [२ कचौंडो-ठुलो हुने-गाईका नाम] ।।७१।।

द्रोणक्षीरा २, द्रोणदुघा २ [२एकद्रोण दुददिने गाईका नाम] द्रोणशब्दको अर्थ यसै-वर्गका (८८) श्लोकमा छ।। धेनुष्या [१ बँधुवी (बाँधेर पालियेकी) गाईको नाम] समांसमीना २ [१ वर्षेनी (वर्षवर्षमा) ब्याउने-गाईको नाम] ७२।। ऊधस् ३, आपीन ३ [२ कचौंडाका नाम] शिवक १, कीलक १ [२ गाईगोरु प्रभृति बाँधने कीलाका नाम] दामन् ६, सन्दान ३ [२ दाम्लाका नाम] पशुरज्जु २, दामनी २ (बन्धनी २) [२ छाँदका नाम] कसैकसैले 'धेरै पशुलाईबाँधने लामू (दाम्नीप्रभृतिको) दाम्लाका नाम' भनेको छ ।।७३।। वैशाख १, मन्थ १, मन्थान १, मन्थिन् १, मन्थ(न)-दण्ड १, [६ मधानीका नाम] कुठर १ (कुटर १), दण्डविष्कम्भ १ [२ मधानो-अड्याउने-काठका नाम] मन्थनी १, गर्गरी २ (कलशी २) [२ ठेकीका नाम] ।।७४।। उष्ट्र १, क्रमेलक १, मय १, महाङ्ग १ [४ उँटका नाम] करभ १ [१ ऊँटका बच्चाको नाम] शृङ्खलक १ [१ खुट्टामा-काठका-बन्धनले (ठिंगुराले) बाँधेका ऊँटको नाम] ।।७५।। अजा २, छागी २ [२ वाख्रीका नाम] स्तभ २ (तुभ १), छाग २, वस्त १, छगल(क) १, अज १ [५ खसी, वोकाका नाम] मेढ्र १, उरभ्र १, उरण १, ऊर्णायि ७, मेष १, वृष्णि १, एड(क) १ [७ भेडाका नाम] ।।७६।। औष्ट्रक ३ [१ ऊँटका-वथानको नाम] औरभ्रक ३ [१ भेडाका-वथानको नाम] आजक ३ [१ वोका-वाख्राका-बथानको नाम] चक्रीवत् १, वालेय १, रासभ १, गर्दभ १, खर १ [५ गदहा (गधा)का नाम] ।।७७।। वैदेहक १, सार्थवाह १, नैगम १, वाणिज १, वणिज् १, पण्याजीव १, आपणिक १, क्रयविक्रयिक १ [८ वेपारी (पसले)का नाम ।।७८।।

१९२२ विक्रेता स्याद्विक्रयिकः क्रायकक्रयिकौ समौ ।
१९२३ वाणिज्यं तु वणिज्यास्यान्मूल्यं वस्नोऽप्यवक्रयः ।।७९
१९२४ नीवी परिपणो मूलधनं लाभोऽधिकं फलम् ।
१९२५ परिदानं परीवर्तो नैमेयनिमयावपि ।।८०।।
१९२६ पुमानुपनिधिर्न्यासः प्रतिदानं तदर्पणम् ।
१९२७ क्रये प्रसारितं क्रय्यं क्रेयं क्रेतव्यमात्रके ।।८१।।
१९२८ विक्रेयं पणितव्यं च पण्यं क्रय्यादयस्त्रिषु ।
१९२९ क्लीबे सत्यापनं सत्यंकारः सत्याकृतिः स्त्रियाम् ।।८२।।
१९३० विपणो विक्रयः संख्याः संख्येये ह्यादश त्रिषु ।
१९३१ विंशत्याद्याः सदैकत्वे सर्वाः संख्येयसंख्ययोः ।।८३।।

विक्रेतृ १, विक्रयिक १ [२ वेच्नेका नाम] क्रायक १, क्रयिक १ [२ किन्ने (गाँहक)का नाम] वाणिज्य ३, वणिज्या २ [२ वेपार (व्यापार)का नाम] मूल्य ३, वस्न १, अवक्रय १ [३ मोल(दाम)का नाम] ।।७९।। नीवी २ (नीवि २), परिपण १, मूलधन ३ [३ साउँका नाम] लाभ १ [१ नाफा (नफा)को नाम] परिदान ३, परीवर्त १ (परिवर्त १), नै(वै)मेय १, नि(वि)मय १ [४ साट्नुका नाम] ।।८०।। ऊपनिधि १, न्यास १ [२ नासोका नाम] प्रतिदान ३ [१ नासो-बुझाउनाको नाम] क्रय ७ [१ वेच्न-राखेका-मालको नाम । क्रेय ७ [१ किन्नलाई-योग्य भयेका (वेच्न-मनेर-नराखेका) वस्तुको नाम] ।।८१।। विक्रेय ७, पणितव्य ७, पण्य ७ [३ वेच्ने-वस्तुका नाम] सत्यापन ३, सत्यङ्कार १, सत्याकृति २ [३ लेन्देन्मा विश्वास-गराउनालाई वोलेको-वचन, गरेको कर्म (वैनावट्टा)का नाम] ।।८२।। विपण १, विक्रय १ [२ वेच्नाका नाम] एक, दुई, प्रभृति अठारसम्मका सङ्ख्यावाचक शब्द, सङ्ख्येय (सङ्ख्याले युक्त भयेको वस्तु)लाई पनि कहन्छन् । सङ्ख्येयलाई कहँदा विशेष्यनिघ्नलिङ्गी हुन्छन् ।। जस्तै—एकः पटः (यौटा वस्त्र) एका शाटी (यौटा फरिया) एकं रूप्यकम् (यौटा रुपिया) यहाँ एकशब्द, क्रमैले, पट, शाटी, रूप्यक, ई संख्येय(गनिने)लाई कहँदा विशेष्यवाचक ती ३ शब्दवमोजीम, पुं० लि०, स्त्री० लि०, न० लि० भयो ।। यस्तै रितले २।३ आदि अठारसंमलाई कहने द्वि, त्रि, आदिगरेका अष्टादश-नवदशशब्द-सम्मका शब्द, सङ्ख्येयवाचकशब्द जुन्लिङ्गको छ तेहीलिङ्गमा रहन्छन् ।। उन्नैस्, विस, आदि-गरेका-नव्वेका पयो (उनान्सये) सम्मका सङ्ख्या-वाचक, एकोनविंशति, आदिगरेका नवति (नवनवति) सम्मका शब्द सङ्ख्या र, सङ्ख्येय, दुवै २ लाई कहँदा, घेरैलाई कहन्छन् ता पनि, एकवचनान्तमात्र रही स्त्रीलिङ्गमा रहेका छन् ।। जस्तै—विंशतिः पणाः (विस २० पैसा) यहाँ सङ्ख्येय पण (२० पैसा) लाई कहँदा पनि विंशति शब्द एकवचनान्त स्त्रीलिङ्ग भयो ।। पणानां विंशतिः (पैसाको विस संख्या, अर्थात् २० पैसा) यहाँ केवल-संख्या-वाचक विंशतिशब्द स्त्रीलिङ्गी एकवचनान्त भयो ।। यस्तै अरुशब्द पनी जान्नु ।।८३।। इनै विंशति आदिगरेका

१९३२ संख्यार्थे द्विबहुत्वे स्तस्तासु चानवतेः स्त्रियः ।
१९३३ पंक्तेः शतसहस्रादि क्रमाद्दशगुणोत्तरम् ॥८४॥
१९३४ यौतवं द्रुवयं पाय्यमिति मानार्थकं त्रयम् ।
१९३५ मानं तुलांऽगुलिप्रस्थैर्गुंञ्जाः पञ्चाद्यमाषकः ॥८५॥
१९३६ ते षोडशाक्षः कर्षो स्त्री पलं कर्षचतुष्टयम् ।
१९३७ सुवर्णविस्तौ हेम्नोऽक्षे कुरुविस्तस्तु तत्पले ॥८६॥

शब्द केवल सङ्ख्या-वाचक हुँदा द्विवचन, बहुवचनान्त पनि हुन्छन् ॥ जस्तै—द्वे विंशती (दुई २ बीस, अर्थात् चालीस) तिस्रः विंशतयः (तिन् ३ बीस अर्थात् साठी) यहाँ विंशतिशब्द केवल-सङ्ख्या वाचक हुँनाले द्विवचन, बहुवचन, पनि भयो ॥ यस्तै अरुपनि जान्नु ॥ विंशति-आदिगरेका-नवनवति (९९) सम्मका-शब्द स्त्रीलिङ्गी छन् ॥ (पंक्ति) दशदेखी-उप्रान्त-दशदश गुना वढता-लाई कहने शतसहस्र-अयुत-आदि-परार्ध सम्मका-संख्यावाचकशब्द प्रायः नपुंसकलिङ्गमा रहन्छन् । तिन्को नाम-लिङ्ग-स्वरूप हेर––

एकम्	१	वृन्दम् (अन्जम्)	१०००००००००
दश	१०	खर्वः	१००००००००००
शतम्	१००	निखर्वः	१०००००००००००
सहस्रम	१०००	शङ्खः (महापद्म)	१००००००००००००
अयुतम्	१००००	पद्मः (शङ्कु)	१०००००००००००००
लक्षम् (लक्षा)	१०००००	सागरः	१००००००००००००००
प्र(नि)युतम्	१००००००	अन्त्यम्	१०००००००००००००००
कोटिः	१०००००००	मध्यम्	१००००००००००००००००
अर्बुद	१००००००००	परार्धम्	१०००००००००००००००००

एकदशशतसहस्रायुतलक्षप्रयुतकोटयः क्रमशः ।
अर्बुदमब्जं खर्वनिखर्वमहापद्मशङ्कव स्तस्मात् ।
जलधिश्चान्त्यं मध्यं परार्धमितिदशगुणोत्तरं संज्ञाः ।
[लीलावती]

यस्को अर्थ स्पष्टै छ ॥८४॥ यौतव ३, द्रुवय ३, पाय्य ३ [३ परिमाणका नाम] मानं तुलाङ्गुलि प्रस्थैः (पूर्वोक्त परिमाण तुला, अङ्गुलि, प्रस्थले हुन्छ) अर्थात्—तुलामान ३ [१ तौलेर = जोखेर गरिने परिमाणको नाम] अङ्गुलिमान ३ [१ नापेर गरिने परिमाणको नाम] प्रस्थमान ३ [१ मानापाथीहरुले भरेर गरिने परिमाणको नाम] ॥ आद्यमाषक १ [१ ५लालभरका परिमाणको नाम] ॥८५॥ अक्ष १, कर्ष ५ [२ कर्ष (सोह्रमासा)को नाम] पल ३ [१ चार ४ कर्ष (६४ मासा, अर्थात् ५ तोला ४ मासा)को नाम] सुवर्ण १, विस्त १ [२ सोह्र

१९३८ तुला स्त्रियां पलशतं भारः स्याद्विंशतिस्तुलाः ।
१९३९ आचितो दश भाराः स्युः शाकटो भार आचितः ॥८७॥
१९४० कार्षापणः कार्षिकः स्यात्कार्षिके ताम्रिके पणः ।
१९४१ अस्त्रियामाढकद्रोणौ खारी वाहो निकुञ्चकः ॥८८॥
१९४२ कुडवः प्रस्थ इत्याद्याः परिमाणार्थकाः पृथक् ।
१९४३ पादस्तुरीयो भागः स्यादंशभागौ तु वण्टके ॥८९॥
१९४४ द्रव्यं वित्तं स्वापतेयं रिक्थमृक्थं धनं वसु ।
१९४५ हिरण्यं द्रविणं द्युम्नमर्थरैविभवा अपि ॥९०॥
१९४६ स्यात्कोशश्च हिरण्यं च हेमरूप्ये कृताकृते ।
१९४७ ताभ्यां यदन्यत्तत्कुप्यं रूप्यं तद्द्वयमाहतम् ॥९१॥
१९४८ गारुत्मतं मरकतमश्मगर्भो हरिन्मणिः ।
१९४९ शोणरत्नं लोहितकः पद्मरागोऽथ मौक्तिकम् ॥९२॥

१६ मासा-सुन्को नाम] कुरुविस्त १ [१ एक पल (५ तोला ४ मासा) सुन्को नाम] ॥८६॥

तुला २ [१ तुला (सये १०० पल, अर्थात् ५३३ तोला र ४ मासा)को नाम] भार १ [१ भार (बीस तुला, अर्थात् १०६६६ तोला र ८ मासा)को नाम] आचित १ [१ दशभार (१०६६६६ तोला र ८ मासा)को नाम] मानिसले बोक्न नसकिने, गाडामा हालेर चलाउनुपर्ने भारीलाई पनि 'आचित' भन्दछन् ॥८७॥ कार्षापण १, कार्षिक १ [२ सोह्र १६ मासाभरको रुपियाका नाम] आजकालको रुपिया १६ मासाको हुदैन तापनि 'कार्षापण' भन्दछन् ॥ पण १ [१ सोह्र १६ मासाको तामाका पैसाको नाम] आजकालका पैसालाई पनि 'पण' भन्दछन् ॥ आढक ५, द्रोण ५, खारी २, वाह १, निकुञ्चक १ ॥८८॥ कुडव १ (कुडप १), प्रस्थ १ [७ परिमाण (नाप, भराई)विशेषका ११ नाम] ४ पाथीलाई '१ आढक' १६ पाथिलाई '१ द्रोण', १६ द्रोण (१२ मुरी १६ पाथि)लाई '१ खारी', २० खारी (२४६ मूरी)लाई '१ वाह' भन्दछन् ॥ ५ मुठी (आधामाना)लाई '१ निकुञ्चक' भन्दछन् ॥ ४ निकुञ्चक (२ माना अर्थात् १ कुरुवा) लाई '१ कुडव' भन्दछन् ॥ ४ कुडव (८ माना अर्थात् १ पाथि)लाई '१ प्रस्थ' भन्दछन् ॥ आदिशब्दले सूर्प, गोणी, प्रभृतिपरिमाणवाचक शब्द छन् ॥ २ द्रोणलाई '१ सूर्प,' २ सूर्पलाई '१ गोणी' भन्दछन् ॥ ई सब परिमाणलाई 'प्रस्थमान' भन्दछन् ॥ पाद १ [१ चारौंभाग (चौथाई)को नाम] अंश १, भाग १, वण्टक १ [३ भाग (अंश, हिस्सा)का नाम] ॥८९॥ द्रव्य ३, वित्त ३, स्वापतेय ३, रिक्थ ३, ऋक्क्थ ३, धन ३, वसु ३, हिरण्य ३, द्रविण ३, द्युम्न ३, अर्थ १, रै १ (४) विभव १ [१३ धनका नाम] ॥९०॥कोश १ (कोष १), हिरण्य ३ [३ केही चीज बनायेका अथवा कोरा सुनचाँदी-रूप नगद धनका नाम] कुप्य ३ [१ सुनचाँदी-वाहेक-जिनिस्मालको नाम] रूप्य ३ [१ रुपियाँ र असर्फीको नाम] ॥९१॥ गारुत्मत ३, मरकत ३, अश्मगर्भ

१९५० मुक्ताऽथ विद्रुमःपुंसि प्रवालं पुंनपुंसकम् ।
१९५१ रत्नं मणिर्द्वयोरश्मजातौ मुक्तादिकेऽपि च ॥९३॥
१९५२ स्वर्णं सुवर्णं कनकं हिरण्यं हेम हाटकम् ।
१९५३ तपनीयं शातकुम्भं गाङ्गेयं भर्म कर्बुरम् ॥९४॥
१९५४ चामीकरं जातरूपं महारजतकाञ्चने ।
१९५५ रुक्मं कार्तस्वरं जाम्बूनदमष्टापदोऽस्त्रियाम् ॥९५॥
१९५६ अलंकारसुवर्णं यच्छृङ्गीकनकमित्यदः ।
१९५७ दुर्वर्णं रजतं रूप्यं खर्जूरं श्वेतमित्यपि ॥९६॥
१९५८ रीतिः स्त्रियामारकूटो न स्त्रियामथ ताम्रकम् ।
१९५९ शुल्वं म्लेक्षमुखं द्व्यष्टवरिष्ठोदुम्बराणि च ॥९७॥
१९६० लोहोऽस्त्री शस्त्रकं तीक्ष्णं पिण्डं कालायसायसी ।
१९६१ अश्मसारोऽथ मण्डूरं सिंघाणमपि तन्मले ॥९८॥
१९६२ सर्वं च तैजसं लोहं विकारस्त्वयसः कुशी ।
१९६३ क्षारः काचोऽथ चपलो रसः सूतश्च पारदे ॥९९॥
१९६४ गवलं माहिषं शृङ्गमभ्रकं गिरिजामले ।
१९६५ स्रोतोञ्जनं तु सौवीरं कापोताञ्जनयामुने ॥१००॥

१, हरिन्मणि ४ [४ पन्ना(रत्नविशेष)का नाम] शोणरत्न ३, लोहितक १, पद्मराग १ [३ माणिक(लाल)का नाम] मौक्तिक ३ ॥९२॥ मुक्ता २ [२ मोतीका नाम] विद्रुम १, प्रवाल ५ [२ मुँगाका नाम] रत्न ३, म(णी)णि ४ [२ रत्न (हिरा, पन्ना, माणिक आदि)का नाम] ॥९३॥ स्वर्ण ३, सुवर्ण ३, कनक ३, हिरण्य ३, हेमन् ३, हाटक ३, तपनीय ३, शात(कौ)कुम्भ ३, गाङ्गेय ३, भर्मन् ३, कर्बुर ३ ॥९४॥ चामीकर ३, जातरूप ३, महारजत ३, काञ्चन ३, रुक्म ३, कार्तस्वर ३, जाम्बूनद ३, अष्टापद ५ [१९ सुवर्ण(सुन)का नाम] ॥९५॥ शृङ्गीकनक ३ [१ गहनाका-सुवर्णको नाम] दुर्वर्ण ३, रजत ३, रुप्य ३, खर्जूर ३, श्वेत ३ [५ चाँदीका नाम] ॥९६॥ रीति २, आरकूट ५ [२ पितलका नाम] ताम्र ३, शुल्व ३, म्लेच्छमुख ३, द्व्यष्ट ३ (द्विष्ट ३), वरिष्ठ ३, उदुम्बर ३ (औदुम्वर ३) [६ तामाका नाम] ॥९७॥ लोह ५, शस्त्रक ३, तीक्ष्ण ३, पिण्ड ३, कालायस ३ (कृष्णायस ३), अयस् ३, अश्मसार १ [७ फलामका नाम] मण्डूर ३, सिङ्घाण ३ [२ कीटका नाम] ॥९८॥ तैजस ३, लोह ३ (लौह ३) [२ धातु(सुवर्णादि)का नाम] सुवर्णं रजतं ताम्रं रीतिः कास्यं तथा त्रपु ॥ सीसं कालायसं चैवमष्टौ लोहानि चक्षते ॥ सुन, चाँदी, तामा, पितल, काँसो, राङ्, सीसा, फलाम, यतीलाई लोह् भन्दछन्, भनि वैद्यशास्त्रमा भनेको छ ॥ कुशी २ [१ फाली(लोहविकार)-को नाम] क्षार १, काच १ [२ काँचका नाम] चपल १, रस १, सूत १, पारद १ [४ पाराका नाम] ॥९९॥ गवल ३ [१ भैंसी-राँगाका-सिङ्को नाम] प्रायः पारालाई भैंसिका-राँगाका सिङ्मा राख्तछन्, तेसै प्रसङ्गले पाराका नगीचमा ई

१९६६ तुत्थाञ्जनं शिखिग्रीवं वितुन्नकमयूरके ।
१९६७ कर्परी दार्विकाक्वाथोद्भवं तुत्थं रसाञ्जनम् ॥१०१॥
१९६८ रसगर्भं तार्क्ष्यशैलं गन्धाश्मनि तु गन्धकः ।
१९६९ सौगन्धिकश्च चक्षुष्याकुलाल्यौ तु कुलत्थिका ॥१०२॥
१९७० रीतिपुष्पं पुष्पकेतु पौष्पकं कुसुमाञ्जनम् ।
१९७१ पिञ्जरं पीतनं तालमालं च हरितालके ॥१०३॥
१९७२ गैरेयमर्थ्यं गिरिजमश्मजं च शिलाजतु ।
१९७३ बोलगन्धरसप्राणपिण्डगोपरसाः समाः ॥१०४॥
१९७४ हिण्डीरोऽब्धिकफः फेनः सिन्दूरं नागसंभवम् ।
१९७५ नागसीसकयोगेष्टवप्राणि त्रपु पिच्चटम् ॥१०५॥
११७६ रङ्गवङ्गे अथ पिचुस्तुलोऽथ कमलोत्तरम् ।
१९७७ स्यात्कुसुम्भं वह्निशिखं महारजनमित्यपि ॥१०६॥
१९७८ मेषकम्बल ऊर्णायुः शशोर्णं शशलोमनि ।
१९७९ मधु क्षौद्रं माक्षिकादि मधूच्छिष्टं तु सिक्थकम् ॥१०७॥

सिङ्को नाम लेखेको हो भनि टीकाकार महेश्वरले भनेको छ ॥ अभ्रक ३, गिरिज ३, अमल ३ (गिरिजामल ३) [३ अभ्रकका नाम] स्रोतोञ्जन ३, सौवीर ३, कापोताञ्जन ३, यामुन ३ [४ सुर्मा(आँखामा-लाउने औषधिविशेष)का नाम] ॥१००॥

तुत्थाञ्जन ३, शिखिग्रीद ३, वितुन्नक ३, मयूरक २, कर्परी ३ [५ तुत्थाञ्जन (आँखाको औषधि विशेष)का नाम] रसाञ्जन ॥१०१॥ रसगर्भ ३, तार्क्ष्यशैल ३ [३ रसाञ्जनका नाम] दार्वीक्वाथसमं क्षीरं पादं पक्त्वा यथा घनम् ॥ तदा रसाञ्जनं नाम नेत्रयोः परमं हितम् ॥ चुत्राका काढामा वरावर दूध मिलायेर ४ भागको १ भाग वाँकीराखेर पकायेको (तुत्थ) रसाञ्जन (चुत्राको रसाञ्जन) नेत्रलाई साह्रै हितगर्दछ भनि वैद्यशास्त्रमा भनेको छ ॥ गन्धाश्मन् १, गन्धक १, सौगन्धिक १ [३ गन्धकका नाम] चक्षुष्या २, कुलाली २, कुलत्थिका २ [३ गहतका नाम] ॥१०२॥ रीतिपुष्प २, पुष्पकेतु ३, पौ(पु)ष्पक ३, कुसुमाञ्जन ३ [४ पितलका-कीटका-अञ्जनका नाम] पिञ्जर ३, पीतन ३, ताल ३, आल ३, हरितालक ३ [५ हरितालका नाम] ॥१०३॥ गैरेय ३, अर्थ्य ३, गिरिज ३, अश्मज ३, शिलाजतु ३ [५ शिलाजीतका नाम] वोल १, गन्धरस १, प्राण १, पिण्ड १, गोपरस १ [५ वोल(औषधिविशेष)का नाम] नेपाली वोलीमा त्यसलाई वैद्यहरु वोलै भन्दछन् । हिन्दी वोलीमा ‘गन्धरस’ भन्दछन् ॥१०४॥ हिण्डीर १ (डिण्डीर १), अब्धिकफ १, फेन १ [३ समुद्रफेनका नाम] सिन्दूर ३, नागसंभव ३ [२ सिंदूरका नाम] नाग ३, सीसक ३, योगेष्ट ३, वप्र ३ [४ सीसाका नाम] त्रपु ३, पिच्चट ३ ॥१०५॥ रङ्ग ३, वङ्ग ३ [४ राङ्का नाम] पिचु १, तूल १ [२ रुवो(रुओ)-का नाम] कमलोत्तर ३, कुसुम्भ ३, वह्निशिख ३, महारजन ३ [४ कुसुमका नाम] ॥१०६॥ मेषकम्बल १, ऊर्णायु १ [२ भेडाका-रँउँको-काम्लो, पाखीका नाम]

१९८० मनःशिला मनोगुप्ता मनोह्वा नागजिह्विका ।
१९८१ नैपाली कुनटी गोला यवक्षारो यवाग्रजः ॥१०८॥
१९८२ पाक्योऽथ सर्जिकाक्षारः कापोतः सुखवर्चकः ।
१९८३ सौवर्चलं स्याद्रुचकं त्वक्क्षीरी वंशरोचना ॥१०९॥
१९८४ शिग्रुजं श्वेतमरिचं मोरटं मूलमैक्षवम् ।
१९८५ ग्रन्थिकं पिलपलीमूलं चटकाशिर इत्यपि ॥११०॥
१९८६ गोलोमी भूतकेशो ना पत्राङ्गं रक्तचन्दनम् ।
१९८७ त्रिकटु त्र्यूषणं व्योषं त्रिफला तु फलत्रिकम् ॥१११॥

इति वैश्यवर्गः ॥९॥

शशोर्ण ३, शशलोमन् ३ [२ खरायोका रँउँका नाम] मघु ३ (५) क्षौद्र ३, माक्षिक ३ [३ मौरीले वनायेका-महका नाम] त्यस्तै-भँवरा, पुतलीले वनायेको-महलाई क्रमैले 'भ्रामर, पौत्तिक' भन्दछन् ॥ मधूच्छिष्ट ३, सिक्थक ३ [२ मइनका नाम] ॥१०७॥

मनःशि(ल)ला २, मनोगुप्ता २, मनोह्वा २, नागजिह्विका २, नैपाली २, कुनटी २, गोला २ [७ मनशिलाका नाम] यवक्षार १, यवाग्रध १ ॥१०८॥ पाक्य १ [३ जवाखार(औषधिविशेष)का नाम] ॥ स(स्व)र्जिकाक्षार १, कापोत १, सुखवर्चक १, सौवर्चल ३, रुचक ३ [५ साज्जीखार(प्रसिद्ध औषधिविशेष)का नाम] त्वक्क्षीरी २, वंशरोचना २ [२ वंशलोचनका नाम] ॥१०९॥ शिग्रुज ३, श्वेतमरिच ३ [२ सेतो-मरीचका नाम] मोरट ३ [१ उखुका जराको नाम] ग्रन्थिक ३, पिप्पलीमूल ३, चटकाशिरस् ३ [३ पिप्लाका-जरा(पिपलामूल)को नाम] ॥११०॥ गोलोमी २, भूतकेश १ [२ जटामसीका नाम] पत्राङ्ग ३, रक्तचन्दन ३ [२ वकम् (रातो-चन्दन-जस्तो-औषधिविशेष)का नाम] त्रिकटु ३, त्र्यूषण ३ (त्र्युषण ३), व्योप ३ [३ त्रिकटु (सूँठो मरीच, पिप्ला, ई ३)का नाम] त्रिफला २, फलत्रिक ३ [२ त्रिफला (हर्रो, वर्रो, अमला)का नाम] ॥१११॥

इति वैश्यवर्गः ॥९॥

१९८८ शूद्राश्चावरवर्णाश्च वृषलाश्च जघन्यजाः ।
१९८९ आचण्डालात्तु संकीर्णा अम्बष्ठकरणादयः ॥१॥
१९९० शूद्राविशोस्तु करणोऽम्बष्ठो वैश्याद्विजन्मनोः ।
१९९१ शूद्राक्षत्रिययोरुग्रो मागधः क्षत्रियाविशोः ॥२॥
१९९२ माहिष्योऽर्याक्षत्रिययोः क्षत्ताऽर्याशूद्रयोः सुतः ।
१९९३ ब्राह्मण्यां क्षत्रियात्सूतस्तस्यां वैदेहको विशः ॥३॥
१९९४ रथकारस्तु माहिष्यात्करण्यां यस्य संभवः ।
१९९५ स्याच्चण्डालस्तु जनितो ब्राह्मण्यां वृषलेन यः ॥४॥
१९९६ कारुः शिल्पी संहतैस्तैर्द्वयोः श्रेणिः सजातिभिः ।
१९९७ कुलकः स्यात्कुलश्रेष्ठी मालाकारस्तु मालिकः ॥५॥
१९९८ कुम्भकारः कुलालः स्यात्पलगण्डस्तु लेपकः ।
१९९९ तन्तुवायः कुविन्दः स्यात्तुन्नवायस्तु सौचिकः ॥६॥
२००० रङ्गाजीवश्चित्रकरः शस्त्रमार्जोऽसिधावकः ।
२००१ पादूकृच्चर्मकारः स्याद्व्योकारो लोहकारकः ॥७॥

शूद्र १, अवरवर्ण १, वृषल १, जघन्यज १ [४ शूद्रका नाम] सङ्कीर्ण १ [१ संकर (अंवष्ठ, करण, आदि)को नाम] अंबष्ठ, करण, प्रभृतिको अर्थ लेख्नेवेला भयो ॥१॥ करण १ [१ करण (शूद्रामा जन्मेका वैश्य सन्तान)को नाम] अम्बष्ठ १ [१ अम्बष्ठ (वैश्यामा जन्मेका ब्राह्मण सन्तान)को नाम] उग्र १ [१ उग्र (शूद्रामा जन्मेका क्षत्रिय सन्तान)को नाम] मागध १ [१ मागध (क्षत्रियामा जन्सेका वैश्य सन्तान)को नाम] ॥२॥ माहिष्य १ [१ माहिष्य (वैश्यामा जन्मेका क्षत्रिय सन्तान)को नाम] क्षतृ १ [१ क्षत्ता (बैश्यामा जन्मेका शूद्र सन्तान)को नाम] सूत १ [१ सूत (ब्राह्मणीमा जन्मेका क्षत्रिय सन्तान)को नाम] वैदेहक १ [१ वैदेहक (ब्राह्मणीमा जन्मेका वैश्य सन्तान)को नाम] ॥३॥ रथकार १ [१ रथकार (शूद्रामा जन्मेकी वैश्यकन्यामा-वैश्यामा जन्मेका क्षत्रियपुत्रले जन्मायेका सन्तान)को नाम] चण्डाल १ (चाण्डाल १) [२ चाण्डाल (ब्राह्मणीमा शूद्रले जन्मायेको सन्तान)का नाम] ॥४॥ कारु १, शिल्पिन् १ [२ कालीगडका नाम] श्रेणि ४ [१ कालीगडैकालीगडका-समूहको नाम] कुलक १ (कुलिक १) [१ मुख्यकालीगड (नाइके)को नाम] मालाकार १, मालिक १ [२ मालीका नाम] ॥५॥ कुम्भकार १, कुलाल १ [२ कुह्मालेका नाम] पलगण्ड १, लेपक १ [२ पोत्नेकालीगड (लिउनकर्मी-वज्रकर्मी)का नाम] तन्तुवाय १ (तन्त्रवाय १, तन्त्रवाप १, तन्द्रवाय १, तन्द्रवाप १), कुविन्द १ (कुपिन्द १) [२ जोलाहा (लुगाबुन्ने)का नाम] तुन्नवाय १, सौचिक १ [२ सूचीकारका नाम] ॥६। रङ्गाजीव १, चित्रकर १ [२ चित्रकारीका नाम] शस्त्रमार्ज १, असिधावक १ [२ तरवार-प्रभृतिहथियार-सफा गर्नेका नाम] पादूकृत् १, चर्मकार १ [२ सार्कीका नाम] व्योकार १, लोहकार(क) १ [२ कामीकौका नाम] ॥७॥

२००२ नाडिंधमः स्वर्णकारः कलादो रुक्मकारकः ।
२००३ स्याच्छांखिकः काम्बविकः शौल्बिकस्ताम्रकुट्टकः ॥८॥
२००४ तक्षा तु वर्धकिस्त्वष्टा रथकारश्च काष्ठतट् ।
२००५ ग्रामाधीनो ग्रामतक्षः कौटतक्षोऽनधीनकः ॥९॥
२००६ क्षुरी मुण्डी दिवाकीर्तिनापितान्तावसायिनः ।
२००७ निर्णेजकः स्याद्रजकः शौण्डिको मण्डहारकः ॥१०॥
२००८ जावालः स्यादजाजीवो देवाजीवस्तु देवलः ॥
२००९ स्यान्माया शाम्बरी मायाकारस्तुप्रातिहारिकः ॥११॥
२०१० शैलालिनस्तु शैलूषा जायाजीवाः कृशाश्विनः ।
२०११ भरता इत्यपि नटाश्चारणास्तु कुशीलवाः ॥१२॥
२०१२ मार्दङ्गिका मौरजिकाः पाणिवादास्तुपाणिघाः ।
२०१३ वेणुध्माः स्युर्वैणविका वीणावादास्तु वैणिकाः ॥१३॥
२०१४ जीवान्तकः शाकुनिको द्वौ वागुरिकजालिकौ ।
२०१५ वैतंसिकः कौटिकश्च मांसिकश्च समं त्रयम् ॥१४॥

नाडिन्धम १, स्वर्णकार १, कलाद १, रुक्मकार(क) १ [४ सुन्चाँदीको कारीगर(वाँडा सुनार)का नाम] शाङ्खिक १, काम्बविक १ [२ शंखको गहना-प्रभृति-बनाउने-कालीगडका नाम] शौल्बिक १, ताम्रकुट्टक १ [२ कसाल् (ताँमाँका-माँडा-बनाउने)का नाम ॥८॥ तक्षन् १, वर्धकि १, त्वष्टृ १, रथकार १, काष्ठतक्ष् १ [५ काठका कालीगड(सिकर्मी)का नाम] ग्रामतक्ष १ [१ गाँउँलेसित-वालीलियेर-अधीनभई-काम-गर्ने-सिकर्मीको नाम] कौटतक्ष १ [१ स्वतंत्र (आफुखुसी) सिकर्मीको नाम] ॥९॥ क्षुरि १ (क्षुरिन् १), मुण्डि १ (मुण्डिन् १), दिवाकीर्ति १, नापित १, अन्तावसायिन् १ [५ नाउ (हजाम)का नाम] निर्णेजक १, रजक १ [२ धोबीका नाम] शौण्डिक १, मण्डहारक १ [२ सुँढी (जाँडराख्ने)का नाम] ॥१०॥ जावाल १, अजाजीव १ [२ वोकावाख्रा-वेच्बिखन् गरेर-जिउजहानपाल्नेका नाम] देवाजीव १ (देवाजीविन् १), देवल १ [२ पूजारी (ज्यालालियेर-पूजागर्ने)का नाम] माया २, शाम्बरी २ [२ चटक्का नाम] मायाकार १, प्रतिहारक १ (प्रातिहारिक १, प्रतिहारिक १) [२ चटकगर्ने-का नाम] ॥११॥ शैलालिन् १, शैलूष १, जायाजीव १, कृशाश्विन् १, भरत १, नट १ [६ नटुवा (नाच्ने)का नाम] चारण १, कुशीलव १ [२ कत्थकका नाम] ॥१२॥ मार्दङ्गिक १, मौरजिक १ [२ मृदङ्ग-बजाउन-सिपालुका नाम] पाणिवाद १, पाणिघ १ [२ ताल्(ताली)बजाउन जान्नेका नाम] वेणुध्म १, वैणविक १ [२ वाँसुरी-बजाउन सिपालुका नाम] वीणावाद १, वैणिक १ [२ वीणा वजाउनसिपालुका नाम] ॥१३॥ जीवान्तक १ (जीवन्तिक १), शाकुनिक १ [२ पक्षीका-सिकार-गर्नेका नाम] वागुरिक १, जालिक १ [२ जाल्हाल्ने(थाप्ने)सिकारीका नाम] वैतंसिक १, कौटिक १, मांसिक १ [३ मासु वेच्ने(वकरकसाई)का नाम] ॥१४॥

२०१६ भृतको भृतिभुक् कर्मकरो वैतनिकोऽपि सः ।
२०१७ वार्तावहो वैवधिको भारवाहस्तु भारिकः ॥१५॥
२०१८ विवर्णः पामरो नीचः प्राकृतश्च पृथग्जनः ।
२०१९ निहीनोऽपसदो जाल्मः क्षुल्लकश्चेतरश्च सः ॥१६॥
२०२० भृत्ये दासेरदासेयदासगोप्यकचेटकाः ।
२०२१ नियोज्यकिंकरप्रैष्यभुजिष्यपरिचारकाः ॥१७॥
२०२२ पराचितपरिस्कन्दपरजातपरैधिताः ।
२०२३ मन्दस्तुतुन्दपरिमृजआलस्यः शीतकोऽलसोऽनुष्णः ॥१८॥
२०२४ दक्षे तु चतुरपेशलपटवः सूत्थान उष्णश्च ।
२०२५ चण्डालप्लवमातङ्गदिवाकीर्तिजनंगमाः ॥१९॥
२०२६ निषादश्वपचावन्तेवासिचाण्डालपुक्कसाः ।
२०२७ भेदाः किरातशबरपुलिन्दा म्लेच्छजातयः ॥२०॥

भृतक १, भृतिभुज् १, कर्मकर १, वैतनिक १ [४ ज्यालादार-जागीरदारका नाम] वार्तावह १, वै(वि)वधिक १ [२ खबर-पुऱ्याउनेका नाम] भारवाह १, भारिक १ [२ भारि-वोक्नेका नाम] ॥१५॥ विवर्ण १, पामर १, नीच १, प्राकृत १, पृथग्जन १, निहीन १, अपसद १, जाल्म १, क्षुल्लक १, इतर १ [१० हल्का (सानु)मानिसका नाम] ॥१६॥ भृत्य १, दासेय १, दासेर १, दास १, गोप्यक १, चेटक १, नियोज्य १, किङ्कर १, प्रै(प्रे)ष्य १, भुजिष्य १, परिचारक १ [११ चाकर-का नाम] ॥१७॥ पराचित १ (पराजिन १), पारिस्क(ष्क)न्द १ (परिस्कन्न १), परजात १, परैधित १ [४ भतुवाका नाम] मन्द १, तुन्दपरिमृज १, आलस्य १, शीतक १, अलस १ (आलस १), अनुष्ण १ [६ अल्छीका नाम] ॥१८॥ दक्ष १, चतुर १, पेशल १, पटु १, सूत्थान १, उष्ण १ [६ चतुरा-जाङरियेका नाम] चण्डाल १, प्लव १, मातङ्ग १, दिवाकीर्ति १, जनङ्गम १ (जलङ्गम १) ॥१९॥ निषाद १, श्व(वाक)पच १, अन्तेवासिन् १, चाण्डाल १, पुक्क(ल्क)स १ [१० चण्डाल(पोडे)-का नाम] किरात १, शबर १, पुलिन्द १ [३ चण्डाल-बिशेषका १।१ नाम] ई सव जङ्गलमा-रहन्छन्, इन्लाई 'म्लेच्छ' पनि भन्दछन् ॥ गोमाँसभक्षको यस्तु लोकबाह्यं च भाषते ॥ सर्वाचारविहीनोऽसौ म्लेच्छ इत्यभिधीयते ॥ गाईको मासुपनि खाने, बोली बेग्लै बोल्ने, केही आचार नभयेका चण्डालविशेषलाई 'म्लेच्छ' भन्दछन् ॥२०॥

---

(१) तेह्रौं श्लोकका मार्दङ्गिक-मौरजिक शब्ददेखी यहाँसम्मका शब्द पुंलिङ्ग भनि "प्रायशोरूपभेदेन" भन्ने परिभाषाका अनुरोधले लेखिये ता पनि विवक्षानुसार स्त्रीलिङ्ग क्लीवलिङ्गमा पनि रहन शक्तछन्, जस्तै—मृदङ्गवजाउन जान्ने स्त्री छ भने मार्दङ्गिकी, वीणावजाउनजान्ने स्त्री छ भने वैणिकी इत्यादि जान्नुपर्दछ, यसै वर्गका सैंतालिसौं श्लोकवाट यो कुरा प्रमाणसिद्ध हुन आउँछ।

२०२८ व्याधो मृगवधाजीवो मृगयुर्लुब्धकोऽपि सः ।
२०२९ कौलेयकः सारमेयः कुक्कुरो मृगदंशकः ॥२१॥
२०३० शुनको भषकः श्वा स्यादलर्कस्तु स योगितः ।
२०३१ श्वा विश्वकद्रुर्मृगयाकुशलः सरमा शुनी ॥२२॥
२०३२ विट्चरः सूकरो ग्राम्यो वर्करस्तरुणः पशुः ।
२०३३ आच्छोदनं मृगव्यं स्यादाखेटो मृगया स्त्रियाम् ॥२३॥
२०३४ दक्षिणारुर्लुब्धयो गाद्दक्षिणेर्मा कुरङ्गकः ।
२०३५ चौरैकागारिकस्तेनदस्युतस्करमोषकाः ॥२४॥
२०३६ प्रतिरोधिपरास्कन्दिपटच्चरमलिम्बुचाः ।
२०३७ चौरिका स्तैन्यचौर्ये च स्तेयं लोप्त्रं तु तद्धने ॥२५॥
२०३८ वीतंसस्तूपकरणं बन्धने मृगपक्षिणाम् ।
२०३९ उन्माथः कूटयन्त्रं स्याद्वागुरा मृगबन्धिनी ॥२६॥
२०४० शुल्बं वराटकः स्त्री तु रज्जुस्त्रिषु वटी गुणः ।
२०४१ उद्घाटनं घटीयन्त्रं सलिलोद्वाहनं प्रहेः ॥२७॥
२०४२ पुंसि वेमा वापदण्डः सूत्राणि नरि तन्तवः ।
२०४३ वाणिर्व्यूतिः स्त्रियौ तुल्ये पुस्तं लेप्यादिकर्मणि ॥२८॥

व्याध १, मृगवधाजीव १, मृगयु १, लुब्धक १ [४ ब्याधाका नाम] कौलेयक १, सारमेय १, कुक्कुर १ (कुकुर १, कुर्कुर १) मृगदंशक १ ॥२१॥ शुनक १, भषक १, श्वन् १ [७ कुकुरका नाम] अलर्क १ [१ बहुलायेका-कुकुर्को नाम] विश्वकद्रु १ [१ सिकारी-कुकुर्को नाम] सरमा २, शुनी २ [२ कुकुर्नीका नाम] ॥२२॥ विट्चर १ [१ सुङ्गुरको नाम] वर्कर १ [१ तरुण(जवान)पशुको नाम] आच्छोदन ३, मृगव्य ३, आखेट १ (आखोड १) मृगया २ [४ सिकारका नाम] ॥२३॥ दक्षिणेर्मन् १ [१ ब्याधाले दाहिने-पट्टी-घाइते पारेका मृग (जनावर)-को नाम] चौर १, ऐकागारिक १, स्तेन १, दस्यु १, तस्कर १, मोषक १ ॥२४॥ प्रतिरोधिन्, १, परास्कन्दिन् १, पटच्चर १ (पाटच्चर १), मलिम्लुच १ [१० चोरका नाम] चौरिका २ (चोरिका २), स्तैन्य ३, चौर्य ३, स्तेय ३ [४ चोरी-(चोरिनु)का नाम] लोप्त्र ३ (लोत्र) [१ चोरीका धन(दसी)को नाम] ॥२५॥ वीतंस १ (वित्तंस १) [१ सिकारका-सर्जाम्को नाम] उन्माथ १ [१ खोरको नाम] वागुरा २, मृगबन्धिनी २ [२ मृगहरु-बल्झाउने-पासाका नाम] ॥२६॥ शुल्ब ३ (शुल्वा, २ शुल्वी २) वराटक १ (३) रज्जु २, वटी ७, गुण १ [५ डोरीका नाम] उद्घाटन ३, घटीयन्त्र ३ [२ रहट(इनारबाट पानी झिक्न गाग्रा डोल बाल्टी झुन्डाइने काठ, बाँस)का नाम] ॥२७॥ वेमन् १, वाप(य)दण्ड १ [२ वेमा(लुगाबुन्दा-गजपट्टीठोक्ने-चेप्टो-काठ)का नाम] तन्तु १ [१ धागाको नाम] वाणि २, व्यूति २ [२ वस्त्र-बुन्नाका नाम] पुस्त ३ [१ माटो, काठ, लुगा, प्रभृतिले पुतली(खेलाउना) बनाउनाको नाम] ॥२८॥

२०४४ पाञ्चालिका पुत्रिका स्याद्वस्त्रदन्तादिभिः कृता ।
२०४५ जतुत्रपुविकारे तु जातुषं त्रापुषं त्रिषु ॥२९॥
२०४६ पिटकः पेटकः पेटा·मञ्जूषाऽथ विहङ्गिका ।
२०४७ भारयष्टिस्तदालम्बि शिक्यं काचोऽथ पादुका ॥३०॥
२०४८ पादूरुपानत्स्त्री सैवानु पदीना पदायता ।
२०४९ नध्री वर्ध्री वरत्रा स्यादश्वादेस्ताडनी कशा ॥३१॥
२०५० चाण्डालिका तु कण्डोलवीणा चण्डालवल्लकी ।
२०५१ नाराची स्यादेषणिका शाणस्तु निकषः कषः ॥३२॥
२०५२ व्रश्चनः क्षत्रपरशुरीषिका तुलिका समे ।
२०५३ तैजसावर्तनी मूषा भस्त्रा चर्मप्रसेविका ॥३३॥
२०५४ आस्फोटनी वेधनिका कृपाणी कर्तरी समे ।
२०५५ वृक्षादनी वृक्षभेदी टंकः पाषाणदारणः ॥३४॥

पाञ्चालिका २, पुत्रीका २ [२ लुगा-हाथीदाँत, प्रभृतिले-बनायेका-पुतलीका नाम] जातुष ७ [१ लाहको विकार-भयेका(लाहाले वनायेका) वस्तुको नाम] त्रापुष ७ [१ सीसाको-विकार भयेका(सीसाले वनायेका) वस्तुको नाम] ॥२९॥ पिटक १, पेटक १, पेटा २ (पेडा २), मञ्जूषा २ [४ पेटाराका नाम] आजकाल सन्दूस, कन्तूर, वाकस, व्यागहरुलाई कहँदा पनि सामान्य इनै ४ शब्दको प्रयोग गर्दछन् ॥ विहङ्गिका २ (विहङ्गमा २), भारयष्टि २ [२ नोल (भारि झुन्डाउने वाँस-काठ)का नाम] शिक्य ३, काच १ [२ नोलमा २तिर झुन्डायेको-भारि अड्याउने भाँडा (खर्पन)का नाम] घरैमा केही राख्न झुन्डायेको डोरो (सिका)लाई कहँदा पनि ई २ शब्दको प्रयोगगर्नु ॥ पादुका २ ॥३०॥ पादू २, उपानह् २ [३ जुत्ताका नाम] पादुका, पादू, ई २ शब्दले खराउलाई पनि कहन्छन् ॥ अनुपदीना २ [१ सवैखुट्टा-ढाक्ने-जुत्ताविशेष (अर्थात् मोजा)का नाम] नध्री २, वर्ध्री २, वरत्रा २ [३ छालाको डोरी (कोडा)का नाम] कशा २ [१ सामान्य-कोडाको नाम] ॥३१॥ चाण्डालिका २ (चण्डालिका २), कण्डोलवीणा २ (कण्टोलवीणा २) (कण्डोली २), चण्डालवल्लकी [३ चण्डालले-वजाउने-वीणा (सारङ्गी)को नाम] नाराची २, एषणिका २ [२ काँटा (सुन् चाँदी जोख्ने)का नाम] शाण १, निकष १, कष १ [३ कसी (सुन्जाच्नेढुङ्गा)का नाम] ॥३२॥ व्रश्चन १, क्षत्रपरशु १ (पत्रपरशु १) [२ सुन्-चाँदी-काटने-छिनुका नाम] एषिका २ (ईषिका २, इषिका २), तूलिका २ [सुन्मा-वान्गी चढाउँदा, मसला-लाउने सानु कूचीको नाम] तैजसावर्तनी २, मूषा २ (मुषा २) [२ सुन् चाँदी पगाल्ने-भाँडाका कटौरीका नाम] भस्त्रा २, चर्मप्रसेविका २ (चर्मप्रसेवक १) [२ खलाँतीका नाम] ॥३३॥ आ(ला)-स्फोटनी २, वेधनिका २ [२ मोतीहरु-छेडनेसुइराका नाम] कृपाणी २, कर्तरी २ [२ कतर्नु (कतर्नी, कैची)का नाम] वृक्षादन १, वृक्षभेदिन् १ [२ वोसिला (काठ-ताछ्नेहथियार)का नाम] टङ्क १, पाषाणदारण १ [२ टाँका (ढुङ्गा काटने हथियार)-

२०५६ क्रकचोऽस्त्री करपत्रमारा चर्मप्रभेदिका ।
२०५७ सूर्मी स्थूणाऽयःप्रतिमा शिल्पं कर्म कलादिकम् ॥३५॥
२०५८ प्रतिमानं प्रतिबिम्बं प्रतिमा प्रतियातना प्रतिच्छाया ।
२०५९ प्रतिकृतिरर्चा पुंसि प्रतिनिधिरुपमोपमानं स्यात् ॥३६॥
२०६० वाच्यलिङ्गाः समस्तुल्यः सदृक्षः सदृशः सदृक् ।
२०६१ साधारणः समानश्च स्युरुत्तरपदे त्वमी ॥३७॥
२०६२ निभसंकाशनीकाशप्रतीकाशोपमादयः ।
२०६३ कर्मण्या तु विधाभृत्याभृतयो भर्म वेतनम् ॥३८॥
२०६४ भरण्यं भरणं मूल्यं निर्वेशः पण इत्यपि ।
२०६५ सुरा हलिप्रिया हाला परिस्रुद्वरुणात्मजा ॥३९॥
२०६६ गन्धोत्तमा प्रसन्नेराकादम्बर्यः परिस्रुता ।
२०६७ मदिरा कश्यमद्ये चाप्यवदंशस्तु भक्षणम् ॥४०॥
२०६८ शुण्डा पानं मदस्थानं मधुवारा मधुक्रमाः ।
२०६९ मध्वासवो माधवको मधुमार्द्वीकमद्वयोः ॥४१॥

का नाम] ॥३४॥ क्रकच ५, करपत्र ३ [२ करौंतीका नाम] आरा २, चर्मप्रभेदिका २ [२ वागं (छालाकाट्ने हथियार)का नाम] सू(र्मि)र्मी २, स्थूणा २, अयःप्रतिमा २ [३ फलामका मूर्ति(इस्टाचू)का नाम] शिल्प ३ [१ सीप् (नृत्यगीतादि चातुर्य)को नाम] ॥३५॥ प्रतिमान ३, प्रतिबिम्ब ३, प्रतिमा २, प्रतियातना २, प्रतिच्छाया २, प्रतिकृति २, अर्चा २, प्रतिनिधि १ [८ प्रतिविम्ब (परछाई)का नाम] उपमा २, उपमान ३ [२ सादृश्य (बरावरी)का नाम] ॥३६॥ सम ७, तुल्य ७, सदृक्ष ७, सदृश ७, सदृश् ७, साधारण ७, समान ७ [७ तुल्य (बरोवर)का नाम] ॥३७॥ निभ ७, संकाश ७, नीकाश ७, प्रतीकाश ७, उपमा ७ [५ तुल्य (वरोवरै)का नाम] हुन्, तर–अघिका ७ शब्द, तुल्यलाई कहँदा पूर्वमा पनि रहन सक्छन् जस्तै—समो हरिणा (हरिले तुल्य) यहाँ सम शब्द पूर्वतिर रह्यो, परतिर पनि रहन्छ, हरिणा समः ई ५ शब्द ता, केवल समासमा उत्तरपद भइकन-मात्रै रहन्छन्, तुल्यलाई कहँदा केवल इन्को प्रयोग हुँदैन जस्तै–विष्णु निभः (विष्णुले तुल्य) यस्तोमात्रै हुन्छ, निभः विष्णुना, यस्तो हुँदैन, यसै कारणले ई शब्दको-प्रयोग-भयेका-ठाँउमा अस्वपद-विग्रह गरेर समास गर्दछन् ॥ कर्मण्या २, विधा २, भृत्या २, भृति २, भर्मन् ३, वेतन ३ ॥३८॥ भर(ण्या)ण्य ३, भरण ३, मूल्य ३, निर्वेश १, पण १ [११ ज्यालाका नाम] सुरा २, हलिप्रिया २, हाला २, परिस्रुत् २, वरुणात्मजा २ ॥३९॥ गन्धोत्तमा २, प्रसन्ना २, इरा २, कादम्बरी २, परिस्रुता २, मदिरा २, कश्य ३, मद्य ३ [१३ मदिरा (रक्सी)का नाम] अवदंश १ [१ मदिरामा-अरुचिहुँदा रुचिवढाउन-खाइने-वस्तुको नाम] ॥४०॥ शुण्डा २, पान ३, मदस्थान ३ [३ मदिरा-राख्ने-ठाँउँका नाम] मधुवार १, मधुक्रम १ [२ मदिरापान-गर्दा हुने दशा छाँटका नाम] मध्वासव १, माधवक १, मधु ३ (५) मार्द्वीक ३,

२०७० मैरेयमासवः शीधुर्मेदको जगलः[1] समौ ।
२०७१ संधानं स्यादभिषवः किण्वंपुंसितु[2] नग्नहूः ॥४२॥
२०७२ कारोत्तरः सुरामण्ड आपानं पानगोष्ठिका ।
२०७३ चषकोऽस्त्री पानपात्रं सरकोऽप्यनुतर्षणम् ॥४३॥
२०७४ धूर्तोऽक्षदेवी कितवोऽक्षधूर्तो द्यूतकृत्समाः ।
२०७५ स्युर्लग्नकाः प्रतिभुवः सभिका द्यूतकारकाः ॥४४॥
२०७६ द्यूतोऽस्त्रियामक्षवती कैतवं पण इत्यपि ।
२०७७ पणोऽक्षेषु ग्लहोऽक्षास्तु देवना पाशकाश्च ते ॥४५॥
२०७८ "शारोऽक्षगुटिका शारिः शारिका सारिकेत्यपि" ।
२०७९ परिणायस्तु शारीणां समन्तान्नयनेऽस्त्रियाम् ।
२०८० अष्टापदं शारिफलं प्राणिद्यूतं समाह्वयः ॥४६॥

माध्वीक ३ [४ मौवाका-रक्सीका नाम] कसैरले, 'मधु, मार्द्वीक, ई २ शब्दले दाखका मदिरालाई कहन्छन्' भनेको छ। योग्य पनी हो॥४१॥

मैरेय ३, आसव १, शी(सी)धु १ [३ इक्षु(उखुका)रसको-विकार-भयेका र, शाक(साग)को-विकार-भयेका-मदिराका नाम] मेदक १, जगल १ [२ मदिराका-कट-(छोक्रा)का नाम[1]] सन्धान ३, अभिषव १ [२ मदिरा-वनाउने-तर्कीवका नाम] किण्व ३ (कण्व ३) नग्नहू १ [२ मदिरा वनाउँदा हाल्नु पर्ने मसालाका नाम[2]] ॥४२॥ कारोत्तर १ (कारोत्तय १), सुरामण्ड १ [२ मदिराका-माडका नाम] आपान ३, पानगोष्ठिका २ (पानगोष्ठी २) [२ रक्सी जाँड पिउनेको सभा (वैठक)का नाम] चषक ५, पानपात्र ३ [२ रक्सी-पिउने-भाँडाका नाम] सरक १, अनुतर्षण ३ [२ मदिरापान गर्नाका नाम] ॥४३॥ धूर्त १ (धार्त १), अक्षदेविन् १, कितव १, अक्षधूर्त १, द्यूतकृत् १ [५ जुवारी(जुवाखेल्ने)का नाम] लग्नक १, प्रतिभू १ [२ जमानी(यस्ले तिरेनभने-म तिरुला भन्ने)का नाम] सभिक १, द्यूतकारक १ [२ जूवा खेलाउने खाल राख्नेका नाम] ॥४४॥ द्यूत ५, अक्षवती २, कैतव ३, पण १ [४ जूवाका नाम] पण १, ग्लह १ [२ थपनीका नाम] अक्ष १, देवन १, पाशक १ [३ पासाका नाम] "शार १, अक्षगुटिका २, शारि २, शारिका २, सारिका २ [५ गोटीका नाम]" ॥४५॥ परिणाय ५ [१ गोटी चाल्नाको नाम] अष्टापद ३, शारिफल ३ [२ थर्कीका नाम] प्राणिद्यूत ३, समाह्वय १ [२ प्राणिद्यूत(वाजीथापेर वट्टाई-भेडा-तित्रा प्रभृति लडाउनु, घोडा दौडाउनु इत्यादि जूवा)का नाम] ॥४६॥ यसवर्गमा-मालाकार, मार्दङ्गिक, आदिगरेका यौगिक (नाम-वमोजीम-काम-भयेका) शब्द, प्रायः पुंलिङ्गमा ज्यादा प्रयोग देखियेको

---

(१) कोहो—मेदक १, जगल १ [२ जाँडका नाम] हुन् भन्छन् ।
(२) कोही—किण्व ३, नग्नहू १ [२ रक्सी-जाँड खायेपछी हुने रक्सीवाज-जँड्याहाहरुको नग्ननृत्य (वेशर्मी हाहाहूहू)का नाम] हुन् भन्दछन् ।

उक्ता भूरिप्रयोगत्वादेकस्मिन्येऽत्र यौगिकाः ।
ताद्धर्म्यादन्यहो वृत्तावूह्या लिङ्गान्तरेऽपि ते ॥४७॥

इति शूद्रवर्गः ॥१०॥

हुनाले पुंलिङ्गमा लेखिये, तथापि (तैपनि) नामवमोजीं-काम-हुने स्त्री, अथवा कुल छ भने क्रमैले स्त्री० लि०, न० लि० पनि हुन्छ, जस्तै—मालाकारी—स्त्री मालाकारं कुलम् । यहाँ मालावनाउन स्त्री-र-कुल २ दुवैले सक्ने हुनाले मालाकारशब्द दुवै २ लिङ्गमा रह्यो । यस्तै अरु यौगिक शब्दमा पनि विचार गर्नु ॥४७॥

इति शूद्रवर्गः ॥१०॥

इत्यमरसिंहकृतौ नामलिङ्गानुशासने ।
द्वितीयः काण्डो भूम्यादिः साङ्ग एव समर्थितः ॥

अङ्ग (प्रधान, मुख्यका-नाम-लेखदाचाहिने)का
नाम-समेत भूमी-आदिगरेका १० वर्गले,
द्वितीयकाण्ड समाप्त भयो ॥

अलब्योचिताध्यापकानां शिशूनां धियः शुद्धिमाधातुमेषा प्रणीता ।
निबन्धेऽमरस्य द्वितीयेऽत्र काण्डे स्वयंबोधिनी पूर्णभावं प्रपन्ना ॥२॥

॥ इति शिवम् ॥

अथ

तृतीयं काण्डम्

विशेष्यनिघ्नैः संकीर्णैर्नानार्थैरव्ययैरपि ।
लिङ्गादिसंग्रहैर्वर्गाः सामान्ये वर्गसंश्रयाः ॥१॥
स्त्रीदाराद्यैर्यद्विशेष्यं यादृशैः प्रस्तुतं पदैः ।
गुणद्रव्यक्रियाशब्दास्तथा स्युस्तस्य भेदकाः ॥२॥

सामान्ये (साधारण शब्दका-संग्रहले-युक्त भयेका-यस-काण्डमा) विशेष्यनिघ्नैः (विशेष्यवाचकशब्दका-अनुसार-लिङ्गहुने-शब्दले) संकीर्णैः (परस्परमा-सम्बन्ध, नभयेका-छ्यासमिस-गरियेका-शब्दले) नानार्थैः (अनेक-अर्थ-हुने-शब्दले) अव्ययैः (अव्यय आ, च, इत्यादि शब्दले) लिङ्गादिसंग्रहैः (प्रत्ययादिद्वारा-लिङ्गको-परिचय-हुने-शब्दले) वर्गसंश्रयाः (पूर्वोक्त-स्वर्गवर्गादिमा-कहियेका-वस्तुको-सम्बन्धभयेका) वर्गाः (सजातीयवस्तुवाचक-शब्दका-समूह) "वक्ष्यन्ते" (बताइनेछन्) ॥१॥

यादृशैः स्त्रीदाराद्यैः पदैः यत् विशेष्यं प्रस्तुतम् (जस्ता स्त्री-दार-कलत्र-आदि-गरेका-पदले जो-विशेष्य राखियेको छ) तस्य भेदकाः गुण-द्रव्य-क्रियाशब्दाः तथा स्युः (त्योविशेष्यका-विशेषणरूपभयेका-गुणोपाधिक-द्रव्योपाधिक-क्रियोपाधिक-शब्द त्यस्तै (विशेष्यका-लिङ्ग-वचन-जस्ता-छन्-त्यस्तै-लिङ्गवचन हुने) हुन्छन् ।

(१) **गुणोपाधिकशब्दको विशेष्यनिघ्नता**—सुकृती पुरुषः, सुकृतिनी नारी, सुकृति कुलम् । पुण्यवान् पुरुषः, पुण्यवती नारी, पुण्यवत् कुलम् । यहाँ विशेष्यवाचक-पुरुष, नारी, कुल-शब्दको-वमोजीम सुकृतिन्-पुण्यवत्-ईरविशेषणका लिङ्गवचन भये । सुकृतिन्-पुण्यवत्-शब्द सुकृत(पुण्य)रूप-गुणको-सम्बन्ध-वुझाउने गुणोपाधिक हुन्न्, इत्यादि ।

द्रव्योपाधिकशब्दको विशेष्यनिघ्नता—आयुष्मान् पुरुषः, आयुष्मती नारी, आयुष्मत् कुलम् । यहाँ विशेष्यवाचक-पुरुष-नारी-कुल-शब्दवमोजीम आयुष्मत्-शब्द तिनै-लिङ्गमा रह्यो, योशब्द आयूरूपद्रव्योपाधिक हो ।

क्रियोपाधिकशब्दको विशेष्यनिघ्नता—पाचकः पुरुषः, पाचिका स्त्री, पाचकं कुलम् । यहाँ पाचक यो क्रियोपाधिक(पकाउनुरूपक्रियावाचकपचधातुवाटबनेको)शब्द यथाक्रम विशेष्यानुसार तिनै-लिङ्गमा रह्यो ।

हेक्का राख्नुपर्ने अर्को कुरा

विशेष्यवाचकशब्दको वाच्य(वुझिनेवस्तु) स्त्री-पुरुष-क्लीव-जस्तो हुन्छ तद-

२०८१ सुकृती पुण्यवान् धन्यो महेच्छस्तु महाशयः ।
२०८२ हृदयालुः सुहृदयो महोत्साहो महोद्यमः ॥३॥
२०८३ प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः ।
२०८४ वैज्ञानिकः कृतमुखः कृती कुशल इत्यपि ॥४॥
२०८५ पूज्यः प्रतीक्ष्यः सांशयिकः संशयापन्नमानसः ।
२०८६ दक्षिणीयो दक्षिणार्हस्तत्र दक्षिण्य इत्यपि ॥५॥
२०८७ स्युर्वदान्यस्थूललक्षदानशौण्डा बहुप्रदे ।
२०८८ जैवातृकः स्यादायुष्मानन्तर्वाणिस्तु शास्त्रवित् ॥६॥
२०८९ परीक्षकः कारणिको वरदस्तु समर्धकः ।
२०९० हर्षमाणो विकुर्वाणः प्रमना हृष्टमानसः ॥७॥

नुसार विशेषणको लिङ्ग-वचन हुन्छ भनेको होइन, किन्तु विशेष्यवाचकशब्द जुन-लिङ्ग-वचनको छ, विशेषणवाचकशब्दको-पनि उही-लिङ्ग-वचन राख्नु भनेको हो। स्त्री व्यक्ति स्त्री हो ता पनि त्यस्लाई-कहने-सवैशब्द स्त्रीलिङ्गी हुन्छन् भन्ने नियम छैन, स्त्रीलाई-कहने-दारशब्द पुंलिङ्गी-बहुवचनान्त छ, त्यसैलाई-कहने-कलत्रशब्द नपुंसकलिङ्गी छ, त्यसैलाई-कहने-भार्याशब्द भने स्त्रीलिङ्गी छ, त्यसो-हुनाले सुकृतिनः दाराः यहाँ यउटी-स्त्रीलाई-कहँदा-पनि दारशब्दको अनुसार सुकृतिन्शब्द पुंलिङ्गी-वहुवचनान्त भयो। सुकृति कलत्रम्, यहाँ क्लीबलिङ्गी-कलत्रशब्दको-अनुसार क्लीबलिङ्गी भयो । सुकृतिनी भार्या, यहाँ भार्या-शब्दानुसार सुकृतिन्शब्द स्त्रीलिङ्गी भयो । अर्थात् विशेष्य जस्तो-भये-पनि विशेष्यवाचकशब्द कस्तो छ, त्यस्को विचार राखेर विशेषणको लिङ्गवचन तदनुसार राख्नुपर्दछ ॥२॥

यल्लिङ्गं यद्वचनं या च विभक्तिर्विशेष्यस्य ।
तल्लिङ्गं तद्वचनं सैव विभक्तिर्विशेषणस्याऽपि,
यो-वचनको हमेशा हेक्का चाहिन्छ।

सुकृतिन् ७, पुण्यवत् ७, धन्य ७ [३ पुण्यात्माका नाम] महेच्छ ७, महाशय ७ [२ ठुलो-इच्छाहुनेका नाम] हृदयालु ७, सुहृदय ७ [२ मन शुद्धहुने(निष्कपट)-का नाम] महोत्साह ७, महोद्यम ७ [२ ठूलो-उत्साह-गर्ने(उत्साही)का नाम] ॥३॥ प्रवीण ७, निपुण ७, अभिज्ञ ७, विज्ञ ७, शिक्षित ७, वैज्ञानिक ७, कृतमुख ७, कृतिन् ७, कुशल ७ [१० सिपालुका नाम] ॥४॥ पूज्य ७, प्रतीक्ष्य ७ [२ मान्नुपर्नेका नाम] सांशयिक ७, संशयापन्नमानस ७ [२ सन्देहगर्नेका नाम] दक्षिणीय ७, दक्षिणार्ह ७, दक्षिण्य ७ [३ दक्षिणादिन-योग्यका नाम] ॥५॥ वदान्य ७, स्थूललक्ष ७ (स्थूललक्ष्य ७), दानशौण्ड ७, बहुप्रद ७ [५ खुवदिने(ठुलोदाता)का नाम] जैवातृक ७, आयुष्मत् ७ [२ आयु-धेरै-हुनेका नाम] अन्तर्वाणि ७, शास्त्रवित् ७ [२ शास्त्रजान्नेका नाम] ॥६॥ परीक्षक ७, कारणिक ७ [२ परीक्षागर्ने(जाँच्ने)-का नाम] वरद ७, समर्धक ७ [२ मागेको-कुरादिनेका नाम] हर्षमाण ७, विकुर्वाण ७, प्रमतस् ७, हृष्टमानस ७ [४ खुशी-हुनेका नाम] ॥७॥

२०९१ दुर्मना विमना अन्तर्मनाः स्यादुत्क उन्मनाः ।
२०९२ दक्षिणे सरलोदारौ सुकलो दातृभोक्तरि ।।८।।
२०९३ तत्परे प्रसितासक्ताविष्टार्थोद्युक्त उत्सुकः ।
२०९४ प्रतीते प्रथितख्यातवित्तविज्ञातविश्रुताः ।।९।।
२०९५ गुणैः प्रतीते तु कृतलक्षणाहतलक्षणौ ।
२०९६ इभ्य आढ्यो धनी स्वामी त्वीश्वरः पतिरीशिता ।।१०।।
२०९७ अधिभूर्नायको नेता प्रभुः परिवृढोऽधिपः ।
२०९८ अधिकर्द्धिः समृद्धः स्यात् कुटुम्बव्यापृतस्तु यः ।।११।।
२०९९ स्यादभ्यागारिकस्तस्मिन्नुपाधिश्च पुमानयम् ।
२१०० वराङ्गरूपोपेतो यः सिंहसंहननो हि सः ।।१२।।
२१०१ निर्वार्यः कार्यकर्ता यः संपन्नः सत्त्वसंपदा ।
२१०२ अवाचि मूकोऽथमनोजवसः पितृसन्निभः ।।१३।।

दुर्मनस् ७, विमनस् ७, अन्तर्मनस् ७ [३ दिग्दार-हुनेका नाम] उत्क ७,उन्मनस् ७ [२ उत्कण्ठितहुने (कुनैइष्टवस्तुको-प्राप्तिका-निमित्त-अनेकमन्सुवा-गर्ने)का नाम] दक्षिण ७, सरल ७, उदार ७ [३ सोझो-चित्त-हुनेका नाम] सुकल ७ [१ दिने-खानेको नाम] ।।८।।तत्पर ७, प्रसित ७, आसक्त ७ [३ तत्पर-हुनेका नाम]इष्टार्थोद्युक्त ७, उत्सुक ७ (इष्टार्थ ७, उद्युक्त ७, उत्सुक ७) [२ इष्टवस्तु-पाउन-उद्योग-गर्नेका नाम] प्रतीत ७, प्रथित ७, ख्यात ७, वित्त ७, विज्ञात ७, विश्रुत ७ ।।९।। [६ प्रसिद्ध-हुनेका नाम] कृतलक्षण ७, आहतलक्षण ७ (आहितलक्षण ७) [२ गुणले-प्रसिद्ध-हुनेका नाम] इभ्य ७, आढ्य ७, धनिन् ७ [३ धनीका नाम] स्वामिन् ७, ईश्वर ७, पति १, ईशितृ ७ ।।१०।। अधिभू ७, नायक ७, नेतृ ७, प्रभु ७, परिवृढ ७, अधिप ७ [१० मालिकका नाम] पतिशब्द अजहल्लिङ्ग(नित्यपुलिङ्ग) छ । अधिकर्द्धि ७, समृद्ध ७ [२ ज्यादा-धन-हुने(धनाढ्य)का नाम] कुटुम्बव्यापृत ७ ।।११।। अभ्यागारिक ७, उपाधि १ [३ कुटुम्ब(जहानवच्चा)को-पालनपोषणमा-व्यग्रहुने(कुटुम्बी)का नाम] उपाधिशब्द अजहल्लिङ्ग (नित्यपुंलिङ्ग) छ । सिंहसंहनन ७ [१ हस्तपादादि-अङ्ग-र रूप-असलहुने(शरीरको-छाँटकाट-र-रूपसमेत-राम्रो-हुने)को नाम] ।।१२।। निर्वार्य ७ [१ सत्त्वसंपन्न-भयेर-काम-सिद्धगर्ने(धीरगंभीर-भयेर-काम-फत्ते-गर्ने)को नाम] अवाच् ७, मूक ७ [२ लाटाका नाम] मनोजवस ७ (मनोजव ७), पितृसन्निभ ७ [३ बावुजस्तोहुनेका नाम] ।।१३।।(क)

(क) "मनोजवः स पितृसन्निभः" यस्तो पाठ राखेर सः पुत्रः यस्तो-अर्थ-गर्दा मनोजव शब्द पनि पितृतुल्यलाई कहन्छ । 'मनोजवं मारुततुल्यवेगं' यहाँ त्यहीअभिप्रायले मनोजव-शब्द राखेको हुनुपर्दछ, "प्रासं सर्वगुणैर्मनोजवसतां प्रासूत नक्तञ्चरी" यो-भारतचम्पूको-प्रयोगमा मनोजवस-शब्द लिइयेको छ । अतः दुवै शब्द प्रामाणिकै हुन् ।

२१०३ सत्कृत्याऽलंकृतां कन्यां यो ददाति स कूकुदः ।
२१०४ लक्ष्मीवाँल्लक्ष्मणः श्रीलः श्रीमान् स्निग्धस्तुवत्सलः ॥१४॥
२१०५ स्याद्दयालुः कारुणिकः कृपालुः सूरतः समाः ।
२१०६ स्वतन्त्रोऽपावृतः स्वैरो स्वच्छन्दो निरवग्रहः ॥१५॥
२१०७ परतन्त्रः पराधीनः परवान्नाथवानपि ।
२१०८ अधीनो निघ्न आयत्तोऽस्वच्छन्दो गृह्यकोऽप्यसौ ॥१६॥
२१०९ खलपूः स्याद्बहुकरो दीर्घसूत्रश्चिरक्रियः ।
२११० जाल्मोऽसमीक्ष्यकारी स्यात् कुण्ठो मन्दः क्रियासु यः ॥१७॥
२१११ कर्मक्षमोऽलङ्कर्मीणः क्रियावान् कर्मसूद्यतः ।
२११२ स कार्मः कर्मशीलो यः कर्मशूरस्तु कर्मठः ॥१८॥
२११३ भरण्यभुक्कर्मकरः कर्मकारस्तु तत्क्रियः ।
२११४ अपस्नातो मृतस्नातः आमिषाशी तु शौष्कुलः ॥१९॥

यः अलङ्कृतां कन्यां सत्कृतय ददाति सः कूकुदः कथ्यते(जो श्रृङ्गारगरियेकी कन्याकन-सत्कार-गरेर [वरलाई] दिन्छ त्योदाता कूकुद कहिन्छ) कूकुद ७ [१ कन्यालाई अलंकृतपारेर-दानगर्नेको नाम] ॥(ख)॥ लक्ष्मीवत् ७, लक्ष्मण ७, श्रील ७, श्रीमत् ७ [४ धनवान्-शोभावान्का नाम] स्निग्ध ७, वत्सल ७ [२ प्रेमगर्ने (मायालु)का नाम] ॥१४॥ दयालु ७, कारुणिक ७, कृपालु ७, सूरत ७ [४ दयागर्नेका नाम] स्वतन्त्र ७, अपावृत ७, स्वैरिन् ७, स्वच्छन्द ७, निरवग्रह ७ [५ स्वतन्त्र(आफुसुखी)का नाम] ॥१५॥ परतन्त्र ७, पराधीन ७, परवत् ७, नाथवत् ७, अधीन ७, निघ्न ७, आयत्त ७, अस्वच्छन्द ७, गृह्यक ७ [९ परतन्त्रका नाम] ॥१६॥ खलपू ७, बहुकर ७ [२ खलो-सफा-गर्ने(खलोबढार्ने)का नाम] ई २शब्द सामान्य-झाड्-वढार-लिप-पोतगरेर भईं-साफगर्ने-व्यक्तिलाई पनि कहन्छन् । दीर्घसूत्र ७, चिरक्रिय ७ [२ दीर्घसूत्री(जुम्सा)का नाम] जाल्म ७, असमीक्ष्यकारिन् ७ [२ विनाविचार-कामगर्ने-मूर्खका नाम] कुण्ठ ७ [१ काम-ढिलाउनेको नाम] ॥१७॥ कर्मक्षम ७, अलङ्कर्मीण ७ [२ कामगर्न-सहजैशक्नेका नाम] क्रियावत् ७ [१ कामदार(कामलिई रहने)को नाम] कार्म ७, कर्मशील ७ [२ कर्मशील(खालीवस्ननशक्ने)का नाम] कर्मशूर ७, कर्मठ ७ [२ कामगर्न-शुरिनेका नाम] ॥१८॥ भरण्यभुज् ७, कर्मकर ७ [२ ज्यालालियेरकामगर्नेका नाम] कर्मकार ७ [१ त्यसैकामगर्नेको नाम] अपस्नात ७, मृतस्नात ७ [२ खल्कोहाल्नेका नाम] आमिषाशिन् ७, शौष्कुल ७ [२ मांसाहारीका(मासु खानेका) नाम] ॥१९॥

(ख) अलङ्कृत-गरायेर कन्यादान-गर्ने-लाई कूपद पनि भन्दछन् "कूपदश्चाश्वमेधी च प्राणदाता भयेषु च । समं यान्ति रथा एषां त्रयो वै नात्रसंशयः" यो-संवर्तस्मृतिको व्याख्यान-गर्दा वीरमित्रोदयकारले 'कूपदोऽलङ्कृतकन्यादाता' भनेर 'दाने भूषितकन्यायाः कूपो गर्भे प्रवाहपि' यस्तो वैजयन्तीकोशको प्रमाण दियेको छ ।

२११५ बुभुक्षितः स्यात् क्षुधितो जिघत्सुरशनायितः ।
२११६ परान्नः परपिण्डादो भक्षको घस्मरोऽद्मरः ॥२०॥
२११७ आद्यूनः स्यादौदरिको विजिगीषाविवर्जिते ।
२११८ उभौ त्वात्मम्भरिः कुक्षिम्भरिः स्वोदरपूरके ॥२१॥
२११९ सर्वान्नीनस्तु सर्वान्नभोजी गृध्नुस्तु गर्धनः ।
२१२० लुब्धोऽभिलाषुकस्तृष्णक् समौ लोलुपलोलुभौ ॥२२॥
२१२१ सोन्मादस्तून्मदिष्णुः स्यादविनीतः समुद्धतः ।
२१२२ मत्ते शौण्डोत्कटक्षीबाः कामुके कमिताऽनुकः ॥२३॥
२१२३ कम्रः कामयिताऽभीकः कमनः कामनोऽभिकः ।
२१२४ विधेयो विनयग्राही वचनेस्थित आश्रवः ॥२४॥
२१२५ वश्यः प्रणेयो निभृतविनीतप्रश्रिताः समाः ।
२१२६ धृष्टे धृष्णग्वियातश्च प्रगल्भः प्रतिभान्विते ॥२५॥
२१२७ स्यादधृष्टे तु शालीनो विलक्षो विस्मयान्विते ।
२१२८ अधीरे कातरस्तस्ते भीरुभीरुकभीलुकाः ॥२६॥

बुभुक्षित ७, क्षुधित ७, जिघत्सु ७, अशनायित ७ [४ भोकायेकाका नाम] परान्न ७, परपिण्डाद ७ [२ परान्नलेजीविकागर्ने(मतुवा)का नाम] भक्षक ७, घस्मर ७, अद्मर ७ [३ खवैया(खञ्जुवा)का नाम] ॥२०॥ विजिगीषाविवर्जिते(जयेच्छाले-रहित-भयेका, उन्नतिको-उमेद-नगर्ने खान-पाये-पुग्ने व्यक्तिलाई कहँदा) आद्यूनः, औदरिकः स्यात् (आद्यून-र-औदरिक शब्द प्रयोग गरिन्छ) आद्यून ७, औदरिक ७ [२ पेट-पाल्न-पाये-पुग्ने(उन्नतिपराङ्मुख)का नाम] स्वोदरपूरके (आफ्नु-पेट-मात्रै-भर्ने, अरुको-वास्ता-नराख्नेलाई कहँदा) आत्मम्भरिः, कुक्षिम्भरिः इति उभौ (आत्मम्भरि, कुक्षिम्भरि ई २ शब्द प्रयोग गरिन्छन्) आत्मम्भरि ७, कुक्षिम्भरि ७ [२ आफ्नै-पेट-भर्नेका नाम] यही-अर्थमा उदरम्भरि-शब्दको पनि प्रयोग हुन्छ ॥२१॥ सर्वान्नीन ७, सर्वान्नभोजिन् ७ [२ सर्वान्नभोजी(सबैको-अन्नखाने-वर्जित-अन्न-पनि नछाड्ने)का नाम] गृध्नु ७, गर्धन ७, लुब्ध ७, अभिलाषुक ७, तृष्णज् ७ [५ लोभीका नाम] लोलुप ७, लोलुभ ७ [ज्यादा लोभीका नाम] ॥२२॥ उन्मदिष्णु ७ [१ बहुलाउनेको नाम] अविनीत ७, समुद्धत ७ [२ उद्धत (ठाडो)का नाम] मत्त ७, शौण्ड ७, उत्कट ७, क्षीव ७ [४ भाङ्रक्सीप्रभृतिले वेहोश हुनेका नाम] कामुक ७, कमितृ ७, अनुक ७ ॥२३॥ कम्र ७, कामयितृ ७, अभीक ७, कमन ७, कामन ७, अभिक ७ [९ कामी(स्त्रीलम्पट)का नाम] विधेय ७, विनयग्राहिन् ७, वचनेस्थित ७, आश्रव ७ [४ अह्रायेको मान्नेका नाम] ॥२४॥ वश्य ७, प्रणेय ७ [२ वशपर्नेका नाम] निभृत ७, विनीत ७, प्रश्रित ७ [३ नम्र-हुनेका नाम] धृष्ट ७, धृष्णज् ७, वियात ७ [३ ढिटाका नाम] प्रगल्भ ७, प्रतिभान्वित ७ [२ प्रगल्भ(वखतमा बुद्धिको स्फूर्ति हुने)को नाम] ॥२५॥ अधृष्ट ७, शालीन ७ [२ अप्रगल्भका नाम] विलक्ष ७, विस्मयान्वित ७ [२ जिल्ल पर्नेका नाम]

२१२९ आशंसुराशंसितरि गृहयालुर्ग्रहीतरि ।
२१३० श्रद्धालुः श्रद्धया युक्ते पतयालुस्तु पातुके ॥२७॥
२१३१ लज्जाशीलेऽपत्रपिष्णुर्वन्दारुरभिवादके ।
२१३२ शरारुर्घातुको हिंस्रः स्याद्वर्धिष्णुस्तु वर्धनः ॥२८॥
२१३३ उत्पतिष्णुस्तूत्पतिताऽलङ्करिष्णुस्तु मण्डनः ।
२१३४ भूष्णुर्भविष्णुर्भविता वर्तिष्णुर्वर्तनः समौ ॥२९॥
२११५ निराकरिष्णुः क्षिप्नुः स्यात् सान्द्रस्निग्धस्तु मेदुरः ।
२१३६ ज्ञाता तु विदुरो विन्दुर्विकासी तु विकस्वरः ॥३०॥
२१३७ विसृत्वरो विसृमरः प्रसारी च विसारिणो ।
२१३८ सहिष्णुः सहनः क्षन्ता तितिक्षुः क्षमिता क्षमी ॥३१॥
२१३९ क्रोधानोऽमर्षणः कोपी चण्डस्त्वत्यन्तकोपनः ।
२१४० जागरूको जागरिता घूर्णितः प्रचलायितः ॥३२॥
२१४१ स्वप्नक् शयालुर्निद्रालुर्निद्राणशयितौ समौ ।
२१४२ पराङ्मुखः पराचीनः स्यादवाङ्प्यधोमुखः ॥३३॥

अधीर ७, कातर ७ [२ काँतरका नाम] भीरु ७, भीरुक ७, भीलुक ७ [३ डर्छेरुवाका नाम] ॥२६॥

यातयाम ७ [जीर्णभयेको (थोत्रियेको) । भोगगरियेको (सुसरियेको) बासी । ३को नाम] ॥ इति मान्ताः ॥ तार्क्ष्य १ [घोडा । गरुड । २को नाम] क्षय १ [घर । अपचय (घट्नु) । २को नाम] ॥१४५॥ श्वशुर्य १ [देवर=जेठाज्यू । सालो=जेठान । २को नाम] भ्रातृव्य १ [भतीजो । शत्रु । २को नाम] पर्जन्य १ [गर्जनलागेको मेघ । इन्द्र । २को नाम] अर्य १ [मालीक । वैश्य । २को नाम] ॥१४६॥ तिष्य १ [पुष्यनक्षत्र । कलियुग । २को नाम] पर्याय १ [मौका । पालो । समानार्थवाचकशब्द । ३को नाम] प्रत्यय १ [अधीन । शपथ (किरिया) । ज्ञान । पत्यार । कारण । प्वाल । व्याकरणप्रसिद्ध सुप्-तिङ् घञ्प्रभृति । ७को नाम ॥१४७॥ अनुशय १ [लामूरीस । पछितो । २को नाम] स्थूलोच्चय १ [अलीकति । हात्तीको मध्यम (न ढीलो न चाँडो) गति । २को नाम] ॥१४८॥ समय १ [शपथ (किरिया) । आचार (चलन) । समय (काल) । सिद्धान्त (निर्णय भयेको कुरा) । मतो (धेरैजनाले कायम गरियेको सल्लाह) । ५को नाम] अनय १ [व्यसन(कुलत) । अशुभदैव (अभाग्य) । विपत्ति । ३को नाम] ॥१४९॥ अत्यय १ [व्यतिक्रम (नटेर्नु) । दुःख । दोष । दण्ड । नाश । ५को नाम] संपराय १ [आपत्ति । लडाई । पछी आउने अवस्था । ३को नाम] पूज्य १ [ससुराको नाम] पूज्य ७ [पूजनीय(मान्य)को नाम ॥१५०॥ सन्नय १ [मुख्य सेनाको हिफाजतका निमित्त पछिपछि रहने सेना । समुदाय । २को नाम] संस्त्याय १ [संघात (एकडप्फाहुनु = टम्ममिल्नु) । फैलिनु । स्थानविशेष (चौर) । ३ को नाम] ॥ प्रणय १ [विश्वास । माग्नु । प्रेम । ३को नाम] ॥१५१॥

२७०५ विस्रम्भयाञ्चा प्रेमाणो विरोधेऽपि समुछ्रयः ।
२७०६ विषयो यस्य यो ज्ञातस्तत्र शब्दादिकेष्वपि ॥१५२॥
२७०७ निर्यासेऽपि कषायोऽस्त्री सभायां च प्रतिश्रयः ।
२७०८ प्रायो भूम्न्यन्तगमने मन्युर्दैन्ये क्रतौ क्रुधि ॥१५३॥
२७०९ रहस्योपस्थयोर्गुह्यं सत्यं शपथतथ्ययोः ।
२७१० वीर्यं बले प्रभावे च द्रव्यं भव्ये गुणाश्रये ॥१५४॥
२७११ धिष्ण्यं स्थाने गृहे भेऽग्नौ भाग्यं कर्म शुभाशुभम् ।
२७१२ कशेरुहेम्नोर्गाङ्गेयं विशल्या दन्तिकाऽपि च ॥१५५॥
२७१३ वृषाकपायी श्रीगौर्योरभिख्या नामशोभयोः ।
२७१४ आरम्भो निष्कृतिः शिक्षा पूजनं सम्प्रधारणम् ॥१५६॥
२७१५ उपायः कर्म चेष्टा च चिकित्सा च नव क्रियाः ।
२७१६ छाया सूर्यप्रिया कान्तिः प्रतिबिम्बमनातपः ॥१५७॥
२७१७ कक्ष्या प्रकोष्ठे हर्म्यादेः काञ्च्यां मध्येभबन्धने ।
२७१८ कृत्या क्रियादेवतयोस्त्रिषु भेद्ये धनादिभिः ॥१५८॥

समुछ्रय १ [विरोध । ऊँचाई । २को नाम] विषय १ [जानियेको वस्तु । रूप-रस-गन्ध-स्पर्श-शब्द ई ५ गुण । देश । ३को नाम] ॥१५२॥ कषाय ५ [क्वाथको रस । टर्रोरस । अङ्गराग (बुकुवा) । ३को नाम] कषाय ७ [टर्रोवस्तुको नाम] प्रतिश्रय १ [सभा । आश्रय । अङ्गीकार (कबोल) । ३को नाम] प्राय १ [बहुधा । प्राण परित्याग हुने कामविशेष (अनशन) । २को नाम] 'प्रायेण शूरा ईक्ष्यन्ते नरा गोरक्षदेशजाः' (गोर्खाली मानिसहरू प्रायः (बहुधा) शूर देखिन्छन्) । 'न दृष्टा जानकी देवी क्वचित् प्रायमुपास्महे' (सीताजी कहीं देखिईनन्, प्रायोपवेश गरौं = अनशन गरेर प्राण छाडौं) । मन्यु १ [दिग्दारी । यज्ञ । क्रोध । ३को नाम] ॥१५३॥ गुह्य ३ [एकान्त । गोप्यअङ्ग । २को नाम] सत्य ३ [शपथ (किरिया) । साँचो (सत्य) । २को नाम] सत्य ७ [सत्यवाला (सत्य-वादी, सत्यकारी प्रभृति)को नाम] वीर्य ३ [बल । प्रताप । शुक्र । ३को नाम] द्रव्य ३ [लिङ्गसंख्याहुने वस्तु (सत्त्व) । तर्कप्रसिद्ध पृथिव्यादि ९ । वस्तुमात्र । दौलत । ४को नाम] ॥१५४॥ धिष्ण्य ३ [स्थान (ठाउँ) । घर । नक्षत्र । अग्नि । ४को नाम] भाग्य ३ [भाग्य(ऐश्वर्य) । शुभाशुभ-प्राक्तनकर्म=नसीव । २को नाम] गाङ्गेय ३ [कसेरु (मोथेको भेद) । सुवर्ण । २को नाम] विशल्या २ [दन्ती (अजैपाल) । अग्निशिखा (गुनेमधुरो) । गुर्जो । निशोथ । ४को नाम] ॥१५५॥ वृषाकपायी २ [लक्ष्मी । पार्वती । २को नाम] अभिख्या २ [नाम (नाउँ) । शोभा । २को नाम] क्रिया २ [प्रारम्भ । प्रायश्चित्त । शिक्षा (सिकाउनु) । पूजा । निर्णय । उपाय । काम । चेष्टा (शरीरका अङ्गचालनादि) । चिकित्सा (रोगनिवारणकर्म) । ९को नाम] ॥१५६॥ छाया २ [सूर्यकी कनिष्ठ पत्नी । कान्ति । प्रतिबिम्ब । छहारी । ४को नाम] ॥१५७॥ कक्ष्या २ [कक्षा (ढोका = ड़ेवढी) । कर्दनी (कन्दनी = कमरपेटी) । हात्तिको

२७१९ जन्यं स्याज्जनवादेऽपि जघन्योऽन्त्येऽधमेऽपि च ।
२७२० गर्ह्याधीनौ च वक्तव्यौ कल्यौ सज्जनिरामयौ ॥१५९॥
२७२१ आत्मवाननपेतोऽर्थादर्थ्यौ पुण्यं तु चार्वपि ।
२७२२ रूप्यं प्रशस्तरूपेऽपि वदान्यो वल्गुवागपि ॥१६०॥
२७२३ न्याय्येऽपि मध्यं सौम्यं तु सुन्दरे सौमदैवते ।

॥ इति यान्ताः ॥

२७२४ निवहावसरौ वारौ सँस्तरौ प्रस्तराध्वरौ ॥१६१॥
२७२५ गुरू गीर्पतिपित्राद्यौ द्वापरौ युगसंशयौ ।
२७२६ प्रकारौ भेदसादृश्ये आकाराविङ्गिताकृती ॥१६२॥
२७२७ किंशारू सस्यशूकेषू मरू धन्वधराधरौ ।
२७२८ अद्रयो द्रुमशैलार्काः स्त्रीस्तनाब्दौ पयोधरौ ॥१६३॥
२७२९ ध्वान्तारिदानवा वृत्रा बलिहस्तांशवः कराः ।
२७३० प्रदरा भङ्गनारीरुग्बाणा अस्राः कचा अपि ॥१६४॥

मध्यभाग कस्ने डोरी । दर्जा । ४को नाम] कृत्या २ [काम । ऋषिमुनिहरुले-क्रोधका समयमा-पैदागराइने-संहारकारिणी देवी । २को नाम] कृत्य ७ [गर्नुपर्ने । भेद्य (धन-भयप्रभृतिले भेद (फूट) गराइने) । २को नाम] ॥१५८॥

जन्य ३ [लोकापवाद । लडाई । २को नाम] जघन्य ७ [पछिल्लो । घटिया (चुत्थो) । २को नाम] वक्तव्य ७ [निन्दागर्नलायकको । अधीन (अह्राइने) । बोल्नुपर्ने । ३को नाम] कल्य ७ [सज्ज (तय्यार) । निरोगी । शुभवचनवक्ता । ३को नाम] कल्या २ [शुभवचनको नाम] कल्य ३ [प्रातः-कालको नाम] ॥१५९॥ अर्थ्य ७ [बुद्धिमान् । अर्थले युक्त भयेको । प्रार्थना गरिन लायक । ३को नाम] पुण्य ७ [राम्रो । पवित्र । २को नाम] पुण्य ३ [धर्मको नाम] रूप्य ७ [असलरूप हुनेको नाम] रूप्य ३ [रुपियाको नाम] वदान्य ७ [मीठोबोल्ने । महादाता । २को नाम] ॥१६०॥ मध्य ७ [ठिक्कैको । मुनासीव । २को नाम] मध्य ५ [कम्मर । माझ । २को नाम] सौम्य ७ [राम्रो । चन्द्रमा देवता भयेको रजतादि वस्तु । २को नाम] ॥ इति यान्ताः ॥ वार १ [समुदाय । दिन (रविवार-सोमवार प्रभृति) । अवसर (पालो) । ३को नाम] संस्तर १ [पत्थर । यज्ञ । २को नाम] ॥१६१॥ गुरु १ [बृहस्पति । वावूप्रभृति-पूज्यजन । गुरु । ३को नाम] गुरु ७ [गह्रौं । ठुलो । २को नाम] द्वापर १ [द्वापरयुग । सन्देह । २को नाम] प्रकार १ [भेद (विशेष = फरक) । तुल्यता । २को नाम] 'इक्षुप्रकारः पुण्ड्रकः' (पुण्ड्रक (गेंवरा) उखुको भेद हो) । 'मर्कटप्रकारोऽयंबटुः' (यो ठीटो वानरजस्तो (चक्चके) छ) । आकार १ [चेष्टा (छाँट) । अह्‌नुवार । २को नाम] ॥१६२॥ किंशारु १ [धानजउप्रभृतिको टुँडो । बाण । २को नाम] मरु १ [मरु (पानी नहुने) देश । पर्वत । २को नाम] अद्रि १ [वृक्ष । पर्वत । सूर्य । ३को नाम] पयोधर १ [स्त्रीको स्तन । मेघ । २को नाम] ॥१६३॥ वृत्र १ [अन्धकार । शत्रु ।

२७३१ अजातशृङ्गो गौः कालेऽप्यश्मश्रुर्ना च तूबरौ ।
२७३२ स्वर्णेऽपि राः परिकरः पर्यङ्कपरिवारयोः ॥१६५॥
२७३३ मुक्ताशुद्धौ च तारः स्याच्छारो वायौ स तु त्रिषु ।
२७३४ कर्बुरेऽथ प्रतिज्ञाजिसंविदापत्सु संगरः ॥१६६॥
२७३५ वेदभेदे गुप्तवादे मन्त्रो मित्रो रवावपि ।
२७३६ मखेषु यूपखण्डेऽपि स्वरुर्गुह्योऽप्यवस्करः ॥१६७॥
२७३७ आडम्बरस्तूर्यरवे गजेन्द्राणां च गर्जिते ।
२७३८ अभिहारोऽभियोगे च चौर्ये संहननेऽपि च ॥१६८॥
२७३९ स्याज्जङ्गमेपरीवारः खड्गकोशे परिच्छदे ।
२७४० विष्टरो विटपी दर्भमुष्टिः पीठाद्यमासनम् ॥१६९॥
२७४१ द्वारि द्वाःस्थे प्रतीहारः प्रतीहार्यप्यनन्तरे ।
२७४२ विपुले नकुले विष्णौ बभ्रुर्ना पिङ्गले त्रिषु ॥१७०॥

वृत्रासुर । ३को नाम] कर १ [कर (मालपोत = तिरान) । हात । किरण । ३को नाम] प्रदर १ [फाट्नु=चिरिनु । स्त्रीको प्रदररोग । बाण । ३को नाम] अस्त्र १ [केश (रूँ) । कोण (कुना) । २को नाम] ॥१६४॥

तूबर १ [वेलाभयेपछि-पनि-सिङ्-नआउने गोरु । जवानीमा-पनि-दारीजुँघा-नआउने (गोयाँमरु) मनुष्य । २को नाम] रै ४ [धन । सुवर्ण । २को नाम] परिकर १ [सर्जाम । पलँग । परिवार । कुनै काममा कम्मर कस्नु । तयार हुनु । ५को नाम] ॥१६५॥ तार १ [मोतीको निर्मलता(निर्मल मोती)को नाम] तार ७ [अतिऊँचाको नाम] तार ३ [चाँदीको नाम] शार १ [वायुको नाम] शार ७ [चित्रवर्ण हुने(छिर्विरे)वस्तुको नाम] संगर १ [प्रतिज्ञा । लडाई । मतो गर्नु । आपत्ति । ४को नाम] ॥१६६॥ मन्त्र १ वेंदको कण्डिका । मन्त्र । सल्लाह । ३को नाम] मित्र १ [सूर्यको नाम] मित्र ३ [मित्र (दोस्त)[१]को नाम] स्वरु १ [यज्ञको यूप (मौलो) ताछता आयेको पहिलो चोइटो । वज्र । २को नाम] अवस्कर १ [भग-लिङ्ग । विष्ठा । २को नाम] ॥१६७॥ आडम्बर १ [वाजाहरुको ठूला आवाज । हात्तीको चीत्कार । ढाँचा । ३को नाम] अभिहार १ [चढाई गर्नु । चोर्नु । तयार हुनु । ३को नाम] ॥१६८॥ परीवार १ [नौकर-चाकर । जहानवच्चा । तरवार-खुकुरी प्रभृतिको दाप । ३को नाम] विष्टर १ [वृक्ष । २५ कुश एकत्रगरेर टुप्पामा ग्रन्थि पारेको कुशमुष्टि । पिरुका-मृगचर्म प्रभृति आसन । ३को नाम] ॥१६९॥ प्रतीहार १ (प्रतिहार १) [ढोका । ढोके । २को नाम] प्रती(प्रति)हारी २ [ढोकेको नाम] पुरुषढोकेलाई-कहे-पनि प्रति(ती)हारी-

---

(१) मितेरी लायेरमात्रै मित्र हुने होइन, स्नेह गर्ने, बढाउने, खुशी पार्ने, रक्षा गर्ने, कदर गर्ने, आफुदेखी खुशी हुने—लाई मित्र भन्नु पर्दछ ।

मित्रं मिदेर्नन्दतेः प्रीयतेर्वा संत्रायतेर्मिनुतेर्मोदतेर्वा [भारत. कर्ण. अ. ४२]

२७४३ सारो बले स्थिरांशे च न्याय्ये क्लीबं वरे त्रिषु ।
२७४४ दुरोदरो द्यूतकारे पणे द्यूते दुरोदरम् ॥१७१॥
२७४५ महारण्ये दुर्गपथे कान्तारं पुंनपुंसकम् ।
२७४६ मत्सरोऽन्यशुभद्वेषे तद्वत्कृपणयो स्त्रिषु ॥१७२॥
२७४७ देवाद्वृते वरः श्रेष्ठे त्रिषु क्लीबं मनाक्प्रिये ।
२७४८ वंशाङ्कुरे करीरोऽस्त्री तरुभेदे घटे च ना ॥१७३॥
२७४९ ना चमूजघने हस्तसूत्रे प्रतिसरोऽस्त्रियाम् ।
२७५० यमानिलेन्द्रचन्द्रार्कविष्णुसिंहांशु वाजिषु ॥१७४॥
२७५१ शुकाहिकपिभेकेषु हरिर्ना कपिले त्रिषु ।
२७५२ शर्करा कर्परांशेऽपि यात्रा स्याद्यापने गतौ ॥१७५॥
२७५३ इरा भूवाक्सुराप्सु स्यात्तन्द्री निन्द्राप्रमीलयोः ।
२७५४ धात्री स्यादुपमाताऽपि क्षितिरप्यामलक्यपि ॥१७६॥

शब्द स्त्रीलिङ्गमा रहेको देखिन्छ ॥ बभ्रु १ [न्याउरे-मूसो । विष्णु । २को नाम] बभ्रु ७ [धेरै । कैलो । २को नाम] सार १ [बल । स्थिरांश (चुरोजस्तो वलिष्ठ भाग-सारांश निचोड = ग्राह्य अंश । २को नाम] 'सारस्त्वदीयः सर्वलोकातिगामी' (तिम्रो बल सर्वजगल्लङ्घनकारी (सर्वश्रेष्ठ) छ) । सार ३ [मुनासीवको नाम] 'सारं ब्रूषेऽधीतकौटिल्यशास्त्रः' (नीतिशास्त्र पढने तिमी मुनासीव भन्दछौ) । सार ७ [श्रेष्ठको नाम] 'सारस्त्वमसि संसारे सारस्वतकृपाजुषाम्' (सरस्वतीको कृपा पाउने (विद्वान्)हरूका मध्यमा यो संसारमा तिमी श्रेष्ठ छौ) इत्यादि । दुरोदर १ [द्यूतकार (जूवाको खाल थाप्ने) । थपनी । २को नाम] दुरोदर ३ [जूवाको नाम] ॥१७१॥ कान्तार ५ [ठूलोजङ्गल (झाडी) । दुर्गम-वाटो । २को नाम] मत्सर १ [अर्काको भलो देखीनसकनुको नाम] मत्सर ७ [अर्काको भलो नसहने व्यक्ति । कृपण (कंजूस) । २को नाम] ॥१७२॥ वर १ [वर (देवताहरूसित मागिने चीज)को नाम] वर ७ [श्रेष्ठको नाम] वर ३ [मनाक्प्रिय (क्यहि असल, बरु)को नाम] 'वरं म्रियेय समरे ननमेयमरेः पुरः' (वरु लडाईमा मरुला, शत्रुका अगाडी झुक्ने छैन)॥ करीर ५ [वाँसको अङ्कुर = तामाको नाम] करीर १ [कणेरवृक्ष । घडा । २को नाम] ॥१७३॥ प्रतिसर १ [सैन्यका पश्चाद्भागको नाम] प्रतिसर ५ [हस्तसूत्र (हातमा वाँध्ने डोर)को नाम] हरि १ [यमराज । वायु । इन्द्र । चन्द्र । सूर्य । विष्णु । सिंह । किरण । घोडा । सुगा । सर्प । वानर । भ्याउतो । कैलोवर्ण । १४को नाम] हरि ७ [कैलोवर्णहुने वस्तुको नाम] शर्करा २ [बालुवा । कंकड । खवटा । सख्खर । ४को नाम] यात्रा २ [यापन (गुज्रान्) । हिड्नु । देवताको उत्सव (जात्रा) । ३को नाम] ॥१७४॥ १७५॥ इरा २ [भूमि । वाणी । मदिरा । जल । ४को नाम] तन्द्री २ (तन्द्रि २) [तन्द्रा । निद्रा । २को नाम] धात्री २ [धाई । पृथिवी । अमलावृक्ष । ३को नाम] ॥१७६॥

२७५५ क्षुद्रा व्यङ्ग्या नटी वेश्या सरघा कण्टकारिका ।
२७५६ त्रिषु क्रूरेऽधनेऽल्पेऽपि क्षुद्रो मात्रा परिच्छदे ॥१७७॥
२७५७ अल्पे च परिमाणे सा मात्रं कार्त्स्न्येऽवधारणे ।
२७५८ आलेख्याश्चर्ययोश्चित्रं कलत्रं श्रोणि भार्ययोः ॥१७८॥
२७५९ योग्यभाजनयोः पात्रं पत्रं वाहनपक्षयोः ।
२७६० निदेशग्रन्थयोः शास्त्रं शस्त्रमायुधलोहयोः ॥१७९॥
२७६१ स्याज्जटांशुकयोर्नेत्रं क्षेत्रं पत्नीशरीरयोः ।
२७६२ मुखाग्रे क्रोडहलयोः पोत्रं गोत्रं तु नाम्नि च ॥१८०॥
२७६३ सत्रमाच्छादने यज्ञे सदादाने वनेऽपि च ।
२७६४ अजिरं विषये कायेऽप्यम्बरं व्योम्नि वाससि ॥१८१॥
२७६५ चक्रं राष्ट्रेऽप्यक्षरं तु मोक्षेऽपि क्षीरमप्सु च ।
२७६६ स्वर्णेऽपि भूरिचन्द्रौ द्वौ द्वारमात्रेऽपि गोपुरम् ॥१८२॥
२७६७ गुहादम्भौ गह्वरे द्वे रहोऽन्तिकमुपह्वरे ।
२७६८ पुरोऽधिकमुपर्यग्राण्यगारे नगरे पुरम् ॥१८३॥

क्षुद्रा २ [अङ्गभङ्ग भयेकी स्त्री । नटी । वेश्या । मौरी । कण्टकारी (ठुलोविही) । ५को नाम] क्षुद्र ७ [क्रूर (निर्दय) । कङ्गाल । सानु । ३को नाम] मात्रा २ [परिच्छद (सानूवान्) । थोरै । एकपटकमा खाइने लाइने औषधिको प्रमाण । ३को नाम] मात्र ३ [समग्रता (सबै) । निश्चय । २को नाम] 'प्राणिमात्रं मरिष्यति' (सबै प्राणी मर्नेछ) 'दुग्धमात्रं पिबन् आसीत्' (दूधमात्रै पिउन लागेको थियो) । चित्र ३ [तस्वीर । आश्चर्य । २को नाम] चित्र ७ [अनेकतरहको । आश्चर्यकारक । २को नाम] कलत्र ३ [कटी । भार्या (स्त्री) । २को नाम] ॥१७८॥पात्र ३ [योग्य (सत्पात्र) । भाँडा । नदीहरुका वारीपारीको माझ (पाट) । ३को नाम] पत्र ३ [वाहन । पखेटा । पात । चिट्ठीपत्र । कागज । ५को नाम] शास्त्र ३ [आज्ञा । ग्रन्थ (शास्त्र) । २को नाम] शस्त्र ३ [हथियार । फलाम । २को नाम] ॥१७९॥ नेत्र ३ [वृक्षहरुको जरा । वस्त्र । आँखा । ३को नाम] क्षेत्र ३ [स्वास्नी । शरीर । खेत । ३को नाम] पोत्र ३ [सुङ्गुर-वंदेलको मुखाग्र भाग (थुतुनु) । हलाको टुप्पो । २को नाम] गोत्र ३ [नाउँ । गोत्र । २को नाम] ॥१८०॥ सत्र ३ [वस्त्र । यज्ञ । सदावर्त । वन । ४को नाम] अजिर ३ [रूप-रस प्रभृति विषय । शरीर । आँगन । ३को नाम] अम्बर ३ [आकाश । वस्त्र । २को नाम] ॥१८१॥ चक्र ३ [राज्य । चक्र । राजपरिवार । भुँवरी । ४को नाम] अक्षर ३ [मुक्ति । क-ख प्रभुति वर्ण । २को नाम] अक्षर ७ [नाश नहुनेको नाम] क्षीर ३ [दूध । पानी । २को नाम] भूरि ३ [सुवर्णको नाम] भूरि ७ [धेरैको नाम] चन्द्र १ [चन्द्रमा । कपूर । २को नाम] गोपुर ३ [शहरको मूल ढोका । साधारण ढोका । २को नाम] ॥१८२॥ गह्वर ३ [गुफा । दम्भ (अरुलाई देखायेर ठग्न गरेको धर्म) । २को नाम] उपह्वर ३ [एकान्त । समीप । २को नाम] अग्र ३ [अघिल्-

२७६९ मन्दिरं चाथ राष्ट्रोऽस्त्री विषये स्यादुपद्रवे ।
२७७० दरोऽस्त्रियां भये श्वभ्रे वज्रोऽस्त्री हीरके पवौ ॥१८४॥
२७७१ तन्त्रं प्रधाने सिद्धान्ते सूत्रवाये परिच्छदे ।
२७७२ औशीरश्चामरे दण्डेऽप्यौशीरे शयनासने ॥१८५॥
२७७३ पुष्करं करिहस्ताग्रे वाद्यभाण्डमुखे जले ।
२७७४ व्योम्नि खड्गफले पद्मे तीर्थौषधिविशेषयोः ॥१८६॥
२७७५ अन्तरमवकाशावधिपरिधानान्तर्धिभेदतादर्थ्ये ।
२७७६ छिद्रात्मीयविनाबहिरवसरमध्येऽन्तरात्मनि च ॥१८७॥

तिर । बढता । माथी । टुप्पो । ४को नाम] पुर ३ [घर । शहर । शरीर । ३को नाम] ॥१८३॥

मन्दिर ३ [घर । देवगृह (मन्दिर) । शहर । ३को नाम] राष्ट्र ५ [देश । उपद्रव । २को नाम] दर ५ [डर । खाल्डो । २को नाम] दर ३ [अलि-अलि (मन्द)को नाम] 'दराऽऽदराभ्यां दरकम्पिनी पपे' यहाँ 'दरकम्पिनी' यो पदको 'डरले हल्लने, अलिअलि हल्लने' ई दुवै अर्थ हुन् । वज्र ५ [हीरा । वज्र । २को नाम] ॥१८४॥ तन्त्र ३ [प्रधान (मुख्य) । सिद्धान्त (निर्णय गरियेको) । जोलाहा (लुगावुन्ने) । सर्जाम् । कुटुम्ब कृत्य (जहानवच्चा पाल्ने प्रबन्ध) । उभयार्थं निष्पादन (एकक्रियाले २।३ काम सिद्ध गर्नु) ५को नाम] औशीर १ [चमरका डाँठको नाम] औशीर ३ [वछ्यान-आसन दुवैको १ नाम❀] ॥१८५॥ पुष्कर ३ [हाथीका सूँडको टुप्पो । वाजाको अग्रभाग (वजाइने ठाउँ) । जल । आकाश । तरवार-खुकुरी-प्रभृतिको फल (मध्यभाग) । कमल । पुष्कर नामक तीर्थ । कूट (वनौषधिविशेष) । ८को नाम]॥१८६॥अन्तर ३ [अवकाश[1] (ठाउँ)। अवधि[2] (माका = मियाद) । व्यवधान[3] (छेकिनु) ।भेद[4] (फरक)। तादर्थ्य[5] (निमित्तता)। छिद्र[6] (गोपनीयकुरा = भ्वाङ)। विना[7] (बाहेक) । अवसर[8] (मौका) । मध्य[9] (माझ) अन्तरात्मा[10] (आत्मा) । १०को नाम] ई १०लाई कहँदा अन्तरशब्द क्लीबलिङ्गमा रहन्छ । जस्तै—'नास्त्यन्तरं[1] क्वेह तिष्ठाससि त्वम्' (ठामै छैन, यहाँ, कहाँ तिमी वस्न चाहन्छौ ?) 'मासान्तरे[2] प्रतिदातास्मि नूनम्' (१ महिनाको मियादमा पक्का फिर्ता दिनेछु) । 'उकारस्य न यण् तत्राप्यन्तरं[3] धस्य वर्तते' (सुधी उपास्य यहाँ सुकाउकारको यण् हुँदैन, अच्पर हुनामा धकारको व्यवधान छ) । 'यदन्तरं[4] सर्षपशैलराजयोः स्तदन्तरं दाशरथेस्तवैव च' (सर्स्यूं र सुमेरु पर्वतको जो फरक छ, त्यही फरक तेरो र रामजीको छ) । 'त्वदन्तरेणैव[5]'

(❀) औशीर शब्दको सुत्नु र वस्नु ई २ क्रियारूप अर्थ कहीँ देखियेका छैनन् । वछ्यान र आसन (ओढना-विस्तरा) दुवैलाई भन्दा औशीर शब्दको प्रयोग गरेको देखिन्छ ।

"राजाभिधानाक्षरमुद्रितं तदौशीरमालोक्य न कस्य भीतिः"

(राजाका नामका-अक्षरले छाप लागेको त्यो औशीर (विस्तरा-आसन प्रभृति मालताल) देखेर कस्लाई डर लाग्दैन ?) भनि अनेकार्थकैरवाकरकौमुदीमा उदाहरण दियेको छ ।

२७७७ मुस्तेऽपि पिठरं राजकशेरुण्यपि नागरम् ।
२७७८ शार्वरं त्वन्धतमसे घातुके भेद्यलिङ्गकम् ॥१८८॥
२७७९ गौरोऽरुणे सिते पीते व्रणकार्यप्यरुष्करः ।
२७८० जठरः कठिनेऽपि स्यादधस्तादपि चाधरः ॥१८९॥
२७८१ अनाकुलेऽपि चैकाग्रो व्यग्रो व्यासक्त आकुले ।
२७८२ उपर्युदीच्यश्रेष्ठेष्वप्युत्तरः स्यादनुत्तरः ॥१९०॥
२७८३ एषां विपर्यये श्रेष्ठे दूरानात्मोत्तमाः पराः ।
२७८४ स्वादुप्रियौ तु मधुरौ क्रूरौ कठिननिर्दयौ ॥१९१॥

ऋणं ममैतत्' (मेरो यो ऋण तिम्रै निंतीले लागेको हो) । 'शत्रूणामन्तरं[६] विद्धि तेन स्यात् सुकरो जयः' (शत्रुको छिद्र बुझ, त्यस्ले विजय सुकर (सजिलैसँग गर्न शकिने हुन्छ) । 'यत्नेमन्तरसेवत्त्वं सत्त्वरं रत्नमिच्छसि ?' (विनाप्रयत्नै चाँडे रत्न चाहन्छौ ?) 'प्रतीक्षस्वान्तरं[८] विद्वन् !' (पण्डितजी ! मौका पर्खनु होस्) । 'आवयोरन्तरे[९] गिरिः' (हामी २ जनाका माझमा पहाड छ) । 'अन्तरे[१०] मन आधेहि' (आत्मामा मन अडयाउ) । इत्यादि । अन्तर ७ [लाउन[१] (पहिरन) लायक । आपस्त[२] । बाहिरको[3] । तुल्य[४] । ४को नाम] ई ४लाई कहँदा अन्तरशब्द विशेष्यनिघ्न छ । 'अन्तरे[१] शाटका एते प्रिये ! तुभ्यं मयाऽऽहृताः' (प्यारी ! तिम्रा निंती ई पहिरनलायकका शाडी मैले ल्यायें) । 'अन्तरा[२] एव सकला जना यद्यन्तरो[२] हरिः' (हरि आपस्त छन् भने सबैजना आपस्तै छन्) । 'अन्त्यजानां हि केषां चिदवर्तन्ताऽन्तरे[३] गृहाः' (कुनै शूद्रका घर (शहरका) बाहिर थिये) । 'तवान्तरो[४] भविता बालकोऽयम्' (यो लडका तिम्रो तुल्य हुनेछ) इत्यादि ॥१८७॥

पिठर ३ [मोथेको नाम] पिठर १ [कसौडोको (ताउलो-तसला प्रभृति भातपकाउने भाँडाको समेत) नाम] नागर ३ [ठुलोकसेरु (माथेविशेष) । सूठो । २को नाम] शार्वर ३ [गाढ अन्धकारको नाम] शार्वर ७ [घातक (हिंसक) । रात्रिसम्बन्धि वस्तु । २को नाम] ॥१८८॥ गौर ७ [रातो । सेतो । पहेंलो । ३को नाम] अरुष्कर १ [भलायो(वृक्षविशेष)को नाम] अरुष्कर ७ [घाउ लाइदिने (घाइते पार्ने)को नाम] जठर ७ [साह्राको नाम] जठर ५ [पेटको नाम] अधर ७ [तल्लो(ऊँधो रहने)को नाम] अधर १ [तल्लो ओठको नाम] ॥१८९॥ एकाग्र ७ [व्याकुलता कत्ति नभयेको । एकाग्र (एकसूर भयेको) । २को नाम] व्यग्र ७ [कुनै काममा तत्पर भयेर लागेको । व्याकुल भयेको । २को नाम] उत्तर ७ [माथिल्लो । उत्तरतर्फको । श्रेष्ठ । ३को नाम] उत्तर ३ [उत्तर (जवाफ)को नाम] अनुत्तर ७ [तल्लो । उत्तरतर्फवाहेकको । खराव । सवभन्दा श्रेष्ठ । ४को नाम] ॥१९०॥ पर ७ [टाढा । पराई । श्रेष्ठ । शत्रु । ४को नाम] मधुर ७ [मीठो (स्वादिष्ट) । गुलियो । प्यारो । ३को नाम] क्रूर ७ [साह्रो । निर्दय (निष्ठुर) । २को नाम] ॥१९१॥

२७८५ उदारो दातृमहतोरितरस्त्वन्य नीचयोः ।
२७८६ मन्दस्वच्छन्दयोः स्वैरः शुभ्रमुद्दीप्तशुक्लयोः ॥१९२॥

॥ इति रान्ताः ॥

२७८७ चूडा किरीटं केशाश्च संयता मौलयस्त्रयः ।
२७८८ द्रुमप्रभेदमातङ्गकाण्डपुष्पाणि पीलवः ॥१९३॥
२७८९ कृतान्ताऽनेहसोः कालश्चतुर्थेऽपि युगे कलिः ।
२७९० स्यात् कुरङ्गेऽपि कमलः प्रावारेऽपि च कम्बलः ॥१९४॥
२७९१ करोपहारयोः पुंसि बलिः प्राण्यङ्गजे स्त्रियाम् ।
२७९२ स्थौल्यसामर्थ्यसैन्येषु बलं ना काकसीरिणोः ॥१९५॥
२७९३ वातूलः पुंसि वात्यायामपि वातासहे त्रिषु ।
२७९४ भेद्यलिङ्गः शठेव्यालः पुंसि श्वापदसर्पयोः ॥१९६॥
२७९५ मलोऽस्त्री पापविट्किट्टान्यस्त्री शूलं रुगायुधम् ।
२७९६ शङ्कावपि द्वयोः कीलः पालिः स्त्र्यस्रचङ्कपंक्तिषु ॥१९७॥
२७९७ कला शिल्पे कालभेदेऽप्याली सख्यावली अपि ।
२७९८ अब्ध्यम्बुविकृतौ वेला कालमर्यादयोरपि ॥१९८॥

उदार ७ [दाता । ठूलो । २को नाम] इतर ७ [अर्को । नीच (चुत्थो) । २को नाम] स्वैर ७ [जुम्सो । स्वच्छन्द (आफुसुखी) । २को नाम] शुभ्र ७ [उज्यालो (चहकीलो) । सेतो । २को नाम] ॥१९२॥ इति रान्ताः ॥ मौलि ४ [शिखा । किरीट (मुकुट = शिरपेच) । शिर । चुल्ठो । ४को नाम] पीलु १ [दाँतेओखर । हात्ती । बाण । फूल । परमाणु । ५को नाम] ॥१९३॥ काल १ [यमराज । कालोवर्ण । समय (काल) । मृत्यु । ४को नाम] काल ७ [कालो वस्तुको नाम] कलि १ [झगरा । कलियुग । २को नाम] कमल १ [हरिण(मृग)को नाम] कमल ३ कमल । पानी । २को नाम] कम्बल १ [प्रावार (दोपट्टा, पछ्यौरा, दोलाञ्जी प्रभृति ओढने) । पाखी = राडी = रगप्रभृति ऊनावस्त्र । २को नाम] ॥१९४॥ बलि १ [कर (मालपोत = तिरान) । पूजासामग्री । बलि (देवताप्रीत्यर्थ पशुबध) । ३को नाम] बलि २ [प्राणिका शरीरमा पर्ने मुजा चाउरी = लुँदा प्रभृतिको नाम] बल ३ [मोटयाइँ । ताकत । फौज । ३का नाम] बल १ [काग । बलभद्र । २को नाम] ॥१९५॥ वातूल १ (वातुल १) [हुरी (आँधिविहारी)को नाम] वातूल ७ (वातुल ७) [वातकारक (वादी गर्ने) वस्तु वर्दास्त गर्न नशक्नेको नाम] व्याल ७ [दुष्ट(वदमाश)को नाम] व्याल १ [वाघ-भालू प्रभृति नङ्ग्रावाला खुट्टाहुने जानवर । सर्प । २को नाम] ॥१९६॥ मल । (काट) । पाप । विष्ठा । ३को नाम] शूल ५ [शूलरोग । त्रिशूल । २को नाम] कील ४ [कीलो (पशुबन्धन काष्ठ) । अग्निको ज्वाला । २को नाम] पालि २ [कोण (कुना) । काख । चिह्न । पङ्क्ति (लहर) । ४को नाम] ॥१९७॥ कला २ [शिल्प (साप) । कालविशेष (३० काष्ठा) । चन्द्रको

२७९९ बहुलाः कृत्तिका गावो बहुलोऽग्नौ शितौ त्रिषु ।
२८०० लीला विलासक्रिययोरुपला शर्कराऽपि च ॥१९९॥
२८०१ शोणितेऽम्भसि कीलालं मूलमाद्ये शिफाभयोः ।
२८०२ जालं समूह आनायगवाक्षक्षारकेष्वपि ॥२००॥
२८०३ शीलं स्वभावे सद्वृत्ते सस्ये हेतुकृते फलम् ।
२८०४ छदिर्नेत्ररुजोः क्लीबं समूहे पटलं न ना ॥२०१॥
२८०५ अधःस्वरूपयोरस्त्री तलं स्याच्चामिषे पलम् ।
२८०६ और्वानलेऽपि पातालं चैलं वस्त्रेऽधमे त्रिषु ॥२०२॥
२८०७ कुकूलं शङ्कुभिः कीर्णे श्वभ्रे ना तु तुषानले ।
२८०८ निर्णीते केवलमिति त्रिलिङ्गं त्वेककृत्स्नयोः ॥२०३॥

अंशविशेष (सोह्रौं हिस्सा)। सामान्य हिस्सा (भाग)। ४को नाम] आलि २ [सँगिनी । पङ्क्ति = लहर । २को नाम] वेला २ [समुद्रका जलको वृद्धि (जुहार = भाटा)। समय (वेला)। मर्यादा (हद = सीमा)। तीर। ४को नाम] ॥१९८॥

बहुला २[कृत्तिका नक्षत्र। गाई। २को नाम] बहुल १ [अग्निको नाम] बहुल ७ [काला । धेरै । २को नाम] कृत्तिका-नक्षत्रलाई कहँदा वहुलाशब्द स्त्रीलिङ्गी बहुवचनान्तै रहन्छ, कृत्तिका ६ छन्॥ लीला २ [विलास (शृङ्गाररसका-विहार)। लहडको काम । २को नाम] उपला २ [शर्करा (चिनी,मिश्री)को नाम] उपल १ [पत्त्थर (ढुङ्गा)को नाम] ॥१९९॥ कीलाल ३ [रगत। पानी । २को नाम] मूल ३ [पहिलो। मुख्य । जरो । मूलनक्षत्र । प्रमाण । ५को नाम] जाल ३ [समृह । जाल । आँखीझ्याल। कोपिला । झेल । ५को नाम] ॥२००॥ शील ३ [स्वभाव । सद्वृत्त (असल चालचलन) । २को नाम] फल ३ [फल्ने चीज (आँपकटहर-धान-जउ प्रभृति) । केवल अन्नबाहेक फल । कामको फायदा । ३को नाम] पटल ३ [छानु । नेत्रको रोगविशेष (नेत्रको दर्शनशक्ति हटाइदिने वादल प्रभृति)। २को नाम] पटल ६ [समूहको नाम] ॥२०१॥ तल ३ [तल्लो भाग । स्वरूप । २को नाम] 'मिमीते पश्य मार्जारः शयनीयतले स्थितः' (हेर खाटमनी वसेको विरालो म्याउँम्याउँ गरि कराउँछ) यहाँ तलशब्दको अर्थ 'तलतिर-मन्तिर' हो। 'नभस्तलेऽलीयत होमधूमः' (होमको धुवाँ आकाशमा विलायो) यहाँ तलशब्दले आकाशैलाई बुझाउँछ, अर्थात् तलशब्दले आफ्ना पूर्ववर्ती पदको अर्थमात्र वुझाउँछ, विशेष अर्थ बुझाउदैन, जस्तै पृथ्वीतल भन्नु र पृथ्वी भन्नुमा अर्थको फरक हुदैन तर तत्व शब्द स्वरूपार्थक छ भनेर यथाभावी प्रयोग गर्न हुदैन, शिष्टहरूको अनुसरण गर्नुपर्छ॥ पल ३ [मासु। परिमाणविशेष (४ कर्ष)। २को नाम] पाताल ३ [वडवाग्नि (समुद्राग्नि)। पाताल (पत्ताल)। २को नाम] चेल ३ (चैल ३) [वस्त्रको नाम] चेल ७ (चैल ७) [अधम (चुत्त्या)को नाम] ॥२०२॥ कुकूल ३ [कोलाले = काँढाले व्याप्त भयेका खाल्डाको नाम] कुकूल १ [भूसका आगाको नाम] केवल ३ [निर्णय गरियेका(फगत)को नाम] 'केवलं तमसि तस्य विकासः' (फगत अन्धकारमा मात्रै त्यस्को प्रकाश छ) यहाँ प्रकाशको निर्णय

२८०९ पर्याप्तिक्षेमपुण्येषु कुशलं शिक्षिते त्रिषु ।
२८१० प्रवालमङ्कुरेऽप्यस्त्री त्रिषु स्थूलं जडेऽपि च ॥२०४॥
२८११ करालो दन्तुरे तुङ्गे चारौ दक्षे च पेशलः ।
२८१२ मूर्खेऽर्भकेऽपि बालः स्याल्लोलश्चल सतृष्णयोः ॥२०५॥

॥ इति लान्ताः ॥

२८१३ दवदावौ वनारण्यवह्नी जन्महरौ भवौ ।
२८१४ मन्त्री सहायः सचिवौ पतिशाखिनरा धवाः ॥२०६॥
२८१५ अवयः शैलमेषार्का आज्ञाऽऽह्वानाऽध्वरा हवाः ।
२८१६ भावः सत्तास्वभावाभिप्रायचेष्टात्मजन्मसु ॥२०७॥
२८१७ स्यादुत्पादे फले पुष्पे प्रसवो गर्भमोचने ।
२८१८ अविश्वासेऽपह्नवेऽपि निकृतावपि निह्नवः ॥२०८॥
२८१९ उत्सेकामर्षयोरिच्छाप्रसरे मह उत्सवः ।
२८२० अनुभावः प्रभावे च सतां च मतिनिश्चये ॥२०९॥

अन्धकारमा वुझिन्छ ॥ केवल ७ [यौटा (एक्लो) । सवै । २को नाम] 'केवलः कथमृच्छसि' (एक्लै कसरि जान्छौ ?) । 'केवला अबलाः पश्यन् जननीरिव निर्ययौ' (सवै स्त्रीलाई आमाजस्तै देख्तोछदो निस्कँदोभयो) ॥२०३॥

कुशल ३ [सामर्थ्य । क्षेमकुशल । पुण्य । ३को नाम] कुशल ७ [सिपालुको नाम] प्रबाल ५ [अङ्कुर (टूसा) । वीणाको नाल । मूगा । ३को नाम] स्थूल ७ [ठूलो । मूर्ख । २को नाम]॥२०४॥ कराल ७ [दन्तुर (दाँत नमिलेका ऊचा नीचा हुने = छ्वाँके । अग्लो । २को नाम] पेशल ७ [राम्रो । सिपालु । २को नाम] बाल ७ [मूर्ख । बालक । २को नाम] लोल ७ [चञ्चल । तृष्णा गर्ने (लोभी) । २को नाम] ॥ इति लान्ताः ॥२०५॥ दव १, दाव १ [२ डढेलो । वन । २का नाम] भव १ [जन्म (उत्पत्ति) । शङ्करजी । २को नाम] सचिव १ [मन्त्री । सहाय । २को नाम] धव १ [पति (पोई) । घर्यांरो । नर (भाले) । ३को नाम] ॥२०६॥ अवि १ [पर्वत । भेडा । सूर्य । ३को नाम] हव १ [आज्ञा । आह्वान (बोलाहट) । यज्ञ । ३को नाम] भाव १ [सत्ता (प्रकृतिवाट हुने बोधमा प्रकारतया वुझिने वस्तु) । स्वभाव । आशय । चेष्टा । आतमा । जन्म । सद्वस्तु । ६को नाम] ॥२०७॥ प्रसव १ [उत्पत्ति । फल । फूल । गर्भमोचन (वियाउनु) । ४को नाम] निह्नव १ [अविश्वास (अपत्यार) । ढाँटनु । छलकपट । ३को नाम] ॥२०८॥ उत्सव १ [घमण्ड । रीस । इच्छाको दौड=लामू इच्छा । उत्सव । ४को नाम] अनुभाव १ [प्रभाव (प्रताप) । सज्जनका बुद्धिले गरियेको निर्णय । रति-प्रभृति नाट्यवर्गोत्कट भावलाई वुझाउने भ्रूविक्षेपादि चेष्टाविशेष । ३को नाम] ॥२०९॥

२८२१ स्याज्जन्महेतुः प्रभवः स्थानं चाद्योपलब्धये ।
२८२२ शूद्रायां विप्रतनये शस्त्रे पारशवो मतः ॥२१०॥
२८२३ ध्रुवो भभेदे क्लीबं तु निश्चिते शाश्वते त्रिषु ।
२८२४ स्वो ज्ञातावात्मनि स्वं त्रिष्वात्मीये स्वोऽस्त्रियां धने ॥२११॥
२८२५ स्त्रीकटीवस्त्रबन्धेऽपि नीवी परिपणेऽपि च ।
२८२६ शिवा गौरीफेरवयोर्द्वन्द्वं कलह युग्मयोः ॥२१२॥
२८२७ द्रव्यासुव्यवसायेषु सत्वमस्त्री तु जन्तुषु ।
२८२८ क्लीवं नपुंसकं षण्ढे वाच्यलिङ्गमविक्रमे ॥२१३॥

॥ इति वान्ताः ॥

२८२९ द्वौ विशौ वैश्यमनुजौ द्वौ चराभिमरौ स्पशौ ।
२८३० द्वौ राशी पुञ्जमेषाद्यौ द्वौ वंशौ कुलमस्करौ ॥२१४॥
२८३१ रहः प्रकाशौ वीकाशौ निर्वेशो भृतिभोगयोः ।
२८३२ कृतान्ते पुंसि कीनाशः क्षुद्रकर्षकयोस्त्रिषु ॥२१५॥

प्रभव १ [जन्महेतु (उत्पत्तिकारण) । पहिले जानिने ठाउँ । २को नाम] दारिद्य्रप्रभवं दुःखम् (दुःखको जन्मदाता दारिद्य् हो) । हिमगिरिर्गङ्गायाः प्रभवः (हिमालयपर्वत गङ्गाजीको आद्योपलब्धिस्थान (पहिलो ज्ञानको ठाउ) हो, अर्थात् गङ्गाजी हिमालयमा पहिले जानियेर अन्यत्र पछि जानिने भयेकी हुन्) ॥ पारशव १ [शूद्रजातकी स्त्रीमा ब्राह्मणवाट जन्मेको छोरो । वञ्चरो । २को नाम] ॥२१०॥ ध्रुव १ [ध्रुवताराको नाम] ध्रुव ३ [निश्चितको नाम] ध्रुव ७ [शाश्वत (हमेशारहने = अविनाशी)को नाम] स्व १ [ज्ञाति (वान्धव) । आफु । २को नाम] ई २ अर्थमध्यमा पछिल्लो-अर्थ (आफु)लाई-कहँदा स्वशब्द सर्वनामसंज्ञक हुन्छ ॥ अघिल्लो अर्थ (ज्ञाति)लाई कहँदा हुँदैन ॥ स्व ७ [आत्मीय (आफ्नु = आपस्त)को नाम] यो अर्थमा पनि सर्वनामसंज्ञा हुन्छ ॥ स्व ५ [धनको नाम] यो अर्थमा सर्वनामसंज्ञा हुँदैन ॥२११॥ नीवी २ [स्त्रीहरुका-कटिको-वस्त्रबन्धन (फरिया=साडी प्रभृति-बाँधने-डोरो) (❀) । वेपारगर्नेको-साँउँ-धन । २को नाम] शिवा २ [पार्वती । स्याल । २को नाम] द्वन्द्व ३ [झगडा । जोडा (जोर) । २को नाम] ॥२१२॥ सत्त्व ३ [द्रव्य (लिङ्ग र-संख्याहुने-वस्तुविशेष) । प्राण । उद्योग । सत्त्वगुण । ४को नाम] सत्त्व ५ [प्राणीको नाम] क्लीब ३ [नपुंसकको नाम] क्लीब ७ [पराक्रमरहित (केही पौरुष नभयेको=नामर्द)को नाम] ॥२१३॥ इति वान्ताः ॥ विश् १ [वैश्य । मनुष्य । २को नाम] स्पश १ [चर (चीवा = जासूस) । लडाई । २को नाम] राशि १ [थुप्रो । मेष-वृष प्रभृति राशि । २को नाम] वंश १ [कुल । वाँस । २को नाम] ॥२१४॥

(❀) 'स्त्रीकटीवस्त्रबन्धमात्र नीवी कहिन्छ' भनि यहाँ भनेको छ ता पनि, पुरुषको कटिवस्त्रबन्धनलाई पनि नीवी नै भन्नुपर्दछ, 'नीवीबन्धनम्, नीवीं विस्रंस्य' इत्यादि प्रयोग पनि देखिन्छन् ।

२८३३ पदे लक्ष्ये निमित्तेऽपदेशः स्यात् कुशमप्सु च ।
२८३४ दशाऽवस्थानेकविधाप्याशा तृष्णाऽपि चायता ॥२१६॥
२८३५ वशा स्त्री करिणी च स्यात् दृक् ज्ञाने ज्ञातरि त्रिषु ।
२८३६ स्यात्कर्कशः साहसिकः कठोराऽमसृणावपि ॥२१७॥
२८३७ प्रकाशोऽतिप्रसिद्धेऽपि शिशावज्ञे च वालिशः ।
२८३८ कोशोऽस्त्री कुड्मले खड्गपिधानेऽर्थौघदिव्ययो ॥२१८॥

॥ इति शान्ताः ॥

२८३९ सुरमत्स्यावनिमिषौ पुरुषावात्ममानवौ ।
२८४० काकमत्स्यात्खगौ ध्वाङ्क्षौ कक्षौ तु तृणवीरुधौ ॥२१९॥
२८४१ अभीषुः प्रग्रहे रश्मौ प्रैषः प्रैषणमर्दने ।
२८४२ पक्षः सहायेऽप्युष्णीषं शिरोवेष्टकिरीटयोः ॥२२०॥
२८४३ शुक्रले मूषिके श्रेष्ठे सुकृते वृषभे वृषः ।
२८४४ "कोषोऽस्त्री कुड्मले खड्गपिधानेऽर्थौघदिव्ययोः ॥
२८४५ द्यूतेऽक्षे शारिफलकेऽप्याकर्षोऽथाक्षमिन्द्रिये ॥२२१॥

वीकाश १ [एकान्त । प्रकाश (स्पष्ट = खुल्लमखुल्ला) । २को नाम] निर्वेश १ [भृति (ज्याला = जागीर = भत्ता) । उपभोग (सुमनु) । २को नाम] कीनाश १ [यमराजको नाम] कीनाश ७ [क्षुद्र (चुत्थो) । कृषिजीवी (खेतीले जीविका चलाउने) । २को नाम] ॥२१५॥ अपदेश १ [पद (दर्जा) । बहाना (निऊँ) । निमित्त (उद्देश्य) । ३को नाम] कुश ३ [पानीको नाम] कुश ५ [कुश (तृणविशेष)को नाम] दशा २ [बाल्य-यौवनादि अवस्था । हालत । ग्रहादि दशा । वस्त्रको छेउ (किनारा=पारी) । वत्ती । ५को नाम] आशा २ [दीर्घ तृष्णा (तिर्सना) । पूर्वादिदिशा । २को नाम] ॥२१६॥ वशा २ [स्वास्नी । हथिनी । २को नाम] दृश् २ [ज्ञान । आँखा । २को नाम] दृश् ७ [जान्ने । देख्ने । २को नाम] कर्कश ७ [साहसिक (हितअहितको विचार नगरेर झट्ट काम गर्ने) । साह्रो । खस्रो । रुखो । ४को नाम] ॥२१७॥ प्रकाश ७ [अतिप्रसिद्धको नाम] प्रकाश १ [उज्यालाको नाम] बालिश ७ [बालक । अजान (मूर्ख) । २को नाम] कोश ५ [कोपिला । तरवारप्रभृतिको दाब । धनसमूह (खजाना) । दिव्य (निहाविशेष) । ४को नाम] ॥२१८॥ इति शान्ताः ॥ अनिमिष १ [देवता । माछा । २को नाम] पुरुष १ [आत्मा । मनुष्य । २को नाम] ध्वाङ्क्ष १ [काग । माछा खाने पक्षी (बकुल्लाप्रभृति) । २को नाम] कक्ष १ [सानान्य तृण । लता । २को नाम] ॥२१९॥ अभीषु १ [लगाम । किरण । २को नाम] प्रैष १ [पठाउनु = अह्राउनु । दुःखदिनु । माडनु । ३को नाम] पक्ष १ [सहाय (तर्फ) । १५ दिनको समष्टि । पखेटा । ३को नाम] उष्णीष ३ [पगरी । किरीट (मुकुट = शिरपेच) । २को नाम] ॥२२०॥ वृष १ [वीर्य धेरैहुने । मूसो । श्रेष्ठ । धर्म । साँढे । ५को नाम] "कोष ५ [कोपिला । तरवारप्रभृतिको दाव । धनसमूह (खजाना) । दिव्य (निहा-

२८४६ ना द्यूताङ्गे कर्षचक्रे व्यवहारे कलिद्रुमे ।
२८४७ कर्षूर्वार्ता करीषाग्निः कर्षूः कुल्याभिधायिनी ॥२२२॥
२८४८ पुंभावे तत्क्रियायां च पौरुषं विषमप्सु च ।
२८४९ उपादानेऽप्यामिषं स्यादपराधेऽपि किल्विषम् ॥२२३॥
२८५० स्याद्वृष्टौ लोकधात्वंशे वत्सरे वर्षमस्त्रियाम् ।
२८५१ प्रेक्षा नृत्येक्षणं प्रज्ञा भिक्षा सेवार्थना भृतिः ॥२२४॥
२८५२ त्विट् शोभाऽपि त्रिषु परेन्यक्षं कात्स्न्र्यनिकृष्टयोः ।
२७५३ प्रत्यक्षेऽधिकृतेऽध्यक्षो रूक्षस्त्वप्रेम्ण्यचिक्कणे ॥२२५॥

॥ इति षान्ताः ॥

२८५४ रविश्वेतच्छदौ हंसौ सूर्यवह्नी विभावसू ।
२८५५ वत्सौ तर्णकवर्षौ द्वौ सारङ्गाश्च दिवौकसः ॥२२६॥
२८५६ शृङ्गारादौ विषे वीर्ये गुणे रागे द्रवे रसः ।
२८५७ पुंस्युत्तंसावतंसौद्वौ कर्णपूरे च शेखरे ॥२२७॥

विशेष)। ४को नाम]" ॥ आकर्ष १ [द्यूत(जूवा)। पाशा । थर्की । सुन्चाँदी जाच्ने कसी) ४को नाम] अक्ष ३ [इन्द्रिय] अक्ष १ [पाशा । परिमाणविशेष (१६ मासा)। पाङ्ग्रो । व्यवहार (आमदनीखर्चको विचार)। वर्रो वृक्ष । ५को नाम] कर्षू १ [जीविका । गुञ्ठिाको आगो । २को नाम] कर्षू २ [कुलाको नाम] ॥२२२॥ पौरुष ३ [पुरुषत्व (मर्दपना)। पुरुषले गरिने कामको नाम] विष ३ [पानी । विष(जहर)। २को नाम] आमिष ३ [कोसेलो । मासु । २को नाम] किल्विष ३ [अपराध (कसूर)। पाप । २को नाम] ॥२२३॥ वर्ष ३ [वृष्टि(वर्षा)को नाम] वर्ष ५ [जम्बूद्वीपका खण्डविशेष (भारतवर्ष-किंपुरुषवर्ष इत्यादि)। वर्ष (साल)। २को नाम] वर्षा २ [वर्षाऋतुको १] यो शब्द बहुवचनान्तै छ । प्रेक्षा २ [तमाशा=नृत्यादि हेर्नु । बुद्धि । २को नाम] भिक्षा २ [चाकरी । याचना (माग्नु)। ज्याला=मजूरी । ३को नाम] ॥२२४॥ त्विष् २ [शोभा । तेज । २को नाम] न्यक्ष ७ [जम्मै (सबै)। नगीचको । २को नाम] अध्यक्ष ७ [प्रत्यक्ष (चक्षुरादि इन्द्रियले जानियेको)। अधिकृत (नियुक्त = तैनातवाला)। २को नाम] रूक्ष ७ [प्रेमरहित । खस्रो = रूखो । २को नाम] ॥२२५॥ इति षान्ताः ॥ हंस १ [सूर्य । हंसपक्षी । २को नाम] विभावसु १ [सूर्य । अग्नि । २को नाम] वत्स १ [वाछा । वत्सर (संवत्सर)। २को नाम] वत्स ४ [प्याराछोराछोरी । छोराछोरीजत्तिकै प्यारो । २को नाम] 'वत्स ! राम ! विहायत्वां कथं स्थास्याम्यहं गृहे' (बाबू ! राम ! तिमीलाई छाडेर म घरमा कसरि वसुला ?) 'वत्से ! जानकि ! भर्तारमनुयासि कथं वने ?' (बेटी ! जानकी ! जङ्गलमा स्वामिका पछी कसरि जाउली ?)। 'अहर्मणिं समाराध्य वत्स ! राम ! रिपून् जहि' (बाबू ! रामभद्र ! सूर्यको आराधना गरेर शत्रुहरूलाई मार)। इत्यादि ॥ दिवौकस् १ [काकाकुलपक्षी । देवता । २को नाम]

२८५८ देवभेदेऽनले रश्मौ वसू रत्ने धने वसु ।
२८५९ विष्णौ च वेधाः स्त्री त्वाशीर्हिताशंसाहिदंष्ट्रयोः ॥२२८॥
२८६० लालसे प्रार्थनौत्सुक्ये हिंसा चौर्यादिकर्म च ।
२८६१ प्रसूरश्वापि भूद्यावौ रोदस्यौ रोदसी च ते ॥२२९॥
२८६२ ज्वालाभासौ न पुंस्यर्चिर्ज्योतिर्भद्योतदृष्टिषु ।
२८६३ पापापराधयो रागः खगबाल्यादिनोर्वयः ॥२३०॥
२८६४ तेजः पुरीषयोर्वर्चो महस्तूत्सवतेजसोः ।
२८६५ रजो गुणे च स्त्रीपुष्पे राहौ ध्वान्ते गुणे तमः ॥२३१॥
२८६६ छन्दः पद्येऽभिलाषे च तपः कृच्छ्रादिकर्म च ।
२८६७ सहो बलं सहा मार्गो नभः खं श्रावणो नभाः ॥२३२॥
२८६८ ओकः सद्माऽऽश्रयश्चौकाः पयः क्षीरं पयोऽम्बु च ।
२८६९ ओजो दीप्तौ बले स्रोत इन्द्रिये निम्नगारये ॥२३३॥

॥२२६॥ रस १ [शृङ्गारादि ९ रस । विष । वीर्य । मधुर-अम्ल प्रभृति ६ रस । प्रेम । झोल । ६को नाम] उत्तंस १, अवतंस १ [कानको गहना । शेखर (मुकुट) । २को नाम] ॥२२७॥

वसु १ [देवताविशेष (ध्रुवादि ८ वसु) । अग्नि । किरण । ३को नाम] वसु ३ [रत्न । धन । २को नाम] वेधस् १ [ब्रह्मा । विष्णु । २को नाम] आशिस् २ [आशिष (कल्याण होस् भन्ने आशयको वचन) । सर्पको दाँत । २को नाम] ॥२२८॥ लालसा २ [प्रार्थना (माग्नु) । औत्सुक्य (उत्सुकता=रहर, लालचा) । २को नाम] हिंसा २ [चोरीप्रभृति-परपीडाहुने-कर्म । मार्नु । २को नाम] प्रसू २ [घोडी । आमा । २को नाम] रोदसी २, रोदस् ३ [२ आकाश-पृथिवी दुवैको ११ नाम] केवल आकाश अथवा पृथिवीलाई कहँदा ई २ शब्दको प्रयोग हुदैन, अतएव ई २ शब्द द्विवचनान्तै रहन्छन् । रोदसी शब्द स्त्रीलिङ्गमा, रोदस् शब्द क्लीबलिङ्गमा छ । रोदस्यौ रेणुपूरिते, रोदसी रेणुपूरिते (आकाश पृथ्वी दुवै धूलाले भरियेका छन्) इत्यादि ॥२२९॥ अर्चिस् ६ [ज्वाला । तेज । २को नाम] ज्योतिस् ३ [नक्षत्र । उज्यालो । आँखा । ३को नाम] आगस् ३ [पाप । अपराध । २को नाम] वयस् ३ [पक्षी । उमेर । २को नाम] ॥२३०॥ वर्चस् ३ [तेज । विष्ठा । २को नाम] महस् ३ [उत्सव । तेज । २को नाम] रजस् ३ [रजोगुण । स्त्रीको रज । धूलो । ३को नाम] तमस् ३ [राहु । अन्धकार । तमोगुण । अज्ञान । ४को नाम] ॥२३१॥ छन्दस् ३ [पद्य (श्लोक) । मन्सुवा । वेद । ३को नाम] तपस् ३ [कृच्छ्रचान्द्रायणादि तपस्याको नाम] तपस् १ [माघ महिनाको नाम] सहस् ३ [बलको नाम] सहस् १ [मार्ग महिनाको नाम] नभस् ३ [आकाशको नाम] नभस १ [श्रावण महिनाको नाम] ॥२३२॥ ओकस् ३ [घरको नाम] ओकस् १ [आश्रय(आधार)को नाम] पयस् ३ [दूध । पानी । २को नाम] ओजस् ३ [तेज । बल । २को नाम] स्रोतस् ३ [इन्द्रिय । नदीको वेग । २को नाम] ॥२३३॥

२८७० तेजः प्रभावे दीप्तौ च बले शुक्रेऽप्यतस्त्रिषु ।
२८७१ विद्वान् विदंश्च बीभत्सो हिंस्रे प्यतिशये त्वमी ॥२३४॥
२८७२ वृद्धप्रशस्ययोर्ज्यायान् कनीयाँस्तु युवाल्पयोः ।
२८७३ वरीयाँस्तूरुवरयोः साधीयान् साधुबाढयोः ॥२३५॥

॥ इति सान्ताः ॥

२८७४ दलेऽपि बर्हं निर्बन्धोपरागार्कादयो ग्रहाः ।
२८७५ द्वार्यापीडे क्वाथरसे निर्व्यूहो नागदन्तके ॥२३६॥
२८७६ तुलासूत्रेऽश्वादिरश्मौ प्रग्राहः प्रग्रहोऽपि च ।
२८७७ पत्नीपरिजनादानमूलशापाः परिग्रहाः ॥२३७॥
२८७८ दारेषु च गृहाः श्रोण्यामप्यारोहो वरस्त्रियाः ।
२८७९ व्यूहो वृन्दे प्यहिर्वृत्रेऽप्यग्नीन्द्वर्कास्तमोपहाः ॥२३८॥
२८८० परिच्छदे नृपार्हेऽर्थे परिबर्हो—

॥ इति हान्ताः ॥

ऽव्ययाः परे ।

२८८१ आङ्गीषदर्थेऽभिव्याप्तौ सीमार्थे धातुयोगजे ॥२३९॥

तेजस् ३ [प्रभाव = प्रताप । तेज । कान्ति । वीर्य । ४को नाम] विद्वस् ७ [विद्वान् । जानकार । २को नाम] बीभत्स ७ [हिंसक (हिंसातत्पर) । घिनलाग्दो । २को नाम] ॥२३४॥ ज्यायस् ७ [अतिबूढो । अतिअसल । २को नाम] कनीयस् ७ [धेरै कान्छो । अतिथोरै । २को नाम] वरीयस् ७ [अतिठूलो । अतिअसल । २को नाम] साधीयस् ७ [अतिअसल । अतिमजबूत । २को नाम] ॥२३५॥ इति सान्ताः ॥ बर्हं ३ [पात । मयूरको प्वाँख । २को नाम] ग्रह १ [आग्रह (ढिपी) । ग्रहण (उपराग) । सूर्य-चन्द्रादि ग्रह । ग्रहण गर्नु (लिनु) । ४को नाम] निर्व्यूह १ [ढोका । झुप्पा (कपालमा लाउने पुष्पमाला) । काढाको झोल । खूटी (भित्तामा राखिने तेर्सो कीलो) । ४को नाम] ॥२३६॥ प्रग्राह १, प्रग्रह १ [२ तुलासूत्र (तराजूको डोरी) । घोडाहरुको लगाम] २को नाम] परिग्रह १ [स्वास्नी । परिवार । लिनु । फेद । शाप (सराप) । ५को नाम] ॥२३७॥ गृह १ [स्वास्नी । घर । २को नाम] यो शब्द यौटी स्त्रीलाई कहँदा पनी पुंलिङ्गी वहुवचनान्तै रहन्छ ॥ आरोह १ [सुन्दरी स्त्रीको कटिभाग । चढनु । २को नाम] व्यूह १ [व्यूह (सेनासन्निवेश = चक्रव्यूह, शकट-व्यूह इत्यादि) । समुदाय । २को नाम] अहि १ [वृत्रासुर । सर्प । २को नाम] तमोपह १ [अग्नि । चन्द्र । सूर्य । ३को नाम] परिबर्ह १ [सर्जाम । राजयोग्यवस्तु । २को नाम] ॥ इति हान्ताः ॥ अवउप्रान्तका सवै शब्द (वर्गसमाप्तिसम्मका) अव्यय हुन् । आङ् ८ [ईषदर्थ = अलीकति । अभिव्याप्ति = केहि वस्तुदेखि = केहिलगायत । मर्यादा = केहि वस्तुसम्म = केहि वस्तुतलक । धातुयोगज अर्थ = धातुसँग जोर्दा जुन अर्थ हुन्छ त्यो अर्थ । यति ४ अर्थलाई बुझाउँछ] यति ४ अर्थमध्ये कुनै-अर्थलाई बुझाउने 'आङ' यो अव्यय प्रयोगावस्थामा ङकारको इत्संज्ञा र लोप भइकन 'आ'

२८८२ आ प्रगृह्यः स्मृतौ वाक्येऽप्यास्तु स्यात् कोपपीडयोः ।
२८८३ पापकुत्सेषदर्थे कु धिङ् निर्भत्सननिन्दयोः ॥२४०॥

मात्र बाकी रहने हुनाले 'ङित् आङ्' कहिन्छ, यस्को प्रयोग गर्दा प्रगृह्यसंज्ञा नभयेकोले प्रकृतिभाव हुदैन, यथोचित सन्धि कार्य हुन्छ।

क्रमैले उदाहरण—

(१) ओष्णं दुग्धमिदं सद्योदुग्धं प्रपिब धैनवम् ।
(२) आकुम्भकारं कवयो भोजे शासति भूतलम् ।
(३) आलोकालोकपूर्वार्धं प्रसरन्ति रवेः कराः ॥
(४) आगच्छ शीतलं स्वच्छं मधुरं जलमाहर ।

आ ८ [स्मरण । वाक्यारम्भ । २लाई वुझाउँछ] यो २ अर्थको 'आ' अङित् (ङिद्भिन्न) हुनाले 'निपात एकाजनाङ्' सूत्रले प्रगृह्यसंज्ञक हुन्छ र प्रकृतिभाव भईकन सन्धिकार्य नहुने हुन्छ, जस्तै कमैले—

(५) आ एवं किल तत्, हन्त ! स्मृतिशक्तिर्हता मम ।
(६) आ एवं नु मन्यसे, त्वं श्रृणु तावन्मतं मम ।

आसू ८ [क्रोध । पीडा । २लाई बुझाउँछ] जस्तै क्रमैले—

(७) आः परित्यज्य पठनं निष्क्रान्तोऽसि मठाच्छठ ! ।
(८) आः शिरो बाध्यतेऽत्यर्थं नाधुनाऽध्येतुमुत्सहे ॥

कु ८ [पाप । निन्दा । ईषत् (अलीकति) । ई ३ अर्थ वुझाउँछ] यो शब्द एक्लै रहदैन, कुनै शब्दका अगाडी जोडिन्छ । जस्तै—

(९–१०–११) कुकर्म कृत्वा कुगतिं लभते कुमतिर्जनः ।

---

(१) भरखर दुहेको अलिअलि तातो यो गाईको दूध खूब पिउ । यहाँ इषदर्थक आ-को र उकारको सन्धि (गुण) भयेको छ ।

(२) भोज महाराजले पृथ्वीतलको शासन गर्दा कुह्माले-पर्यन्त कवि भयेका थिये । यहाँ आ-ले कवित्वको कुह्मालेमा अभिव्याप्ति बुझाउँछ र 'कुह्मालेसमेत सवै कवि थिये' भन्ने बुझिन्छ ।

(३) लोकालोकपर्वतका वल्लोभागसम्म सूर्यका किरण फैलिन्छन् । यहाँको 'आ'ले सूर्यकिरणका प्रसरण (फैलावट)को मर्यादा (हद) लोकालोकको पूर्वार्ध बुझाउछ ।

(४) आउ, ठण्ढा, सफा, मीठो पानी ल्याउ । यहाँ गमन (हिडनु) अर्थ भयेका गमधातुमा जोरियेका 'आ'ले आउनु अर्थ वुझायो, एवं हरण (लानु) अर्थ भयेका हृधातुमा जोरियेका 'आ'ले ल्याउनु अर्थ बुझायो ।

(५) हँ ! यसै हो लौ त्यो, [ऐले तिम्रा कुराले संझायो] अपसोस ! मेरो स्मरण शक्ति मर्‍यो ।

(६) अँ ! तिमि यसो भन्ठान्दछौ ? मेरो मत पनि सुनन त ।

(७) हँः ! पढ्न विल्कुल छाडेर मठ(छात्रावास)वाट निस्किस् वदमाश !

(८) ऐय्या ! कपाल दुःखीरहेको छ, ऐलें पढ्नलाई उत्साह गर्न शक्तिन ।

(९–१०–११) पापकर्म गरेर अल्पबुद्धि भयेको मानिस दुर्गति पाउँछ ।

२८८४ चान्वाचयसमाहारेतरेतरसमुच्चये।

धिक् ८ [भर्त्सना = हपकाई। निन्दा। २लाई बुझाउँछ। जस्तै—

(१) धिग् दस्यो ! तिष्ठ हन्मित्त्वामुपलब्धोऽसि कोशगः ॥

(२) धिक् त्वां बलीयानपि सन् दुर्बलानेव बाधसे ॥

च ८ [अन्वाचय(क)। समाहार(ख)। इतरेतरयोग(ग)। समुच्चय(घ)। ई ४ अर्थलाई बुझाउँछ] कुनै मुख्यमा अमुख्यको अन्वय (सम्बन्ध) हुनालाई 'अन्वाचय' भन्दछन्, अन्वाचयबुझाउने-च शब्दले युक्त भयेका वाक्यमा सामर्थ्य (एकार्थीभाव) नहुनाले समास हुदैन। जस्तै—

'भिक्षाम् अट, गां च आनय' (भिक्षाटन गर, गाई पनि ले) यहाँ च शब्दले भिक्षाटनको मुख्यता (जरूरी) र गवानयको गौणता (प्रसङ्गप्राप्तता) बुझाउँछ, अर्थात् 'भिक्षा माग्दामाग्दै आफ्ना गाई भयेको ठाउसम्म पुगिस् भने गाई पनि लियेर आइज, नत्र गाई डोर्याई डोर्याई घर-घर डुल्नु पर्दैन, भिक्षा नपाये भोकै रहनु पर्छ, अन्तैतिरवाट पुग्ने भिक्षा मिल्यो भने सरासर वापस आइज, गाई पछी ल्याउलास्" यस्ता प्रकारको भिक्षामा र गाईमा मुख्यता र अमुख्यता बुझिन्छ। त्यस्तै—

(क) याहि स्नानादिकृत्याय गत्त्वाऽभ्यर्चंय भैरवम्।
शाकानि च समादाय पथ्यान्यायाहि पण्डित !॥

यहाँ अन्वाचयबोधक च शब्दवाट 'स्नानादिका निमित्त गङ्गाजीतिर जानु र भैरवको पूजन गर्नु' यो कुराको मुख्यता र 'तर्कारीमध्यमा पथ्य भयेको कुनै तर्कारी ल्याउनुरूप क्रियाको अमुख्यता' बुझिन्छ।

अनेक वस्तुका समूहलाई समाहार(ख) भन्दछन्। यस्मा प्रत्येक वस्तुवाचक शब्दका अगाडी च राखेर वाक्यरचना गरिन्छ, समास गरेका पक्षमा च-को लोप (अनुच्चारण) भयेको १ पद क्लीबलिङ्गी वन्दछ, जस्तै—'संज्ञा च परिभाषा च (संज्ञा र परिभाषा) [यो वाक्य हो, 'अनयोः समाहारः' यो समासार्थ हो] 'संज्ञापरिभाषम्' [यो समस्त क्लीबलिङ्गी पद हो] त्यस्तै—

(ख) आराधनाय जगतां जहद् जनकनन्दिनीम्।
जहौ दयां च स्नेहं च सौख्यं च रघुनन्दनः ॥—असमस्तसमाहारः
आराधनाय जगतां जहद् जनकनन्दिनीम्।
जहौ दयास्नेहसौख्यं युगपद्रघुनन्दनः ॥—समस्तसमाहारः

---

(१) पर्खी ! चोर ! खडाहो, तलाई मार्छू, ढुकुटिमा पुगेको फेला परिस्।

(२) तिमिलाई धिक्कार छ, खूब बलवान् छौ ता पनि दुर्बलैलाई सताउछौ।

(क) स्नानादिका निमित्त जाउ, भैरवनाथको पूजा गर, अनि पथ्य-तर्कारी लियेर आउ पण्डित जी !

(ख) दुनियाँ राजी गराउनाका निमित्त जानकीलाई छाड्दा रामजीले दया पनि प्रेम पनि सुख पनि एकै चोटी छाड्नु भयो।

२८८५ स्वस्त्याशीः क्षेमपुण्यादौ प्रकर्षे लङ्घनेऽप्यति ॥२४१॥
२८८६ स्वित् प्रश्ने च वितर्के च तु स्याद्भेदेऽवधारणे ।

अनेकको एकक्रियामा सम्बन्ध गराउँदा इतरेतर(ग) योग हुन्छ, यहाँ समास हुन्छ, जस्तै—'धवश्च खदिरश्च छेद्यः' ('धयारो र खयर काट्न योग्य छ' भन्दा समास भयेर २लाई बुझाउनु पर्दा) 'धवखदिरौ छेद्यौ' भयो । त्यस्तै—

(ग) अन्तरायैरर्दितानां स्मरतां भक्तिभावतः ।
देवा दिशन्तु नः सिद्धिं ब्रह्मेशानजनार्दनाः ॥

परस्पर सम्बन्ध नभयेका अनेकवस्तुको एकमा सम्बन्ध हुनालाई समुच्चय(घ) भन्दछन् । 'ईश्वरं गुरुं च भजस्व' (ईश्वर र गुरुकन पनि भज) यहाँ परस्पर-निरपेक्ष भयेका ईश्वर र गुरुको भजनक्रियामा संबन्ध छ । त्यस्तै—

(घ) सत्यं च धर्मं च पराक्रमं च भूतानुकम्पां च सुभाषितं च ।
द्विजातिदेवातिथिपूजनं च पन्थानमाहुस्त्रिदिवस्य सन्तः ॥ [बा. रा. २]

यहाँ स्वर्ग-पुर्‍याउनुरूप एककार्यमा परस्पर निरपेक्ष भयेका सत्य-धर्म प्रभृति अनेकको कारणरूप सम्बन्ध छ र च समुच्चयबोधक कहिन्छ ।

स्वस्ति ८ [आशीर्वाद । कुशल । पुण्य । मङ्गल । ४ चारलाई बुझाउँछ] जस्तै—

(१) स्वस्ति स्ताद्भूमिपालाय, (२) स्वस्तिमान् स्यात् प्रजाजनः । (३) स्वस्तिकृत् सुखमाप्नोतु । (४) स्वस्ति गायन्तु बालिकाः । इत्यादि ।

अति ८ [प्रकर्ष (उत्कर्ष=आधिक्य) । लङ्घन (अतिक्रमण) । २लाई बुझाउँछ । जस्तै—

(५) अतिदेवान् यदुपतिः । (६) अतिवायु नृणां चित्त । इत्यादि ।

स्वित् ८ [प्रश्न । वितर्क । २लाई वुझाउँछ] जस्तै—

(७) गमिष्यसि स्विद् आषाढ्यां गुरुपूजनकर्मणे ।

(८) स्विद् ब्राह्मणोऽसि भो ! भाले भसितेन विभासितः । इत्यादि ।

(ग) अनेकानेक-विघ्नले पीडित भयेर भक्तिभावका साथ स्मरण गर्न लागेका हाम्रो कार्यसिद्धि ब्रह्मा-शङ्कर-विष्णु ई देवताहरू दिउन् ।

(घ) सत्यव्यवहार सत्यवचन १, मनुप्रोक्त धृतिप्रभृति १० धर्म २, पराक्रम (अधर्मनिवारण) ३, प्राणिदया ४, प्रियवचन ५, ब्राह्मण-देवता-अतिथिको सेवा ६, यति कुराको समुच्चय (संमेल) स्वर्गको वाटो हो भनि सन्तहरू भन्दछन् ।

(१) महाराजलाई आशीर्वाद । (२) प्रजाहरू कुशल रहून् । (३) पुण्यगर्ने सुख पावोस् । (४) बालिकाहरू मङ्गल (मागल) गाउन् । (५) कृष्ण भगवान् अरुदेवताभन्दा उत्कृष्ट हुनुहुन्छ । (६) मानिसको चित्त वायुलाई (दौडमा) जित्तछ । (७) आषाढी पूर्णिमा (गुरुपूजा)का दिन गुरुपूजन गर्न जाउला की ? (८) ओ ! (भले आद्मी !) निधारमा विभूतिले उज्याला भयेका तिमो ब्राह्मण होउ की ?।

२८८७ सकृत् सहैकवारे चाप्याराद्दूरसमीपयोः ॥२४२॥
२८८८ प्रतीच्यां चरमे पश्चादुताप्यर्थं विकल्पयोः ।
२८८९ पुनः सहार्थयोः शश्वत् साक्षात् प्रत्यक्षतुल्ययोः ॥२४३॥

तु ८ [भेद (फरक) । अवधारण (ठहराउनु) । २लाई बुझाउँछ । जस्तै—

(१) अयं तु बालोपि भवन् चापलं नावलम्बते ।

(२) अचापलं तु विद्वत्तानिदानं ब्रुवते बुधाः ।

यहाँ 'अयं' सँग रहेको 'तु' शब्दले अरु बालकको भेद (फरक) बुझाउने भयेर 'अरु वालक चपल (चक्चके) छन्, यो त्यस्तो छैन' भन्ने भेद बुझिन्छ ।

उत्तरार्धमा 'विद्वत्ताको कारण अचापलै हो' भन्ने अवधारण बुझिन्छ ।

सकृत् ८ [साथ । एकपटक । २लाई बुझाउँछ] जस्तै—

(३) सकृद्गच्छन्ति शिशवः कक्षविन्यस्तपुस्तकाः ।

(४) सकृज्जल्पन्ति राजानः सकृत्कन्या प्रदीयते । इत्यादि ।

आरात् ८ [टाढा । नगीच । २लाई बुझाउँछ] जस्तै—

(५) आराद्गिरीशश्वशुरो हिमालयगिरीश्वरः ।

(६) आरात् स्थितो ब्रूहि शिशो ! स्फुटं नश्रूयते वचः । इत्यादि ।

पश्चात् ८ [पश्चिम । पछिल्लो । २लाई बुझाउँछ] जस्तै—

(७) 'पश्चादस्तं गतो भास्वान् । (८) पश्चात्प्राप्तोऽसि किं ददे ? । इत्यादि ।

उत ८ [अप्यर्थं (प्रश्न) । विकल्प (अथवा) । २लाई बुझाउँछ] जस्तै—

(९) उत व्रजेत् स एकाकी दिनान्ते गहनं वनम् ? ।

(१०) निनीषति सहैवाऽयं त्वामुत भ्रातरं तव । इत्यादि ।

शश्वत् ८ [वारंवार । सङ्सँगै । २लाई बुझाउँछ] जस्तै—

(११-१२) शश्वत् स्मृत्वा शङ्करं श्रेयसोऽर्थे शश्वद्याम द्रष्टुमुत्सष्टकार्याः । इत्यादि ।

---

(१) यो ता केटाकेटी भये पनि चक्चके वानी लिदैन ।

(२) पण्डितहरू विद्वत्ताको मुख्य कारण अचापल (चकचके नहुनु) मात्र हो भन्दछन् ।

(३) पुस्तक काखीच्यापेका लडकाहरू साथसाथ हिडिरहेका छन् ।

(४) राजा १ पटक बोल्दछन्, कन्या १ पटक दिइन्छन् ।

(५) शंकरजीका ससुरा हिमालय टाढा छन् ।

(६) वच्चा ! नगोचै वसेर बोल, वचन स्पष्ट सुनिदैन ।

(७) पश्चिमतिर सूर्य अस्ताईसके ।

(८) पछिवाट आयौ के दिउ ? ।

(९) त्यो एक्लै साँझमा घना जङ्गल जाला ? (१०) यो तिमिलाई साथ लैजान चाहन्छ, अथवा तिम्रा भाईलाई। (११-१२)कल्याणका निमित्त वारंवार शंकरजीलाई संझेर दर्शन गर्न सबै अरु काम छाडेर पनि सङ्संगै जाउ ।

२८९० खेदानुकम्पासन्तोषविस्मयामन्त्रणे वत ।
२८९१ हन्त हर्षेऽनुकम्पायां वाक्यारम्भविषादयोः ॥२४४॥

साक्षात् ८ [प्रत्यक्ष । तुल्य । २लाई बुझाउँछ] जस्तै—

(१-२) साक्षात्कार्यः केशिकंसादिहन्ता साक्षात् कल्पः सोऽय मायातिकालः । इत्यादि ।

वत ८ (बत ८) [खेद । दया । सन्तोष । आश्चर्य । आमन्त्रण (संबोधन) । ५लाई वुझाउँछ ।

(३) वत ! (बत !) स्वानां विपत्पाते मुखं नादर्शयं निजम् । [खेद]

(४) सतोषमादत्त वतोज्झितं जनैः पटच्चरं कच्चरमेषदुर्गतः । [दया]

(५) वतः पुत्रैश्च पौत्रैश्च संगतोऽस्मि निरामयैः [सन्तोष]

(६) वियता वत ! यान्ति निर्जरा इव पश्याद्य यथेप्सितं नराः [आश्चर्य]

(७) वत ! सखि ! कियदेत त्पश्य वित्तं मदीयम् [आमन्त्रण]

हन्त ८ [हर्ष । दया । वाक्यारम्भ । विषाद । ४लाई कहन्छ] जस्तै—

(८) हन्त ! प्रत्यागतः श्रीमान् श्रीरामः सप्रियानुजः [हर्ष]

(९) हन्त ! हन्त ! निहन्यन्ते दुर्जनैरकृतागसः [दया]

(१०) हन्त ! ते कथयिष्यामि जानकीनाथ सद्गुणान् [वाक्यारम्भ]

(११) हन्त ! न स्फुरति प्रज्ञा दुर्भिक्षव्याकुला मम [विषाद]

(१-२) केशी-कंसप्रभृतिलाई मार्ने कृष्णभगवान्लाई प्रत्यक्ष गर्नुपर्दछ (भक्तिबलले प्रकट गराउनुपर्दछ) [किनभने] कल्प(प्रलयकाल)जस्तो यो (भयानक) काल आई-रहेको छ ।

(३) अपसोस ! आफ्ना ज्ञाति(फुकी)हरुको विपत्परेका वेलामा मैले मुख पनि देखाइन ।

(४) कठैवरि ! अरु मानिसले मिल्काइदियेको मैलो जीर्ण (चिथडा) वस्त्र पनि यो कङ्गालीले खुशीसाथ लियो ! ।

(५) आहा ! निरामय (तन्दुरुस्त) रहेका पुत्रपौत्रले भेट्टिन गयें ।

(६) ओहो ! हेर, देउताजस्तै भयेर मानिस पनि आकाशमार्गले यथेच्छ हिड्न लागे ।

(७) ए ! सखि ! हेर यो मेरो धन कति छ ।

(८) आहा ! श्रीमान् रामजी प्रिया (जानकीजी) र लक्ष्मणजीसहित फिरिवक्सियो ।

(९) अपसोस ! महाअपसोस ! दुर्जनहरुले निरपराध-व्यक्ति मारियीरहेका छन् ।

(१०) लौ ! तिमिलाई श्रीरामजीका सद्गुण वताउछु ।

(११) हाय ! अनिकालले व्याकुल पारियेकी-बुद्धि फुर्दै फुर्दिन ।

२८९२ प्रति प्रतिनिधौ वीप्सा लक्षणादौ प्रयोगतः ।

प्रति ८ [प्रतिनिधि (सट्टा) । वीप्सा[2] (व्यापनेच्छा) । लक्षण[3] (परिचायन = चिह्नाउनु) । इत्यादिलाई बुझाउछ] शिष्टहरुले गरेका प्रयोगवाट [ईत्त्थंभूताख्यान[4] । भाग[5] । प्रतिदान[6] प्रभृति अर्थ पनि वुझ्नु पर्दछ] जस्तै—प्रतिनिधि बुझाउने 'प्रति' शब्दको प्रयोग गर्दा जस्को प्रतिनिधि गराइन्छ, तद्वाचक-शब्दमा पञ्चमीविभक्ति लाउनु पर्दछ। वीप्सा बुझाउने प्रतिको प्रयोग गर्दा जस्मा वीप्सा (व्याप्तीच्छा) छ तद्वाचक शब्दको द्वित्त्व गरेर द्वितीयाविभक्ति लाउनु पर्दछ। लक्षणबोधक प्रतिको प्रयोग गरेमा लक्षक (परिचायक) वाचक शब्दमा द्वितीयाविभक्ति लाउनु पर्दछ। 'यस्तो व्यक्ति यस्तो हुन्छ, यस्तो भयो, यस्तो होला' भन्ने अर्थ बुझाउन प्रतिको प्रयोग गरियेमा ईत्त्थम्भूताख्यान हुन्छ, यस्तामा पनि विषय (वस्तु) वाचक शब्दमा द्वितीयाविभक्ति लाउनु पर्दछ। भाग (हिस्सा = देय) बुझाउने प्रतिशब्दको प्रयोग गरेमा जस्को भाग हो तद्वाचक शब्दमा द्वितीयाविभक्ति लाउनु पर्दछ। प्रतिदान (साटो दिनु) बुझाउने प्रति शब्दको प्रयोग गरेमा जस्को साटो दिइन्छ, तद्वाचक शब्दमा पञ्चमी विभक्ति लाउनु पर्दछ। ६ अर्थमा 'प्रति'का उदाहरण क्रमैले, जस्तै–

(१) प्रजानुरञ्जनपरो राजाकल्पद्रुमात् प्रति ।
,, अनुरक्तः प्रजावर्गः कामधेनुव्रजात् प्रति ।

—प्रतिनिधिबोधक प्रति शब्द छ। प्रतिनिधेयवाचक पदवाट 'प्रतिनिधि····इत्यादिले पञ्चमी छ।

(२) गेहं गेहं प्रति पीता गायन्ति सुयशः प्रजाः ।
,, प्रजाः प्रजाः प्रति पुरा धर्म आसीत्सनातनः ।

—यहाँ वीप्सा छ, लक्षणेत्त्थं····ले द्वितीया, नित्यवीप्सयोःले द्वित्त्व भयेको छ।

(३) कलाबलादुदयते श्रीः प्रतीचीं दिशं प्रति ।
,, व्यादायाऽऽनन मभ्येति दुर्भिक्षं भारतं प्रति ।

—प्रतिले लक्षण बुझाउँछ, लक्षक वाचक पदवाट पूर्वसूत्रले द्वितीया भयेको छ।

---

(१) प्रजाको अनुरञ्जन गर्न तत्पर भयेका राजा प्रजाका हकमा कल्पवृक्षका प्रतिनिधि (कल्पवृक्षले गर्नु पर्ने काम गर्न शक्ने) हुन्छन्।

(,,) अनुरक्त भयेको प्रजावर्ग राजाका हकमा कामधेनुका बथानको प्रतिनिधि हुन्छ।

(२) खुशी भयेका प्रजा घरघरमा सुयश गाउँछन्।

(,,) अघी प्रजाप्रजामा सनातन धर्म थियो।

(३) कलाकौशलका प्रभावले लक्ष्मीजी पश्चिमतर्फ उदाईरहेकी छन्।

(,,) दुर्भिक्ष (अनिकाल) मुखवायेर (ग्रास गर्छु भनेर) भारतवर्षतर्फ अगाडी आईरहेको छ।

२८९३ इति हेतुप्रकरणप्रकाशादि समाप्तिषु ॥२४५॥

(४) प्राकृता अपि पाश्चात्या अभूवन् प्रकृतिं प्रति ।
,, भारतीया अपि पुनर्नाभूवन् भारतीं प्रति ।

—प्रतिले इत्थंभूताख्यान वुझाउँछ, आसक्ति विषयवाचक पदवाट पूर्वसूत्रले द्वितीया भयेको छ ।

(५) हरिं प्रति श्रीः, सुरभिर्मुनीन्प्रति, द्रुमः स कल्पोपपदः सुरान् प्रति, ।
,, स कालकूटः किल कृत्तिवाससं प्रति, प्रवृत्तेऽम्बुधिमन्थने सति ।

—प्रतिले भाग बुझाउछ, भागवानूवाचक पदवाट द्वितीया ।

(६) माषेभ्यः प्रतियच्छन्ति तिलाँस्तेमनकाङ्क्षिणः ।
,, तिलेभ्यः प्रतियच्छन्ति माषाँस्तर्पणकाङ्क्षिणः ।

—प्रतिले प्रतिदान (विनिमय) वुझाउँछ, विनिमेय (साट्न खोजिने) वस्तुवाचक पदवाट पञ्चमी छ ।

इति ८ [[1]कारण । [2]प्रकार = भेद । [3]प्रकाश । [4]एवमर्थं = यसरी । [5]समाप्ति । ५लाई बुझाउँछ] जस्तै—

(१) स व्यायामं करोतीति भीतिस्तस्य न रोगतः ।
(२) सत्त्वं रजस्तम इति गुणाः शास्त्रेषु वर्णिताः ।
(३) धर्मात् स्वर्गं प्रयातीति भगवान् बादरायणः ।
(४) हन्त ! नानायि मत्सूनु रित्युक्त्वा विरराम सः ।
(५) इति श्रीमद्दाशरथि प्रथिता चारवर्णनम् ।

---

(४) प्राकृत (मामूली) पाश्चात्य पनि प्रकृतिमा ढल्केका (प्रकृतिको तत्त्वानुसन्धान गर्न प्रेमी भयेका) भये ।

(,,) भारतीय (हिन्दू) पनि भारती(विद्या)मा ढल्केका हुन गयेनन् ।

(५) समुद्रमथन हुनलागेमा,—लक्ष्मी विष्णुको भाग, कामधेनु मुनिहरुको भाग, कल्पवृक्ष देवताहरुको भाग भयो, त्यो कालकूट विष ता गजचर्मलाउने(शिवजी)को भाग ! ।

(६) तेमन्(तिहुन)को खायश गर्ने मानिस माष साट्न तिल दिन्छन्, तर्पण गर्न खायश गर्ने मानिस तिल साट्न माष दिन्छन् ।

(१) त्यो व्यायाम (कसरत) गर्दछ, यसकारणले त्यस्लाई रोगवाट डर छैन ।
(२) शास्त्रमा सत्त्व, रज, तम, ई ३ प्रकारका गुण वर्णन गरियेका छन् ।
(३) 'धर्माचरणद्वारा स्वर्ग जान्छ' भन्ने मतको प्रकाश गर्ने व्यास-भगवान् हुनु हुन्छ ।
(४) 'हाय ! मेरा छोरा (राम) ल्याइयेनन् ?' यत्ति भनेर ती (दशरथ) चुप्प लागे ।
(५) श्रीमान्-दशरथनन्दन-रामजीका प्रसिद्ध चरित्रको वर्णन समाप्त भयो ।

२८९४ प्राच्यां पुरस्तात् प्रथमे पुरार्थेऽग्रत इत्यपि ।
२८९५ यावत्तावच्च साकल्येऽवधौ मानेऽवधारणे ॥२४६॥
२८९६ मङ्गलानन्तरारम्भप्रश्नकात्स्न्र्येष्वथो अथ ।
२८९७ वृथा निरर्थकाविध्योर्नानानेको भयार्थयोः ॥२४७॥

पुरस्तात् ८ अग्रतस् ८ [२ पूर्वतिर । पहिले । अगाडी । ३लाई बुझाउँछन्] जस्तै—

(१) पुरस्ताद्भासते भानुः पुरस्ताद्भुञ्जतेऽर्भकाः ।
मनः पुरस्तादायान्तं सखायं वीक्ष्य मोदते ॥
(अग्रतो भासते भानुरग्रतो भुञ्जतेऽर्भका ।
मनोग्रतः समायान्तं सखायं वीक्ष्य मोदते ।)

यावत् ८ तावत् ८ [२ [1]साकल्य (सकलता = पूर्णता = जम्मै) [2]अवधि । [3]परिमाण = जति-त्यति । [4]निश्चय । ४लाई बुझाउँछ] जस्तै—

(२) यावद्देहि त्वं बुभुक्षावतेऽस्मै तावद्भुञ्जीतायमद्यैव दीनः ।
(३) प्राहुः प्राज्ञाः पादपांशप्रबुद्धाः शाखांयावत् मूलदेशात्प्रकाण्डम् ।
(४) तावत्सुवर्णमप्यस्तियावद्रजतमस्ति मे ।
(५) इदं तावत् सुरुचिरं वचनं तावकं सखे ! ।

अथो ८ अथ ८ [२ [1]मङ्गल । [2]अनन्तर = उप्रान्त । [3]प्रारम्भ । [4]प्रश्न । [5]कात्स्र्य = समग्रता । ५लाई बुझाउछ, जस्तै क्रमैले—[1]अथातो ब्रह्मजिज्ञासा । [2]अथ प्रजानामधिपः प्रभाते । [3]अथ शब्दानुशासनम् । [4]अथ वक्तुं समर्थोसि ? । [5]अथ धातून् ब्रूमः । अथोशब्द पनि यस्तै हो । उदाहरण स्पष्टै छन् ।

वृथा ८ [[1]व्यर्थता । [2]विधिहीनता । २लाई बुझाउँछ] जस्तै—

(×) अनिर्लोडितकार्यस्य वाग्जालं वाग्मिनो वृथा ।
(✽) यथेष्टं फलितुं नेष्टे वृथादानं हि भूर्यपि ॥

---

(१) सूर्य पूर्वतिर प्रकाशमान छन् १ । केटाकेटीहरू पहिले खान्छन् २ । अगाडी आउनलागेका मित्र देख्ता मन खुशी हुन्छ ।

(२) भोकवाला-यस्लाई तिमी यावत् देउ (जम्मै देउ) यो दुःखी आजै जम्मै खाइसक्ने छ ।

(३) वृत्तका हिस्सामा ज्ञान भयेका बुद्धिमान्हरू फेददेखि हाँगाफाटने ठाउसम्मकी भागलाई प्रकाण्ड भन्छन् ।

(४) मेरो चाँदी जति छ, सुन् पनि उति छ ।

(५) हे मित्र ! तिम्रो यो वचन पक्का (निश्चयै) रुचिकर (सर्वप्रिय) हो ।

(×) कामको ठीक-ठीक आलोचना गर्न नशक्ने वाग्मी(वोलक्कड)को वचनप्रपञ्च व्यर्थ छ ।

(✽) धेरै भये पनि विधिच्युत (विधिहीन) भयेको दान यथेष्ट फल दिन शक्तैन ।

२८९८ नु पृच्छायां विकल्पे च पश्चात्सादृश्ययोरनु ।
२८९९ प्रश्नावधारणानुज्ञानुनया मन्त्रणे ननु ॥२४८॥
२९०० गर्हा समुच्चयप्रश्नशङ्कासंभावनास्वपि ।

नाना ८ [अनेक (धेरै) । दुइ (२) । २लाई वुझाउँछ] जस्तै—

(X) नानाविधानि शास्त्राणि जानानोऽगाधधीरयम् ।
ब्रूते नानागुणं वायुं वेदान्ती विद्वदग्रणीः ॥

नु ८ [प्रश्न । विकल्प । २लाई वुझाउछ] जस्तै —

(★) अहं व्रजेयं नु ? भवान् विलोकयेदहिर्नु रज्जुर्नु विलोक्यते पुरः ।

अनु ८ [पछी । सादृश्य (तुल्यता) । २लाई वुझाउँछ] जस्तै—

(M) प्रजाः प्रीतिगुणाकृष्टाः श्रीराममनुनिर्ययुः ।
(N) स्पृहणीयैरन्वकरोच्छ्रीरामं भरतो गुणैः ।

ननु ८ [प्रश्न[१] । निश्चय[२] । आज्ञा[३] । अनुनय[४] = फुल्याउनु । संबोधन[५] । ५लाई बुझाउँछ] जस्तै—

(१) विहाय मातरं वृद्धां ननु गच्छसि पुत्रक ! ।
(२) इयं त्वया परित्यक्ता वृद्धा संस्थास्पते ननु ।
(३) खनित्रं पिटकं दात्रं ननु गच्छ समाहर ।
(४) पठ ननु पठ वत्स ! सत्समाजे वदनमुदञ्चयमेमुदंचयच्छ ।
(५) ननु लक्ष्मण ! वैदहीं विहाय त्वं समागतः ।

अपि ८ [निन्दा । समृह । प्रश्न । शङ्का । संभावना । ५लाई वुझाउँछ] जस्तै—

(X) नानाप्रकारका (अनेकतरहका) शास्त्र जान्ने अगाध बुद्धि भयेका ई वेदान्ती पण्डितवरजी वायुलाई २ गुणवाला (स्पर्शशब्दवान्) भन्नुहुन्छ ।

(★) म जाउँ र ? तपाइं हेर्नु होस्, सर्प हो की डोरी हो अगाडी देखिईरहेको छ ।

(M) प्रीतिरूपी गुण(डोरी)ले खीचियेका प्रजाहरू श्रीरामका पछी निस्के ।

(N) भरतजी रहर्लाग्दा-सद्गुणले श्रीरामजीको अनुकरण गर्नुहुन्थ्यो (उस्तै हुनुहुन्थ्यो) ।

(१) बूढी भयेकी आमालाई छाडेर जान्छौ र ? वावू ! ।

(२) तिमिले छाडियेकी ई वूढी आमा अवश्य सिद्धिने(मर्ने)छन् ।

(३) लौ जाउ, खन्ती, डोको, खुर्पा जम्मा पार ।

(४) पढन-पढ बाबू ! सज्जनका समाजमा मुख ठाडो पार, मलाई आनन्द देउ ।

(५) ए लक्ष्मण ! सीतालाई छाडेर तिमी आयौ ।

२९०१ उपमायां विकल्पे वा सामि त्वर्धे जुगुप्सिते ॥२४९॥
२९०२ अमा सह समीपे च कं वारिणी च मूर्धनि ।

(१) लशुनमपि विप्रपुत्रोऽनयत्रपिष्णुर्भवन् ग्रसते ।

(२) इदमिदमिदमपि मनुतेसंग्रहणीयं गृही सोऽयम् ।

(३) अपि जानासि मां वत्स ! चिरादद्यसमागतम् ।

(४) अपि चोरः समासन्नो भषत्युच्चैः शुनः शिशुः ।

(५) अपि चूर्णीकुर्वीत प्रहरन्नुर्वीधरं मुष्टया ।

वा ८ [उपमा (तुल्यता) । विकल्प (पक्षान्तर) । २लाई बुझाउँछ] जस्तैं—

(६) प्रतप्तलोहपिण्डो वा भानुः कुज्झटिकावृतः ।

(७) उमेशं वा रमेशं वा भजेशं वाञ्छता हृदा ।

सामि ८ [आधा । खराव । २लाई बुझाउँछ] जस्तै—

(८) यामियामि शयनाय मुञ्चमां सामिसामि कुरु निर्जितं धनम् ।
(९) मामिहस्थितमवेक्ष्य ताडयेत् सामिकर्मनिरतं क्रुधा गुरुः ॥ इत्यादि ।

अमा ८ [समीप । साथ । २लाई बुझाउँछ] जस्तै—

(१०) समीपवर्तिनं प्राहुरमात्यं पृथिवीपतेः ।
(११) चन्द्रार्कयोः सह स्थित्याऽमावास्या तिथिरुच्यते ।

कम् ८ [पानि । शिर (टाउको) । लाई कहन्छ] जस्तै—

---

(१) छिः ! बाहुन्को छोरो निर्लज्ज हुदै लशुन खाइ रहेको छ ।
(२) उहि यो गृहस्थ (कुटुम्बी) मानिस यो, यो, यो, (वस्तु) पनि संग्राह्य ठान्दछ ।
(३) वच्चा ! धेरै-समयपछी आज आयेको—मलाई के ? चिन्दछौ ।
(४) चोर आइपुग्यो कि ? कुकुरको वच्चा साह्रै चिच्च्याउन लाग्यो ।
(५) मुक्काले (मुडकीले) ठोक्न लाग्यो भने [शायद] पहाडलाई पनि धूलोपीठो पार्ला ।
(६) कुहिराले ढाकियेका सूर्य खूब तातेको लोहपिण्डजस्ता हुन्छन् ।
(७) कल्याणकन चाहने चित्तले कि पार्वतीपति कि लक्ष्मीपतिलाई भज्दछु ।
(८) जान्छु, जान्छु, सुत्न, मलाई छाडिदेउ, जितेको धन आधार (वच्छोर) गर ।
(९) खराव काम(जूवा)मा तत्पर भयेको मलाई यहाँ वसेको देखेर गुरुजी रिसले पिट्नुहुनेछ ।
(१०) राजाको नगीचैमा वस्ने सकसलाई अमात्य भन्दछन् [अमा भवः (समोप भवः) अमात्यः] ।
(११) चन्द्र-सूर्य संगै वस्ने तिथि ‘अमावास्या’ कहिन्छ [अमा (सह) वसतः चन्द्रार्कौ यस्यां स्तातिथिः अमावास्या] ।

२९०३ इवेत्थमर्थयोरेवं नूनं तर्केऽर्थनिश्चये ।।२५०।।
२९०४ तूष्णीमर्थे सुखे जोषं किं पृच्छायां जुगुप्सने ।
२९०५ नामप्राकाश्यसंभाव्यक्रोधोपगमकुत्सने ।।२५१।।

(१) जायते वारिणि ततः कमलं कञ्जमुच्यते ।
(२) मूर्ध्नो दश धरन् ख्यातो रावणो दशकन्धरः । इत्यादि ।

एवम् ८ [इवार्थ (तुल्यता) । इत्त्यमर्थ (यसरी, यसो) २लाई वुझाउँछ] जस्तै—

(३-४) वेदाभ्यासी वह्निरेवम्, एवं तिष्ठंश्च पूज्यते । इत्यादि ।

नूनम् ८ [तर्क । निश्चय । २लाई वुझाउँछ] जस्तै—
(५) नूनं हनूमानायतः श्रूयते गर्जन ध्वनिः ।
(६) द्रुतप्रसर्पणे वायुर्नूनं न्यूनोऽस्ति चेतसः ।

जोषम् ८ [चुपचाप । सुख । २लाई कहन्छ] जस्तै—
(७) जोषमास्स्व न जानीषे वृत्तान्तमिममादितः ।
(८) जोषं ज्यौत्स्नीषु रात्रीषु विहरन्ति विलासिनः । इत्यादि ।

किम् ८ [प्रश्न । निन्दा । २लाई बुझाउँछ] जस्तै—
(९) किमाद्रियेरन् रसिकास्तावकीनां कृतिं कवे ! ।
(१०) स किं सखा साधु नशास्ति योऽधिपम् । इत्यादि ।

नाम ८ [प्रसिद्धि । संभावना (उमेद) । क्रोधले गरेको अङ्गीकार । क्रोध । निन्दा । ५लाई बुझाउँछ ।

(११) हिमालयो नाम नगाधिराजः । (१२) युद्धं संपत्स्यते नाम ।
(१३) हन्तु नाम भटान् दुष्टोऽसन्निकृष्टे मयि स्थिते ।

---

(१) पानिमा उम्रने हुनाले कमललाई 'कञ्ज' भन्दछन् [कं (वारिणि)जायते इति कञ्जम्]।
(२) दशोटा टाउका धारण गर्ने हुनाले रावण 'दशकन्धर' भनि प्रख्यात भयो ।
(३-४) वेदाभ्यास गर्ने मानिस अग्निजस्तो (तेजस्वी) हुन्छ, यसरी रह्यो भने पूजित हुन्छ ।
(५) हनूमान् आइपुगे की ? गर्जेको अवाज सुनिन्छ ।
(६) छीटो फैलिने काममा मनभन्दा वायु न्यून (कम्) छ, पक्का ।
(७) चुप लागेर वस, तिमी पहिलेदेखी यो वृत्तान्त जान्दैनौ [बीचमा नबोल]
(८) शौकीनहरू उज्याली रातमा सुखसाथ विहार गर्दछन् ।
(९) कविजी ! रसिकहरू तिम्रो रचनालाई आदर गर्लान् र ?।
(१०) जो मालिकलाई राम्रो शिक्षा दिदैन त्यो निन्दितमित्र (कुमित्र) हो ।
(११) 'हिमालय' भनेर प्रसिद्ध भयेका गिरिराज । (१२) लडाई हुने हो की ?।
(१३) म टाढा भयेका वेलामा त्यो दुष्ट सिपाहिहरूलाई मारोस् लौ ! ।

२९०६ अलं भूषणपर्याप्तिशक्तिवारणवाचकम् ।
२९०७ हुं वितर्के परिप्रश्ने समयान्तिकमध्ययोः ॥२५२॥
२९०८ पुनरप्रथमे भेदे निर्निश्चयनिषेधयोः ।

(१४) ममापि नाम रिपवो दिग्दन्तावलमर्दिनः ।
(१५) धार्मिकान् वशमानेतुं धनं नाम प्रदित्ससि ।

अलम् ८ [भूषण (सिंगार्नु) । पर्याप्ति (पुग्नु) । सामर्थ्य । निवारण । ४लाई बुझाउँछ] जस्तै—

(१) अलङ्करोति विद्वांसं विनयः स्त्वं नवेत्सितम् ।
(२) एतावदोदनमलं नास्ति वह्निबलं मम ।
(३) अलं चाणूरमल्लाय श्रीगोपीगणवल्लभः ।
(४) अलं महीपाल तव श्रमेण ।

हुम् ८ [८ तर्क । प्रश्न । २लाई बुझाउँछ] जस्तै--

(५) हुँ हनूमान् समायाति परीतः कपिकुञ्जरैः ।
(६) हुँ गच्छसि ? प्रतीक्षस्व गच्छामि नयमामपि ।

समया ८ [नगीच । माझ । २लाई बुझाउँछ] जस्तै--

(७-८) नद्यस्ति समया[१] ग्रामं, तद्वयं समया[२] मठः । इत्यादि ।

पुनर् ८ [अप्रथम (पहिलोबाहेक = फेरी) । भेद (फरक) । २लाई बुझाउँछ] जस्तै--

(९) पुनर्जल्पसि जाल्म ! त्वं वार्यमाणः सुहृज्जनैः ।
(१०) मानमर्हति सर्वोऽपि किं पुनः पृथवीपतिः । इत्यादि ।

निर् ८ [निश्चय । निषेध । २लाई बुझाउँछ] जस्तै--

(११) स सर्वमङ्गलमयः समयः किल निर्गतः ।

---

(१४) दिग्गजहरूलाई माडमुड् पार्ने मेरा पनि शत्रु, हँ ! ।
(१५) धर्मात्माहरुलाई वश पार्न धन पाजि दिन खोजदछौ ? ।
(१) विद्वान्‌लाई विनयले भूषित गर्दछ, तिमी त्यो जान्दैनौ ।
(२) यति भात पर्याप्त छ (यति भातले पुग्दछ), मेरो जठराग्निको बल छैन (धेरै पचाउन शक्तिन) ।
(३) गोपीजनवल्लभ (श्रीकृष्ण)जी चाणूरमल्ललाई (पछार्न) समर्थ छन् ।
(४) हे राजन् ! तिम्रा परिश्रमको जरूरत छैन (परिश्रम नगर) ।
(५) हँ ? ठूलाठूला-वानरवर्गले घेरियेका हनूमान् आये को ? ।
(६) हँ ? जान्छौ ?, पर्ख, जान्छु, मलाइ पनि लैजाऊ ।
(७-८) गाउँको नगीचमा नदी छ, ति दुइको माझमा मठ छ ।
(९) मित्रवर्गले रोकियेको तँ फेरि बोल्दछस् वेवकूफ ! ।
(१०) सवै व्यक्ति मान गर्न लायक छ [भने] राजा झन् के भन्नु पर्दछ ।
(११) सवतरहवाट मङ्गलै मङ्गल भयेको त्यो समय पक्का गयो ।

२९०९ स्यात् प्रबधे चिरातीते निकटागामिके पुरा ॥२५३॥
२९१० ऊररर्यूरीचोररी च विस्तारेऽङ्गीकृतौ त्रयम् ।
२९११ स्वर्गे च परलोके स्ववार्तासंभाव्ययोः किल ॥२५४॥

(१२) निर्धनो हि निरुत्साहो निरालम्बश्च जायते । इत्यादि ।

पुरा ८ [निरन्तरता (लगातारपना) । पहिले । धेरै अघी वितेको काल । निकट भविष्य । ४ लाई बुझाउँछ] ।

(१) प्राचः कालात् प्रचलिता रीतिरेषां पुरातनी ।

(२) वृद्धेभ्यश्च युवभ्यश्चाऽभोज्यन्त शिशवः पुरा ।

(३) पुरा दशरथो नाम बभूव पृथिवीपतिः ।

(४) सिन्धो ! न चेद्दिशसि वर्त्म, विशोषितं त्वां
पादैः पुरा तरति वानरवाहिनीयम् ।

ऊररी ८, ऊरी ८, उररी ८ [ई ३ अव्ययशब्द विस्तार । अङ्गीकार । (स्वीकार) । २लाई बुझाउँछन्] ई ३ शब्दको प्रयोग कृधातुसँग संबद्ध भयेर मात्र भयेको देखिन्छ । जस्तै--

ऊररी करोति, ऊरी करोति, उररी करोति, (फैलाउँछ, अथवा अङ्गीकार गर्दछ) इत्यादि ।

स्वर् ८ [स्वर्ग । परलोक । २लाई बुझाउँछ] जस्तै--

(५) स्वः प्रयाति खलु पुण्यवान् जनः ।

(६) स्वर्गतो जरया जीर्णो नास्तिकः स परेऽहनि ।

किल ८ [वार्ता (वृत्तान्त) । संभाव्य (उमेद गर्न शकिने) । २लाई बुझाउँछ] जस्तै--

(७) कंसं जघान किल बालक एव कृष्णः ।

(८) मेधावी सन्नयं बालोऽतिशयीतकिलाग्रजान् ।

---

(१२) निर्धन (गरीव) भयेको मानिस निरुत्साह र निराश्रय हुन्छ ।
(१) प्राचीनकालदेखी निरन्तर चलिआयेकी यो रीति सनातनी रीति कहिन्छे ।
(२) वूढा र जवानभन्दा पहिले केटाकेटीहरू खुवाइये ।
(३) दशरथ भनी प्रख्यान भयेका राजा उहिल्यै भये ।
(४) ए समुद्र ! वाटो दिदैनस् भने शुकाइयेका तलाई तर्नेछ र वानरको फौज पैदल पारी पुग्नेछ, पक्का ।
(५) पुण्यवान् मानिस निश्चय स्वर्ग जान्छ ।
(६) बुढ्याइँले जर्जर भयेको त्यो नास्तिक भोली पल्ट परलोक गयो ।
(७) कृष्ण भगवान्ले बालकै अवस्थामा कंसलाई मार्नुभयो रे ।
(८) मेघावी (स्मृतिशक्ति भयेको) हुनाले यो लड्का दाज्यूहरूलाई जितला ।

२९१२ निषेधवाक्यालङ्कार जिज्ञासानुनये खलु ।
२९१३ समीपोभयतः शीघ्रसाकल्याभिमुखेऽभितः ॥२५५॥
२९१४ नाम प्राकाश्ययोः प्रादुर्मिथोऽन्योन्यं रहस्यपि ।

खलु ८ [निषेध । वाक्यालङ्कार । जिज्ञासा । अनुनय (फुल्याउनु-फकाउनु) । ४लाई बुझाउँछ] जस्तै—

(१) अनाश्रवः पङ्किलायां भुविद्रुतपदश्चलन्,
स्खलितः पतितोऽसित्वं रुदित्वा खलु वत्सक ! ।

(२) एतत् खलु खलत्वं ते यत् परोक्षे विनिन्दसि ।
(३) भेषजं खलु जानासि प्रमेहामयनाशनम् ।
(४) मुरलीं मे पुराऽऽच्छिन्नां प्रयच्छ खलु राधिके ! ।

अभितस् ८ [नगीच । दुवैतर्फ । चाँडो । सकलता । सामने । ५लाई बुझाउँछ ।

(५) पश्याऽभितोऽयं तुहिनस्य पर्वतः ।
(६) अभितो वीज्यमानोऽयं चामराभ्यां रघूद्वहः ।
(७) अभितो गच्छतु भवान् यजमानः प्रतीक्षते ।
(८) महान्तः पण्डितजना अभितः समुपस्थिताः ।
(९) आयान्तमभिस्तूर्णं प्रत्युद्गच्छ निजं गुरूम् ।

प्रादुस् ८ [नाम । प्रकाशमानता । २लाई कहन्छ] जस्तै—

(१०) रामः प्रादुर्बभूवेति ननन्दुर्मुनयो वने ।
(११) प्रादुरासीत्प्रभाभानोर्विनष्टं गहनं तमः ।

मिथस् ८ [परस्पर । एकान्त । २लाई बुझाउँछ] जस्तै—

---

(१) भनेको नमान्ने भयेर हिलो भयेको जमीनमा छिटोछिटो खुट्टा राख्तै हिडीरहेका तिमी चिप्लियौ, लड्यौ, नरोउ बाबू ! (रुनु छैन) ।
(२) तिमी जो परोक्षमा खूब निन्दा गरीरहेका छौ, तिम्रो दुर्जनता यही हो ।
(३) के तिमी प्रमेहरोग नष्ट गराउने औषध जान्दछौ ?
(४) खोसेको तिमिले मेरो मुरली द्यौ न ! राधिके ! ।
(५) हेर नगीचमा यो हिमालय पर्वत हो ।
(६) दुइतिर चमर डोलाइएका रामजी हुन् ।
(७) तपाईं चाँडो जानुहोस्, यजमान पर्खीरहेका छन् ।
(८) ठूलाठूला पण्डित सर्वैतिरवाट आइसके ।
(९) साम्नेवाट आउन लागेका गुरुको आगवानी गर ।
(१०) राम नामका व्यक्ति पैदा भये भनेर जंगलमा रहने मुनिहरू खुशी भये ।
(११) सूर्यको प्रभा प्रकाशित भयो, गहिरो अन्धकार नष्ट भयो ।

२९१५ तिरोऽन्तर्धौ तिर्यगर्थे हा विषादशुगर्तिषु ॥२५६॥
२९१६ अहहेत्यद्भुते खेदे हि हेतावववधारणे ।

इति नानार्थवर्गः ।

(१२) सतीर्थ्या मिथो मित्रतामाश्रयन्ताम् ।
(१३) शान्ता मिथः समासीना मन्त्रयन्ते महीभुजः ।
तिरस् ८ [अन्तर्धान (गायब हुनु) । तेर्सो । २लाई बुझाउँछ] जस्तै--
(१-२) तिरो बभूव तिमिरं तिर्यञ्चोऽपि समुत्थिताः ।
हा ८ [विषाद । शोक । पीडा । ३लाई बुझाउँछ] जस्तै--
(३) हाहाकारकरं नैतद्दुर्भिक्षं हा ! प्रशाम्यति ।
(४) हा ! रन्तिदेव ! हा ! कर्ण ! हा ! शिबे ! हा ! युधिष्ठिर ! ।
(५) हा ! निशेयं कथं पौषी विषमा नीयतां मया ।
अहह ८, अहहा ८ [२ आश्चर्य । खेद (विषाद) । २लाई बुझाउँछ] जस्तै–
(६) 'अहह ! हनुमानूढद्रोणाचलः समुपस्थितः' ।
(७) 'त्वरितमहहा ! सौमित्रिश्च स्फुरन् पुनरुत्थितः' ।—आश्चर्य
(८) अहह ! बहुभिर्भीमैर्नागैरबन्धि रघूद्वहः ।
(९) सभयमहहा ! सर्वे कीशा अनोशतया द्रुताः ।—खेद
हि ८ [हेतु (किन भने ?) । निश्चय । २लाई बुझाउँछ] जस्तै—
(१०) अग्निस्तत्रास्त्यविछिन्ना धूमरेखा हि दृश्यते ।
(११) न हि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति ।—इत्यादि

इति नानार्थवर्गः ।

---

(१२) सतीर्थ्यहरू परस्पर मित्रभाव लिउन् ।
(१३) राजाहरू शान्त भईकन एकान्तमा वसेर मन्त्रणा गर्दछन् ।
(१-२) अन्धकार अन्तर्धान भयो, तिर्यक्(तेर्सो हिडने पशु)हरू उठीसके ।
(३) हाय ! हाहाकार गर्ने दुर्भिक्ष शान्त हुदैन ।
(४) हा रन्तिदेव ! (रन्तिदेव महाराज ! तिमो पृथ्वी छाडेर गयौनी ! इत्यादि ।
(५) ऐय्या ! यो भयानक-पूसमहिनाको रात मैले कसरि विताउने ?
(६) ओहो ! द्रोणाचल बोकेका हनूमान्‌जी आइपुगे ।
(७) ओहो ! लक्ष्मणजी पनि झट्पट् चट्पटाउदै उठे ।
(८) हाय ! (अपसोस !) रघुनाथजी भयङ्कर-वेरै नागले (नागपाशले) वाधिनु भयो ।
(९) हाय ! (अफसोस) सवै वानर अनाथ भयेका हुनाले डराइकन भागे ।
(१०) त्यहाँ आगो छ, किन भने अविच्छिन्न (नटुटेको) धूमरेखा । (धुवाको धर्कों) देखिन्छ ।
(११) स्वात्मारामलाई (आत्मानन्दीलाई) विषयको मृगतृष्णाले झुक्क्याउन शक्तैन, पक्का ।

२९१७ चिराय चिररात्राय चिरस्याद्याश्चिरार्थकाः ।
२९१८ मुहुः पुनः पुनः शश्वदभीक्ष्णमसकृत्समाः ॥१॥
२९१९ स्राग्झटित्यञ्जसाह्नाय द्राङ् मङ्क्षु सपदि द्रुते ।

चिराय। चिररात्राय। चिरस्य। [आद्य शब्दले] (चिरेण ८। चिरात् ८। चिरम् ८। चिरे ८) ई ७ शब्द चिरकाल(धेरैवखत)लाई वुझाउँछन्। ई शब्द चतुर्थ्यन्त, षष्ठयन्त, पञ्चम्यन्त, द्वितीयान्त, सप्तम्यन्त, जस्ता देखिये पनि तत्तद्विभक्तयन्त होइनन् र सवैको अर्थ यौटे हुन्छ, जस्तै—

(१) चिराय दृष्टोऽसि मया कच्चित्ते कुशलं सखे !।
,, चिररात्राय दृष्टोऽसि ,, ,, ,,
,, चिरस्य दृष्टोऽसि मया वयस्य ! कुशलं तव। इत्यादि।

मुहुस् ८। पुनः पुनर्। शश्वत्। अभीक्ष्णम्। असकृत्। ५ वारंवारलाई वुझाउँछन्।

(२) मुहुर्मुहुर्जन्म पुनः पुनर्मृतिस्तथापि मुक्तिं हतधीर्नवाञ्छति। इत्यादि

स्राक् ८। झटिति। (झगिति ८) अञ्जसा ८। अह्नाय ८। द्राक ८। मङ्क्षु ८। सपदि ८। ८ झट्टलाई वुझाउँछन्।

(३) श्रीचय व्यापृतानां नः स्रागतीयाय हा वयः।
(४) झटित्यसूँस्त्यक्ष्यतीति नीतः स्वस्तटिनीं प्रति।
(५) कर्म नाञ्चति मञ्जुत्वमञ्जसा विहितञ्जनैः
(६) अह्नाय तावदरुणेन तमो निरस्तम्।
(७) द्रागुत्तरं देहि शिशो ! नाङ्कलाभो विलम्बने।
(८) मिमङ्क्षुमेनं मङ्क्षुत्वं समुत्तारय तीरतः।
(९) सन्तं विपदि तीव्रायां मित्रं सपदि पालय। इत्यादि।

---

(१) मैले धेरै दिन्मा देखिनु भयो, हेमित्र ! तपाईलाई कुशल ता छ ?
(२) वारंवार जन्म, वारंवार मरण छ, तथापि हतबुद्धि भयेको मानिस मुक्ति चाहदैन।
(३) संपत्तिका थुप्रामा कोशीश गरीरहने हाम्रो उमेर सुरुक्क वितीसकेछ, अपसोस !।
(४) झट्टै प्राण छाडलान् भनेर गङ्गाजीतर्फ लगिये।
(५) मानिसले झटपट गरेको काम राम्रोपनामा पुग्दैन।
(६) तेत्यूञ्जेल, अरुणले झट्टै अन्धकार हटाये।
(७) लडका ! झट्ट [प्रश्नको] उत्तर देउ, विलम्ब गरेमा अङ्कलाभ हुनेछैन (लंबर पाउनेछैनौ)।
(८) डुब्नखोज्ने—इन्लाई तिमी झट्ट पाखातिर उतारिदेउ।
(९) कडा-विपत्तिमा परिरहेका मित्रलाई तिमी झट्ट वचाऊ।

२९२० बलवत् सुष्ठु किमुत स्वत्यतीव च निर्भरे ॥२॥
२९२१ पृथग्विनान्तरेणर्ते हिरुङ् नाना च वर्जने ।
२९२२ यत्तद्यतस्ततो हेतावसाकल्ये तु चिच्चन ॥३॥

बलवत् ८ सुष्ठु ८ किमुत ८ सु ८ अति ८ अतीव ८ [६ ज्यादा(अति)लाई वुझाउँछन्]

(१) बलवद्बाधते व्याधिः पथ्यसेवा पराङ्मुखम् ।
(२) सुष्ठु पीतं घृतं मन्ये भवताऽऽमवता सता ।
(३) जीमूतः किमुतमलीमसः प्रवर्षन्नभ्यागान्नभसि शनैः शनैः प्रसर्पन् ।
(४) सुशोभते विनयः पण्डितानाम् ।
(५) विवर्जयेदतिवादान् मनीषी ।
(६) अतीव ते चञ्चल त्वं चेतसः प्रतिभाति मे । इत्यादि ।

पृथक् । विना । अन्तरेण । हिरुक् । नाना । [५ वर्जन(वाहेक, अलग)लाई वुझाउँछन्] जस्तै—

(७) भिक्षुराक्रन्दति बहिः किंचिद्दत्त्वा पृथक्कुरु ।
(८) विना श्रमं दुर्लभा वत्स ! विद्या ।
(९) अन्तरेणाऽरुणं कोऽन्यस्तिमिरं तिरयिष्यति ।
(१०) हिरुक् पथ्यसेवां हिरुक् किं प्रयाति ?
(११) विष्णुं नाना मुक्तिदानाय कोऽन्यः ।

यत् ८ यतस् ८ [२ जुन्कारणले—लाईबुझाउँछन्]

(१२) कृतापराधस्त्वमसि यन्म्लानमुखतां गतः ।

---

(१) पथ्यसेवामा विमुख भयेका मानिसलाई रोगले ज्यादा पिर्दछ ।
(२) आउको वेमारी भयेका तपाईंले घिउ खूब पियेको थियो भन्ठान्दछु ।
(३) चौपट्ट-कालो-मेघ आकाशमा सुस्त२ फैलिदै वर्षदै आयो ।
(४) पण्डितहरूको विनय खूब सुहाउछ ।
(५) बुद्धिमान् मानिस अतिवाद (अर्घेला कुरा) छाडोस् ।
(६) मलाई तिम्रा चित्तको चञ्चलता ज्यादै नै मालूम पडदछ ।
(७) वाहिर भिक्षुक चिच्याईरहेको छ, केहि दियेर अलग गर (हटाउ) ।
(८) वावू ! विना परिश्रम विद्या दुर्लभ छ ।
(९) सूर्यवाहेक अन्धकारलाई अर्को को हटाउला ? ।
(१०) विना पथ्यसेवा रोग पक्का जान्छ र ? ।
(११) मुक्ति दिनलाई विष्णुवाहेक अर्को को छ ? ।
(१२) तँ कृतापराध (कसूरमन्द) छस्, जस्कारणले निन्याउरो मुख लाइस् ।

२९२३ कदाचिज्जातु सार्धं तु साकं सत्रा समं सह ।
२९२४ आनुकूल्यार्थकं प्राध्वं व्यर्थके तु वृथा मुधा ।।४।।

(१) कृतापराधस्त्वमसि विच्छायस्त्वं यतो गतः । इत्यादि ।

तत् ८ ततस् ८ [त्यसकारणलाई वुझाउँछन्] जस्तै—

(२) मां प्रपन्नोऽसि कौन्तेय ! तत्त्वां पातास्मि सर्वतः ।
(३) मां प्रपन्नोऽसि कौन्तेय ! ततस्त्राणमवाप्स्यसि । इत्यादि ।

चित् ८ । चन । [२ असाकल्य (केहि, कोहि) बुझाउँछन्] जस्तै—

(४) केचिद्धनं मानयन्ति गुणान् शंसन्ति केचन ।
न धनं न गुणान् किन्तु भाग्यं शंसन्ति केचन ।।

कदाचित् ८ जातु ८ [२ कदाचित् (कुनै समयमा) वुझाउँछन् ।

(५) कदाचिदात्मा न मृतो न जायते ।
(६) अधमेऽपि सुते जातु न मातुर्निष्ठुरं मनः ।

सार्धम् ८ साकम् ८ सत्रा ८ समम् ८ सह । ५ साथ वुझाउँछन्] जस्तै—

(७) सार्धं निजैः परिजनैः, सखिभिश्च साकं
सत्रास्वया दयितया च समं च पुत्रैः ।
पूज्यैः सहर्षहृदयैश्च सह स्वकीयैः
स्निग्धान्तराः सुकृतिनः समयं नयन्ति ।।

प्राध्वम् ८ [अनुकूलता (इच्छानुसारिता = सजीलोपना) लाई बुझाउँछ] जस्तै—

(८) प्रध्वंसनं समभिलष्यत आशराणां प्राध्वं बभूव सकलं रघुनन्दनस्य ।

वृथा ८ मुधा ८ [व्यर्थलाई बुझाउँछन्] जस्तै—

(९) वृथा परिश्राम्यसि, बाधसे मुधा निजं शरीरं, वस निस्पृहः सुखी ।

---

(१) तँ कृतापराध छस्, जुन्कारणले मुख वैलायेको भइस् ।
(२-३) हे कुन्तीपुत्र ! मेरो शरण परेका छौ, तसर्थ सब तरहवाट बचाउनेछु, रक्षण पाउनेछौ ।
(४) कोहि धनको मान गर्छन्, कोही गुणको तारीफ गर्दछन्, कोही-कोही धनको होइन, गुणको होइन, भाग्यको तारीफ गर्दछन् ।
(५) आत्मा कैल्यै पनि मरेको छैन, जन्मदा पनि जन्मदैन ।
(६) छोरो अधमै भये पनि त्यस्काऊपर आमाको मन कदापि निष्ठुर हुदैन ।
(७) आफ्ना परिवार, मित्रवर्ग, आफ्नी प्यारी १ स्त्री, छोराहरु, हर्षित रहेका आफ्ना पूज्यजन, इन्का साथमा रहेर पुण्यात्माहरू प्रेमी भइकन दिन विताउछन् ।
(८) दुष्ट राक्षसहरूको ध्वंस गर्ने इच्छा भयेका रघुनाथजीका हकमा सब कुरा अनुकूल भये (सुग्रीवले मित्रता गरे, सागरले सहयोग दिये, विभीषणले समेत सहानुभूति गरे) ।
(९) व्यर्थै परिश्रम गर्दछौ, व्यर्थै शरीरलाई तकलीफ दिन्छौ, निस्पृह-आनन्दी भयेर वसन !

२९२५ आहो उताहो किमुत विकल्पे किं किमूत च ।
२९२६ तु हि च स्म ह वै पादपूरणे पूजने स्वती ॥५॥
२९२७ दिवाह्नीत्यथ दोषा च नक्तं च रजनाविति ।

आहो ८ उताहो ८ किमुत ८ किम् ८ किमु ८ उत ८ [६ वितर्क(विकल्प)लाई वुझाउँछ]।

(१) आहो युद्धं वर्त्स्यति द्वीप दाहि ।
(२) उताहो मही सत्त्वहीना भवित्री ।
(३) किमुत हरिं विपदन्तदंश्रयेथाः ।
(४) किं ददीत मदीयेऽपि सदने पदयोर्युगम् ।
(५) धराधीशाराधनाय धनार्थी किमु धावसि ?।
(६) निधेः सिषाधयिषया सिद्धान्प्रत्युत धावसि ?।

तु ८ हि ८ च ८ स्म८ ह८ वै८ [६ श्लोकको पाउ पूर्ण गर्ने मतलव वुझाउँछन्] ई ६ शब्दका विशेष अरुअरु अर्थ छन् तापनि ति अर्थको विवक्षा नगरेर छन्दको पाउ पूरा गराउन असजिलो परेका वेलामा इनै ६ मध्यका शब्द राखेर पादपूर्ति गर्नु भनेर अमरसिंहजीले कविसमाजका निंति शब्दको खैरात खोलीदियेको हो, १ श्लोकमा यौटा शब्दसम्म पादपूरणार्थ राखेमा उस्तो गिल्ला हुन पाउदैन, अति हुन लाग्यो भने वरु कलमै थन्क्याईदियेर वसीरहनु वेस छ, जस्तै—

(७) रामस्त्वरण्यं हि ययौ सीता च तमनु स्म सा ।
तदा ह लक्ष्मणस्तौद्वा वन्वयासीद हठेन वै ॥

सु ८ अति ८ [२ प्रशंसा बुझाउँछन्] जस्तै—

(८-९) सुलभते सुपरिश्रमकृद्यशः । विनतिमान् मतिमन् ! अतिदृश्यते। इत्यादि।

दिवा ८ [दिउसोलाई कहन्छ] जस्तै—

(१०) वसन्ते दिवा स्वाय आरोग्यहारी ।

दोषा ८ नक्तम् ८ [२ रात्रिलाई कहन्छन्] जस्तै—

---

(१) द्वीपलाई भस्म पार्ने युद्ध बढने हो की ?।
(२) पृथ्वी प्राणिहीन हुने हुन् की ?।
(३) विपत्तिको नाश गर्नें हरिको आश्रयण गरौला की ?।
(४) मेरा घरमा पनि २ पाउ राख्लान् की।
(५) धनार्थी भयेर राजाको चाकरी गर्न दौडन लागेका होउ की ? !
(६) निधिसिद्धि(खानी साधने काम)का खायशले सिद्धतर्फ दौडेका होउ को ?।
(७) राम जङ्गल गये, ती सोता तिन्का पछि गइन्, ती २का पछि हठ गरेर लक्ष्मण लागे ।
(८-९) राम्रो परिश्रम गर्ने मानिस यश (पनि) राम्रै पाउछ। हे बुद्धिमन् ! विनयवाला मानिस असल देखिन्छ ।
(१०) वसन्तऋतुको दिननिद्रा आरोग्य हर्दछे ।

२९२८ तिर्यगर्थे साचि तिरोऽप्यथ संबोधनार्थकाः ॥६॥
२९२९ स्युः प्याट् पाडङ्ग हे है भोः समया निकषा हिरुक् ।
२९३० अतर्किते तु सहसा स्यात् पुरः पुरतोऽग्रतः ॥७॥

(१-२) अतिजागरणं दोषा चक्षुर्दोषाय जायते। भज दोषा च नक्तं च भक्तश्रेयस्करं हरिम् । इत्यादि ।

साचि ८। तिरस् ८ [२ तेर्सोलाई बुझाउँछन] जस्तै—

(३-४) न जराजर्जरं काचित् साचि (तिरः) पश्यति कामिनी । इत्यादि ।

प्याट् ८ पाट् ८ अङ्ग ८ है ८ हे ८ भोस् ८ [६ सम्बोधनलाई बुझाउँछन्] जस्तै—

(५) प्याट् छात्राः ! पठतप्रेम्णा, न चेत्प्रेम्णा पठिष्यथ । अध्यापकस्ताडयेद्वः प्याट्प्याडिति कपोलयोः ॥ इत्यादि ।

समया ८ निकषा ८ हिरुक ८ [३ नगीचलाई बुझाउँछन्] जस्तै—

(६-७-८) समया विलपन् रघूद्वहः समया पञ्चवटी विलोकिनः। निकषा निकषात्मजा निह प्रहरिष्यँश्च स एव वीक्षितः। हिरुग्रेव सतोऽपि मे शिशो हिरुगेवेयमरुन्ध दर्शनम् । इत्यादि ।

सहसा ८ [अतर्कित(अचानक=अकस्मात्)लाई बुझाउँछ] जस्तै—

(९) सहसा तपसा प्रसादिता सहसा प्रादुरभूत् सरस्वती ।

पुरस् ८, पुरतस् ८, अग्रतस् ८ [३ अगाडीलाई बुझाउँछन्] जस्तै—

(१०) अमु पुरः पश्यसि देवदारुम् ।

(११) नीरसतरुरिह विलसति पुरतः ।

(१२) प्रवृत्तस्य शिरश्छेत्तुमुग्रस्तस्याऽग्रतोऽभवत् ।

---

(१) रात्रिको ज्यादा जागरण आखाको खराबी गर्ने हुन्छ ।

(२) दिउसो पनि राति पनि भक्तकल्याणकारी-मुरारीलाई भज ।

(३-४) कुनै कामिनी पनि जराजीर्ण भयेका पुरुषलाई तेर्सो गरि हेर्दिन ।

(५) हे विद्यार्थी हो ! प्रेमले पढ, प्रेमले पढेनौ भने अध्यापक (गुरुजी) तिम्रा दुवै गालामा प्याट् प्याट् अवाज आउने गरि पीटनेछन् ।

(६) विलाप गर्न लागीरहेका ती रघुनन्दनलाई मैले पञ्चवटीका नगीचमा देखेथें ।

(७) तिनै रघुनन्दन यहाँ(लङ्कामा) राक्षसका नगीचमा बाणप्रहार गर्न लागेका देखिये ।

(८) नगीचैमा रहने मेरा वच्चाको दर्शनलाई यही नेत्ररोगले रोकिदियो (आखा दुखेको हुनाले नगीचै रहेको वच्चालाई देख्न पाइन) ।

(९) तपस्याले प्रसन्न गराइयेकी सरस्वतीदेवी हास्ययुक्त (हँसीली) भयेर अकस्मात् प्रकट भइन् ।

(१०) अगाडी यो देवदारुवृक्षलाई देख्तछौ ? ।

(११) यहाँ अगाडी सुकेको वृच सुशोभित छ ।

(१२) उग्र (महादेव) [सातौं दिनमा आफ्नु] शिर काटन लागेका वृकासुरका अगाडी खडा हुनुभयो ।

२९३१ स्वाहा देवहविर्दाने श्रौषट् वौषट् वषट् स्वधा ।
२९३२ किञ्चिदीषन्मनागल्पे प्रेत्याऽमुत्र भवान्तरे ॥८॥
२९३३ व वा यथा तथैवैवं साम्येऽहो ही च विस्मये ।

स्वाहा ८, श्रौषट् ८, वौषट् ८, वषट् ८, स्वधा ८ [ई ५मध्ये अघिल्लाा ४शब्द देवतालाई हविः समर्पण गर्दा प्रयोग गरिन्छन्, स्वधा शब्द पितृलाई तर्पण पिण्ड प्रभृति अर्पण गर्दा प्रयोग गरिन्छ] जस्तै—

(१) अग्नये कव्यवाहनाय स्वाहा ।
(२) पितृभ्यः स्वधा । इत्यादि ।

किञ्चित् ८, ईषत् ८, मनाक् ८ [३ अलीकतिलाई बुझाउँछन्] जस्तै—

(३-४-५) आयुः किंचित्, ज्ञानभीषत्, दृश्यते च सुखं मनाक् ।
तथाऽप्यखर्वः सर्वत्र गर्व एव निरीक्ष्यते ॥

प्रेत्य ८, अमुत्र ८ [२ लोकान्तर-जन्मान्तरलाई बुझाउँछन्] जस्तै—

(६) इह च प्रेत्य च जनः क्लिश्यते कृतकिल्बिषः ।
(७) मांस भक्षयिताऽमुत्र यस्य मांसमिहाद्म्यहम् ।

व ८, वा ८, यथा ८, तथा ८, इव ८, एवं ८ [६ तुल्यता बुझाउँछन्] जस्तै-

(८-९) मणीवोष्ट्रस्य लम्बेते प्रियौ वत्सतरौ मम ।
(१०-११) यथा बुभुक्षितस्यान्नं तथा रुग्णस्य भेषजम् ।
(१२-१३) उच्चैःश्रवा इव हयः शक्र एवं नरेश्वरः । इत्यादि ।

अहो ! ८, ही ८ [२ आश्चर्य बुझाउँछन्] जस्तै—

(१४) अहो ! द्विपुच्छो महिषः कियान् गुरुः ।
(१५) ही ! हीनपुच्छोऽपि पशुर्निरीक्षितः । इत्यादि ।

---

(१) कव्यवाहन नाम भयेका (सन्तानले दियेको पिण्डपानी पितृकहाँ पुऱ्याइदिन परमेश्वरले खटाइयेका) अग्निलाई यो हवि चढाउछु ।

(२) पितृलाइ यो वस्तु चढाउछु ।

(३-४-५) आयु अलीकति (थोरै), ज्ञान थोरै, सुख पनि थोरै देखिन्छ, तैपनि सर्वत्र घमण्ड ठुलै देखिन्छ ।

(६) यहाँ पनि लोकान्तर-जन्मातरमा पनि पापी दु.ख पाउछ ।

(७) म यहाँ जस्को मासु खाइरहेको छु, त्यो परलोकमा मलाई खाला ।

(८-९) मेरा प्यारा दोटा बहर ऊँठका मणिझैं [घाटीमा २तिर] झुन्डिईरहेछन् ।

(१०-११) भोकायेका व्यक्तिलाई अन्न जस्तो (प्राणदाता) हो, रोगिलाई औषध त्यस्तै हो ।

(१२-१३) घोडा उच्चैःश्रवाजस्तो छ, राजा इन्द्रजस्ता छन् ।

(१४) ओहो ! दुइपुच्छ्रे राँगो कति ठुलो ! ।

(१५) ओहो ! पुछर नभयेको पशु पनि देखियो ! ।

२९३४ मौने तु तूष्णीं तूष्णीकां सद्यः सपदि तत्क्षणे ॥९॥
२९३५ दिष्टया समुपजोषं चेत्यानन्दे—
ऽथान्तरेऽन्तरा ।
२९३६ अन्तरेण च मध्ये स्युः प्रसह्य तु हठार्थकम् ॥१०॥
२९३७ युक्ते द्वे साम्प्रतं स्थानेऽभीक्ष्णं शश्वदनारते ।

तूष्णीम् ८, तूष्णीकाम् ८ [२ मौन(चुपलाग्नु)लाई बुझाउँछन्] जस्तै—
(१) जानन्नपि स्थितस्तूष्णीं महतां विदुषां पुरः ।
(२) तूष्णीकामास्त शतधा पृच्छयमानोऽपि तुच्छधीः । इत्यादि ।
सद्यस् ८, सपदि ८ [२ तुरन्तै(झट्टै)लाई बुझाउँछन् ॥९॥ जस्तै—
(३-४) कर्म सद्यः समारब्धं, धिया सपदि साधय ।
दिष्ट्या ८, समुपजोषम् ८ [२ आनन्दनलाई बुझाउँछन्] जस्तै—
(५) दिष्टया ! श्रीमान्दाशरथिरयोध्यायां निरीक्ष्यते ।
(६) समुपजोषमितो रघुनन्दनः समुपयाति वृतो भरतादिभिः । इत्यादि ।
अन्तरे ८, अन्तरा ८, अन्तरेण ८ [माझलाई बुझाउँछन्] जस्तै—
(७-८-९) अन्तरे पर्वता जाताः । अन्तरा सरितां शतम् ।
अन्तरेण द्रुमाः सन्ति प्रिये ! नावधुनावत ! ॥
प्रसह्य ८ [हठ (जवर्दस्ती) बुझाउँछ] जस्तै—
(१०) प्रसह्य रुदतीं सीतां जहार दशकन्धरः । इत्यादि ॥१०॥
साम्प्रतम् ८ स्थाने ८ [युक्त(मुनासीव)लाई बुझाउँछन्] जस्तै—
(११) विषवृक्षोऽपि संवर्ध्य स्वयं छेत्तुमसाम्प्रतम् ।
(१२) स्थाने हृषीकेश ! तव प्रकीर्त्या जगत्प्रहृष्यत्यनुरज्यते च । इत्यादि ।
अभीक्ष्णम् ८, शश्वत् ८ [२ निरन्तरता (अनवच्छिन्नता) बुझाउँछन्] जस्तै–

---

(१) जान्दथ्यो ता पनि ठूला-पण्डितहरूका अगाडी चुप लागेर वस्यो ।
(२) शयकडौं-तरीकाले सोद्धा पनि दुर्बुद्धि चुपलागेर वस्यो ।
(३-४) झट्ट थालेको काम, बुद्धिले झट्ट सिद्ध गर ।
(५) आहा ! श्रीमान् रामजी अयोध्यामा देखिनुभयो ।
(६) आहा ! भरतादिले सहित भयेका रामजी यतैतिर सवारी हुन लाग्यो ।
(७-८-९) पर्वत बीचमा परे, सयकडौं नदी माझमा, अनेकानेक वृक्ष माझमा छन्, प्यारी ! ऐले हामी २ जनाको बीचमा यही अपसोस छ ।
(१०) रुन लागेकी जानकीलाई रावणले जवर्दस्ती हर्यो ।
(११) आफैंले बढ़ायेर विषवृक्ष पनि आफैले काटनु मुनासीव छैन ।
(१२) हे हृषीकेश (हे इन्द्रियाधीश्वर !) हजूरका कीर्तनले जगत् खुशी हुन्छ, प्रेमी पनि हुन्छ [यो कुरा] मुनासीव हो ।

२९३८ अभावे नह्यनोनापि मास्ममाऽलं च वारणे ॥११॥
२९३९ पक्षान्तरे चेद्यदि च तत्त्वे त्वद्धाऽञ्जसा द्वयम् ।
२९४० प्राकाश्ये प्रादुराविः स्यादोमेवं परमं मते ॥१२॥

(१-२) अग्नेरभीक्ष्णमुष्ण त्वं शश्वच्छैत्यं निशापतेः । इत्यादि ।

न हि ८, अ ८, नो ८, न ८ [४ अभाव(निषेध)लाई बुझाउँछन्] जस्तै—
(३) नहि मौर्ख्यात् परं दुखम् । (४) अनीतिदुॅःखदायिनी ।
नो निद्रा न बुभुक्षामे ज्वरार्तस्य प्रजायते ।

मास्म ८, मा ८, अलम् ८ [३ वारण(रोक्नु)लाई बुझाउँछन्] जस्तै—
(५) मास्म कार्षीरिदं वत्स ! (६) मा गमः खलसन्निधिम् ।
(७) स्थीयतामलमुत्त्थातुम् । इत्यादि ।

चेत् ८, यदि ८ [२ पक्षान्तर(यसो हो भने)लाई बुझाउँछन्] जस्तै—
(८) अधिभुवि जीवन् भोजश्चेदभविष्यत्सरस्वतीतनयः ।
नैतावानभविष्यद्विदुषां भरणे विधातुरायासः ।

यहाँ द्वितीयपाउमा 'चेद भविष्यत्'का ठाउमा 'यद्य भविष्यत्' राखे दोस्रो उदाहरण हुन्छ ।

अद्धा ८, अञ्जसा८ [२ तत्त्व(साच्चै-ठीकठीक)लाई बुझाउँछ] जस्तै—
(९] अद्धा जानन्ति मनुजाः सश्रद्धाः परमेश्वरम् ।
आञ्जनेयः पर्यचैषीदञ्जसा रघुनन्दनम् ॥ इत्यादि ।

प्रादुस् ८, आविस् ८ [२ प्राकाश्य(प्रकटता)लाई बुझाउँछन्] जस्तै—
(१०) प्रादुर्भवन्ति (आविर्भवन्ति) सुखरूपधराणि जन्तोः
पुण्यानि जातसमयानि पुराकृतानि । इत्यादि ।

ओम् ८, एवम् ८, परमम् ८ [३ अङ्गीकार (हो, लौ, हुन्छ इत्यादि) बुझाउँछन्] जस्तै—

(१-२) अग्निको उष्णता र चन्द्रमाको शीतता निरन्तरै छ ।
(३-४) मूर्खताभन्दा ठुलो दुःख अर्को छैन । नीतिको अभाव दुःखदायी छ ।
(५) बाबू ! यो काम नगरे ।
(६) दुर्जनको नगीच नगये ।
(७) बस्नु होस् उठनु पर्दैन ।
(८) सरस्वतीपुत्र-भोजमहाराज पृथ्वीपति भयेर बाँची रहदा हून् ता विधातालाई विद्वान्हरूको पालनपोषण गर्न यतिको परिश्रम पर्ने थियेन ।
(९) श्रद्धावान् भयेका मनुष्य परमेश्वरलाई ठीकठीक चिन्दछन् । अञ्जनीनन्दन(हनूमान्)ले रघुनन्दनलाई ठीक (यथार्थ) चिन्हे ।
(१०) अघी गरियेका प्राणिका पुण्यकर्म ठीक टाइम पुगेपछि सुखको रूप लियेर प्रकट हुन्छन् ।

२९४१ समन्ततस्तु परितः सर्वतो विष्वगित्यपि ।
२९४२ अकामानुमतौ काममसूयोपगमेऽस्तु च ॥१३॥
२९४३ ननु च स्याद्विरोधोक्तौ कच्चित्कामप्रवेदने ।

(१) प्रार्थितस्त्रातुममरैगेमित्याह जनार्दनः ।

(२) एवं प्रभुर्यदाहस्म, किंचिदेष विवक्षति ।

(३) विचाराय प्रार्थितोऽयं परमं प्राह सज्जनः ।

समन्ततस् ८ परितस् ८ सर्वतस् ८ विष्वक् ८ [४ सर्वतर्फलाई बुझाउँछन्] सबै जस्तै—

(४) समन्ततोऽद्भिर्मनुजव्रजैरपि प्रसन्नताश्रीः परितः समाश्रिता ।
समीहिता शीतलताऽस्ति सर्वतः सुखं हि विष्वक् शरदि प्रवर्तते ।

कामम् ८ [अकामानुमति(विनाइच्छाको मन्जूरी)लाई बुझाउँछ] जस्तै—

(५) कामं क्रीड क्रोडवन्मूर्ख ! पङ्के न त्वं रात्रौ सद्मनोऽन्तः शयीथाः ।

अस्तु ८ [असूयोपगम(रीसको मञ्जरी)लाई बुझाउँछ] जस्तै—

(६) अस्ति केषुचन स्फीतः कार्याकार्यं विपर्ययः ।
अस्तु, तत्फलमीक्ष्येत जीवद्भिर्बहुभिर्जनैः ।

ननु ८ [विरोधोक्ति(कुनै कुराले विरोध देखाउनु)लाई बुझाउँछ] जस्तै—

(७) ननु जाग्रद्भूरिशक्तिः स्रष्टाद्रष्टा दयामयः ।
एकरूपान् एकसुखान् कुतो न सृजतीश्वरः । इत्यादि ।

कच्चित् ८ [कामप्रवेदन(खायश जनाउने प्रश्न ,लाई बुझाउँछ] जस्तै—

---

(१) रक्षा गर्नाका निमित्त देवताहरूले प्रार्थना गरियेका विष्णुभगवान् 'हुन्छ' भन्नुहुन्छ ।

(२) हो प्रभुवाट जो मर्जी भयो, यो केही विन्ति गर्न चाहन्छ ।

(३) विचार गर्नाका निमित्त प्रार्थना गरियेका ई सज्जन 'हुन्छ' भन्दछन् ।

(४) सबैतर्फका पानीले र मानीसका समूहले सबतरहको प्रसन्नताको (निर्मलताको र हर्षितताको) शोभा लिये, सबैतर्फ चाहना गरियेको [मनमाफीकको] शीतलता रहेको छ, शरद्ऋतुमा सबैतर्फ सुख फैलीरहन्छ ।

(५) 'मूर्ख ! लौ सुङ्गुरझैं हिलामा खेल, तँ राति घरभित्र सुत्न पाउनेछैनस्' यहाँ विनाइच्छाको खेल्ने मन्जूरी बुझिन्छ ।

(६) कुनै-व्यक्तिमा कार्याकार्यको विपर्यय (कर्तव्यलाई अकर्तव्य, अकर्तव्यलाई कर्तव्य ठान्ने भ्रान्त ज्ञान) वढीरहेको छ, होस् (वढीरहोस्) वाचीरहेका धेरै मानिसले त्यस्को फल देख्नेछन् ।

(७) शङ्का गरिन्छ की—'धेरैप्रकारका शक्तिले जाग्रत् भयेर आश्रय गरियेका, स्रष्टा, द्रष्टा, दयालू, भयेका ईश्वर प्राणिमात्रलाई समान रूप र समान सुख किन बनाउदैनन् ?।

२९४४ निःषमं दुःषमं गर्ह्ये यथा स्वं तु यथायथम् ॥१४॥
२९४५ मृषा मिथ्या च वितथे यथार्थं तु यथातथम् ।
२९४६ स्युरेवं तु पुनर्वैवेत्यवधारणवाचकाः ॥१५॥
२९४७ प्रागतीतार्थकं नूनमवश्यं निश्चये द्वयम् ।

(१) कच्चिदेतच्छ्रुतं पार्थ ! त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसंमोहः प्रनष्टस्ते धनञ्जय ! ॥ इत्यादि ।

निःषमम् ८ दुःषमम् ८ [२ घटिया(खराव)लाई बुझाउँछन्] जस्तै—दुवै—

(२-३) निःषमं वक्ति मूर्खोऽयं दुःषमं प्रतिवक्ति सः ।

यथास्वम् ८ यथायथम् ८ [२ जस्ताको तस्तो(ठीकठीक)लाई वुझाउँछन्] जस्तै—

(४-५) भिषग् यथास्वं रोगाणां गतिं ज्ञात्वा चिकित्सति ।
यथायथं गतिं ज्ञात्वा रोगाणां स चिकित्सति ।

मृषा ८ मिथ्या ८ [२ झूटालाई वुझाउँछन्] जस्तै २—

(६-७) मृषा (मिथ्या) व्यर्थं सवक्तीति रूषा प्रज्वलितोऽस्म्यहम् ।

यथातथम् ८ [यथार्थ(भयेभरको)लाई बुझाउँछन्] जस्तै—

(८) साक्षी त्वमसि चेद्भद्र ! सर्वं ब्रूहि यथातथम् ।

एवम् ८ तु ८ पुनर् ८ वै ८ वा ८ [निश्चयलाई बुझाउँछन्] जस्तै—

(९) एवमाचारनिरतं सदाचारपरं विदुः ।
(१०) त्वद्धिताधाननिरतस्त्वां तु वाच्मीदमस्तभीः ।
(११) विचारयन् विजानीहि मां पुनस्त्वद्धितार्थिनम् ।
(१२) को वै (वा) धर्मं वित्तहेतोर्विमुञ्चेत् कुलजो जनः ।

प्राक् ८ [अघो(पूर्वकाल)लाई बुझाउँछ] जस्तै—

---

(१) हे पृथापुत्र ! (अर्जुन !) मैले भनेको कुरा एकाग्र चित्तले तिमिले सुन्यौ के ? । अज्ञानवाट पैदा भयेको तिम्रो मोह निर्मूल नष्ट भयो के ? [यहाँका कच्चित् शब्दले 'एकाग्रचित्तले सुनेर मोह नष्ट होस्' भन्ने खायश भगवान्को रहेछ भन्ने कुरा बुझाउछ ।

(२-३) यो मूर्ख खराव बोली बोल्दछ, त्यो खराब जबाब दिन्छ ।

(४-५) वैद्य रोगको हाल ठीकठीक जानेर चिकित्सा गर्दछ ।

(६-७) त्यो मानिस वेफायदा झूटो बोल्दछ भनेर म रिसले चूर भयें ।

(८) हे भले मानिस ! साक्षी (खास देख्ने) तिमि छौ भने सब यथार्थ वयान गर ।

(९) यस्तै आचार गर्नेलाई 'सदाचारपरायण' भन्दछन् ।

(१०) तिम्रो हितको स्थापना गर्न तत्पर भयेको म तिमिलाई मात्रै निर्भय भयेर यो कुरा भन्दछु ।

(११) विचार गरेर मैलाई तिम्रो हितार्थी जान ।

(१२) खान्दानी कुन् मानिस पैसाका निति धर्म छाडला ।

२९४८ संवद्वर्षेऽवरेत्ववर्गामेवं स्वयमात्मना ॥१६॥
२९४९ अल्पे नीचैर्महत्युच्चैः प्रायो भूम्न्यद्रुते शनैः ।

(१) प्राक्कृतं कर्म विद्वांसः प्राक्तनं नाम चक्षते ।

नूनम् ८ अवश्यम् ८ [२ निश्चय(पक्का)लाई बुझाउँछन्] जस्तै—

(२) नूनं रामेण रहिता प्रवेक्ष्यामि हुताशनम् ।
रामं विनाऽवश्यमहं प्रवेक्ष्यामि ! हुताशनम् ।

संवत् ८ [संवत्सर(साल)लाई बुझाउँछ] जस्तै—

(३) संवत् विजय नामायं सप्तविंशः प्रवर्तते ।

अर्वाक् ८ [अवर(ओढो)लाई बुझाउँछ] जस्तै—

(४) अभूतपूर्वं दुर्भिक्षमर्वाक् सर्वत्रवीक्ष्यते ।

आम् ८ एवम् ८ [२ सहिथाप्नु(हो त्यसै हो)लाई बुझाउँछन्] जस्तै—

(५) इदं यातं भुक्तमिदमितिप्रत्यभिजानतीम् ।
राम आं मैथिली त्यूचे जानकीं पुष्पके स्थितः ।
इदं यातं भुक्तमिति जानतीं जानकीं प्रति ।
राम एवं मैथिलीति प्रोचे पुष्पकमाश्रितः ॥

स्वयम् ८ [आफैलाई बुझाउँछ] जस्तै—

(६) विचरशक्त्या दुर्बोधोऽप्यर्थोऽब्रोधिस्वयं बुधैः ।

नीचैस् ८ [अल्प (होचो, सुस्त, सानु, थोरै)लाई बुझाउँछ] जस्तै—

(७) नीचैर्विचारवचनवित्तबुद्धिर्हि दुर्भगः ।

उच्चैस् ८ [महान्(अग्लो, साह्रै, ठूलो, धेरै)लाई बुझाउँछ] जस्तै—

(८) उच्चैर्विचारवचनवित्तबुद्धिर्हि भाग्यवान् ।

प्रायस् ८ [बाहुल्य (बहुधा, अक्सर)लाई बुझाउँछ] जस्तै—

---

(१) पहिलेको कर्मलाई प्राक्तन कर्म भन्दछन् ।

(२) रामजीले रहिय भयें भने म अग्निमा प्रवेश गर्नेछु, पक्का ! ।

(३) यो विजय नामक सत्ताइसौं संवत्सर लागेको छ ।

(४) ओढो (यतातिर) अभूतपूर्व दुर्भिक्ष (अनिकाल) देखिन्छ ।

(५) यो [अघी वनवास गर्दा] हिडेडुलेको ठाउ हो, यो खायेपियेको ठाउँ हो, यस्ता तरहले अनुभूतस्थानको पहिचान गर्न लागेकी जानकीजीलाई चल्ता-पुष्पकविमानमा राजभयेका रामजीले 'आं मैथिलि !, एवं मैथिलि !' (हो सीते ! हो मैथिली) भन्नु भयो ।

(६) दुर्बोध कुरा पनि पण्डितहरुले विचारशक्तिले बुझे ।

(७) अभागीमानिस विचार होचो, बोली सुस्त, दौलत सानु, बुद्धि थोरै भयेको हुन्छ ।

(८) भाग्यवान् मानिसका विचार, वचन, वित्त, बुद्धि, उच्च हुन्छन् ।

२९५० सना नित्ये बहिर्बाह्ये स्माऽतीतेऽस्तमदर्शने ॥१७॥
२९५१ अस्ति सत्त्वे रुषोक्तावु ॐ प्रश्नेऽनुनये त्वयि ।

(१) प्रायः प्रथ्यं नेच्छति प्राप्तमृत्युः !

शनैस् ८ [सुस्तसुस्तलाई बुझाउँछ] जस्तैः—

(२) शनैः पन्था: शनैः कन्था शनैः पर्वतमस्तके ।
शनैर्विद्या शनैर्वित्तं पञ्चैतानि शनैः शनैः ।

सना ८ [नित्य(अविनाश)लाई कहन्छ] जस्तै—

(३) जनार्दनः सना(सदा)स्तीति सर्वैरुक्तः सनातनः ।

बहिस् ८ [बाहिरलाई बुझाउँछ] जस्तै—

(४) बहिस्तिष्ठ विनाऽऽह्वानं प्रवेशोऽन्तर्नयुज्यते ।

स्म ८ [भूतकाललाई बुझाउँछ] अर्थात् वर्तमानबोधक क्रियापदमा 'स्म' जोर्नाले भूतकालकी क्रिया बुझिन्छ । जस्तै—

(५) कुन्तीपुत्रः पृच्छतिस्म ब्रवीतिस्म श्रियः पतिः ।

अस्तम् ८ [अस्ताउनु(नदेखिनु)लाई बुझाउँछ] जस्तै—

(६) जगत्समस्तमुद्भास्य भानुमानस्तमाश्रितः ॥१७॥

अस्ति ८ [सत्ता(रहनु, हुनु)लाई बुझाउँछ] यो क्रियापदजस्तो अव्यय हो । जस्तै—

(७) अस्तिक्षीरादीयतां गौर्द्विजाय ।

उ ८ [क्रोधोक्ति(रीसको बोधक बोली)लाई कहन्छ] जस्तै—

(८) उ औद्धत्यफलं तावत्प्राप्तवानसि बालिश ! ।

ऊम् ८ [प्रश्नलाई बुझाउँछ] जस्तै—

---

(१) काल आइपुगेको मानिस अक्सर पथ्य चाहदैन ।

(२) वाटो हिडदा, थाङ्ना (जीर्णवस्त्र) लाउदा, वह्लालो वर्लदा, विद्या पढदा, घन कमाउदा, सुस्त२को चाल गर्नुपर्दछ । हडवडाउनु हुदैन ।

(३) सदै रहेका छन् भनेर विष्णु सनातन कहिन्छन् ।

(४) बाहिर वस, विना बोलाहट भित्र पस्नु ठीक छैन ।

(५) कुन्तीपुत्रले सोधे, लक्ष्मीपतिले भने ।

(६) सब जगत् उज्यालो पारेर सूर्य अस्ताये ।

(७) ब्राह्मणलाई दूध भयेकी गाई दिइयून् ।

(८) अँः ! वेवकूफ ! उद्धतपनाको फल पूरा पाइस् नि ।

२९५२ हुं तर्के स्यादुषारात्रेरवसाने नमो नतौ ॥१८॥
२९५३ पुनरर्थेऽङ्ग निन्दायां दुष्ठु सुष्ठु प्रशंसने ।
२९५४ सायं साये प्रगे प्रातः प्रभाते निकषान्तिके ॥१९॥

(१) ऊँ गच्छसि ? पथि स्वच्छं पिबन् वारि मितं चलन् । हितं चाश्नन् गृहान्प्राप्य प्रेषयेः प्रेमपत्रिकाम् ।

अयि ८ [प्यारो व्यक्तिलाई फुल्याउन गरिने संबोधनलाई बुझाउँछ] जस्तै—
(२) अयि ! जगज्जननि ! द्वितयं दृशोर्मयि निधेहि विपद्विवशीकृते ।
हुम् ८ [तर्क(विचारविशेष)लाई बुझाउँछ] जस्तै—
(३) हुँ न नाम मलिम्लुचः ।
उषा ८ [रात्रिसमाप्ति(विहानापख)लाई बुझाउँछ] जस्तै—
(४) उषा प्रबुध्य चिन्तयेदुषापतेः पितामहम् ।
नमस् ८ [नमस्कारलाई बुझाउँछ] जस्तै—
(५) सर्वकल्याणनिधये गणाधिपतये नमः ॥१८॥

अङ्ग ८ [पुनरर्थ(फेरि, भेद, फरक)लाई बुझाउँछ] जस्तै—
(६) मया नाऽबोधि काठिन्यादङ्गबोधय विस्तरात् ।
(७) क्षोदीयानपि नो निन्द्यः किमङ्ग धरणीपतिः ।
दुष्ठु ८ [खराबलाई बुझाउँछ] सुष्ठु ८ [असललाई बुझाउँछ]—दुवै जस्तै—
(८-९) द्रुष्ठु ते चापलं भूयः, सुष्ठु बुद्धिस्तु तावकी ।

सायम् ८ [साँझ(वेलुका)लाई बुझाउँछ] प्रगे ८, प्रातर् ८ [विहानालाई बुझाउँछन्]—दुवै जस्तै—
(१०-११) सायं कुलायमायान्ति, निर्गच्छन्ति प्रगे खगाः ।
निकषा ८ [नगीचलाई बुझाउँछ] जस्तै—

---

(१) अँ जान्छौ ? बाटा-वाटामा सफा पानि पिउदै, ठिक्कै गरि हिंड्दै, हितवस्तु खाँदै, घर पुगेर प्रेमपत्र पठाये हौ ।
(२) हे जगज्जननि ! (दुर्गे) विपत्तिले परवश पारियेका मेरा ऊपर दुवै नजर राखिवक्सनुहवोस् ।
(३) हूँ ! चोर ता होइन ? ।
(४) विहाना(उषाकालमा) उठेर उषापति(अनिरुद्ध)का पितामह(कृष्ण)लाई संझोस् ।
(५) संपूर्ण कल्याणका खानिस्वरूप भयेका गणाधिपति(गणेशजी)लाई नमस्कार छ ।
(६) कठिन (असजिलो) हुनाले मैले बुझिन, विस्तारपूर्वक फेरि बुझाउनुहोस् ।
(७) अतिक्षुद्र व्यक्ति पनि निन्दा गर्न योग्य छैन, पृथ्वीपति(राजा)को वारेमा के भन्नुपर्दछ ।
(८-९) तेरो चञ्चलपना साह्रै खराब छ, तेरो बुद्धि ता वेस (असल) थियो ।
(१०-११) पक्षीहरू साँझमा गुँडमा आउछन्, बिहाना निस्कन्छन् ।

२९५५ परुत् परार्यैषमोऽब्दे पूर्वे पूर्वतरे यति ।
२९५६ अद्यात्राह्न्यथ पूर्वेऽह्नीत्यादौ पूर्वोत्तरापरात् ॥२०॥
२९५७ तथाऽधरान्यान्यतरेतरात् पूर्वेद्युरादयः ।

(१) प्रयान्ति निकषा ग्रामं सहकार फलार्थिनः ।

परुत् ८ [पूर्ववर्ष (पोहोर)लाई बुझाउँछ] जस्तै—

(२) अहं विमुच्य सदनं परुत् काशीं समागतः ।

परारि ८ [पूर्वतर वर्ष (पह्रार)लाई बुझाउँछ] जस्तै—

(३) आसं पुरारि कृपया परारि तु गृही सुखी ।

एषमस् ८ [वर्तमान वर्ष (यो साल)लाई बुझाउँछ] जस्तै—

(४) कृषिवाणिज्यहीनानामैषमो विषमा दशा ।

अद्य ८ [आजलाई बुझाउँछ] जस्तै—

(५) अद्य संपाद्य कार्याणि सद्य आयाहि याहि भोः ! । 'पूर्वे अह्नि इत्यादौ' (अघिल्ला दिनमा इत्यादि विवक्षा गरेमा) पूर्वोत्तरापरात्, अधरान्यान्यतरेतरात् (पूर्व १, उत्तर २, अपर ३, अधर ४, अन्य ५, अन्यतर ६, इतर ७ ई ७ शब्दवाट) [सद्यः परुत् ५ । ३ । २२ इत्यादि सूत्रले एद्युस् प्रत्यय हुने हुनाले] पूर्वेद्युः आदयः शब्दाः (पूर्वेद्युः आदि गरेका ७ शब्द बन्दछन्)

पूर्वेद्युस् ८ [पूर्वदिन (हिजो)] उत्तरेद्युस् ८ [पल्लोदिन (भोलि पल्ट)] जस्तै–

(६) पूर्वेद्युर्नाऽभवत्कार्यमुत्तरेद्युर्भवेदपि ।

अपरेद्युस् ८ [अर्को दिन] अधरेद्युस् ८ [पछिल्लो (गयेको) दिन] जस्तै—

(७) अपरेद्युः समागच्छाऽधरेद्युः क्व गतोऽभवः ? ।

अन्येद्युस् ८, अन्यतरेद्युस् ८ [३ अर्को दिन] जस्तै—

(८) अन्येद्युरात्मानुचरस्य भावं जिज्ञासमाना मुनिहोमधेनुः ।
जिज्ञासमानान्यतरेद्युरात्मानुगस्य भावं मुनिहोमधेनुः ।
महीपतेर्हार्दमथेतरेद्युर्जिज्ञासमाना मुनिहोमधेनुः ।

—यस्तो परिवर्तनले सबै पर्याय प्रयुक्त हुन शक्तछन् ।

---

(१) आपका फलको खायश गर्नेहरू गाउँको नगीच जान्छन् ।

(२) म घर छाडेर पोहोर काशी आयें ।

(३) पुरारि (शङ्करजी)का कृपाले पह्रार ता म गृहस्थ र सुखी थियें ।

(४) खेतीपाती र बन्दव्यापार नभयेका मानिसको यो साल कठिन हालत छ ।

(५) जाउ है ! आज काम सिघ्यायेर तुरन्त आउ ।

(६) हिजो काम भयेन भोली होइहाल्छ की ? ।

(७) अर्का दिन आउ, हिजो कहाँ गयेका थियौ ?

(८) अर्का दिन आफ्ना अनुयायी-राजाको भाव (भक्ति)जान्न इच्छा गर्ने वशिष्ठकी गाई–इत्यादि ।

२९५८ उभयद्युश्चोभयेद्युः परेत्वह्नि परेद्यवि ॥२१॥
२९५९ ह्यो गतेऽनागतेऽह्निश्वः परश्वस्तु परेऽहनि ।
२९६० तदा तदानीं युगपदेकदा सर्वदा सदा ॥२२॥
२९६१ एतर्हि संप्रतीदानीमधुना सांप्रतं तथा ।

उभयद्युस् ८, उभयेद्युस् ८ [दुइ दिन] जस्तै—

(१) व्रतवासरसन्देहादुभय(ये)द्युरुपावसत् ।

परेद्यवि ८ [पल्लोदिन (भोली-पर्सी)] जस्तै—

(२) अद्य गच्छ क्षणो नास्ति समागच्छेः परेद्यवि ।

ह्यस् ८ [हिजो] श्वस् ८ [भोली] परश्वस् ८ [पर्सी] जस्तै—

(३) ह्यो द्वितीयाऽभवत्, श्वस्तु चतुर्थी भविता तिथिः । परश्वः पञ्चमी, तस्यामक्षरारम्भणं शिशोः ।

तदा ८, तदानीम् ८ [त्यसबखतमा] जस्तै—

(४) यदाभिमन्युं विरथमेकाकिनमनायुधम् ।
यूयं संभूय षट् जघ्न क्व ते धर्मस्तदा गतः ? । इत्यादि ।

युगपत् ८, एकदा ८ [एकैफेर (एकै चोटी)] जस्तै—

(५) परस्सहस्रायुगपत् पार्थेन प्रहिताः शराः ।

सर्वदा ८, सदा ८ [सँदै(धै)] जस्तै—

(६) सर्वदाऽस्माभिराराध्यः सदा श्रीमान् गदाधरः ।

एतर्हि ८, संप्रति ८, इदानीम् ८, अधुना ८, सांप्रतम् ८ [५ ऐले] जस्तै--

(७) एतर्हि बर्हिणगणाः परितो नटन्ति,
वर्षन्ति सम्प्रति घनाः, कृषका इदानीम् ।
नन्दन्ति, वृद्धिमधुना दधते तटिन्यो,
निद्राति साम्प्रतमधीश्वर इन्दिरायाः ॥

---

(१) व्रत गर्ने दिन सन्दिग्ध भयेकाले दुवै दिन उपवास गरे (निराहार रहे) ।

(२) आज जाउ, फुर्सद छैन, भोलीपर्सीतिर आये ।

(३) हिजो द्वितीया थियो, भोली चतुर्थी हुनेछ, पर्सी पञ्चमी हो,–त्यसैमा बालकको अक्षरारम्भ ।

(४) जुन समयमा विरथी, अकेला, निःशस्त्र, भयेका—अभिमन्युलाई तिमीहरु ६ जना वीर संमिलित भयेर मारेथ्यौ, त्यसवेलामा तेरो धर्म कहाँ गयेको थियो ? [ऐले आफुलाई आपत्ति पर्न लाग्दा धर्म खोज्दछस् ? । अगी तैले मारेका धर्मले ऐले तलाई अवश्य मार्दछ, 'धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः' यो कुरा निश्चित छ] ।

(५) पृथापुत्र अर्जुनले हजारौ बाण एकसाथ छाडे ।

(६) सदासर्वदा हामीले सदाश्रीमान् रहेका गदाधर(विष्णुभगवान्)को आराधना गर्नु पर्दछ ।

(७) ऐले (वर्षाकालमा) चारैतर्फ मयूरका बथान नाच्न लागेका छन्, ऐले किसानहरू खुशी भई रहेका छन् । ऐले नदीहरू वृद्धिधारण गर्दैछन् (बढदैछन्) ऐले लक्ष्मीपति भगवान् सुकला भइरहीवक्सेको छ ।

२९६२ दिग्देशकाले पूर्वादौ प्रागुदक्प्रत्यगादयः ॥२३॥

इत्यव्ययवर्गः ॥४॥

पूर्वादौ दिग्देशकाले प्रागुदक् प्रत्यगादयः [शब्दाः प्रयोक्तव्याः] पूर्वदिशा, पूर्वदेश, पूर्वकाल प्रभृति अर्थ बुझाउनु परेमा प्राक् प्रभृति (उदक-प्रत्यक्) शब्दको प्रयोग गर्नुपर्दछ,) अर्थात्––

प्राक् ८ [पूर्वदिशा, पूर्वदेश, पूर्वकाल, ३ तीनलाई बुझाउँछ] जस्तै––

(१) प्राग्वर्तते पूः कलिकाताभिधाना ।

(२) प्राङ्मग्दिरं नः सदनाच्छूलपाणेः ।

(३) प्राग्भूतले प्रादुरभूद्रामभद्रः ।

यस्तै प्रकारले––

उदक् ८ [उत्तर दिशा, उत्तर देश, उत्तर (उप्रान्तको) काल, ३लाई बुझाउँछ] प्रत्यक् ८ [पश्चिम दिशा, पश्चिम देश, पश्चिम (पछिल्लो)काललाई बुझाउँछ आदि शब्द पढेको हुनाले––

अवाक् ८ [दक्षिणदिशा, दक्षिण देश, दक्षिण (वल्लो)काललाई बुझाउँछ ।

उत्तरात् ८, उत्तरेण ८, उत्तरतस् ८ [उत्तरदिशा, उत्तरदेश, उत्तर(पल्लो) काललाई बुझाउँछन्]

अधरात् ८, अधरेण ८ [ऊधो(तल्लो भाग)लाई बुझाउँछन् ।

दक्षिणात् ८, दक्षिणेन ८, दक्षिणा ८, दक्षिणाहि ८, दक्षिणतस् ८ [दक्षिणदिशा र दाहिनेतर्फ बुझाउँछन्] ।

इत्यव्ययवर्गः ॥४॥

---

(१) कलिकाता (कलकत्ता) नाम्नी नगरी पूर्वदिशामा छ ।

(२) शङ्करजीको मन्दिर हाम्रो घरभन्दा पूर्व छ ।

(३) अघी रामचन्द्रजी भूतलमा प्रकट हुनुभयेथ्यो ।

अथ स्त्रीलिङ्गसंग्रहः ॥

२९६३ सलिङ्गशास्त्रैः सन्नादिकृत्तद्धितसमासजैः ।
२९६४ अनुक्तैः संग्रहे लिङ्गं संकीर्णवदिहोन्नयेत् ॥१॥
२९६५ लिङ्गशेषविधिर्व्यापी विशेषैर्यद्यबाधितः ।

लिङ्गकोसमेत-विधान-गर्ने 'स्त्रियां क्तिन्' 'पुंसि संज्ञायां घः प्रायेण' 'नपुंसके भावे क्तः' 'ल्युट् च' इत्यादि वचनले-सहित-भयेका-सन्, क्यच्, काम्यच्, इत्यादि प्रत्यय अन्त्यमा हुने र कृत्प्रयान्त, तद्धितप्रत्ययान्त, समासविधायक शास्त्रले विधान गरियेका, पहिले प्रायः नकहियेका शब्दको [यो संग्रहवर्गमा संग्रह हुनेछ, यस्मा पनि] संकीर्ण-वर्गमाझैं, कहिं प्रकृतिले, कहिं प्रत्ययले लिङ्ग छुटयाउनु पर्दछ।

जस्तै—अर्धर्चं, ध्वज, कुशप्रभृति-प्रकृति देखिये भने 'अर्धर्चाः पुंसि च' भन्ने शास्त्रका अनुसार पुंलिङ्ग र क्लीबलिङ्ग हुने रहेछ भनि बुझ्नुपर्‍यो । क्तिन् प्रत्ययान्त गति, मति प्रभृति शब्द देखिये भने 'स्त्रियां क्तिन्' भन्ने शास्त्रका अनुसार स्त्रीलिङ्ग हुने रहेछ भनि बुझनुपर्‍यो। ल्युट् प्रत्ययान्त भावे क्त प्रत्ययान्त गमन, गत, प्रभृति शब्द देखिये भने 'ल्युट् च' 'नपुंसके भावे क्तः' इत्यादि शास्त्रानुसार क्लीबलिङ्ग बुझनुपर्‍यो। इत्यादि।

लिङ्गशेषको विधानगर्ने-वचन, विशेषवचनले-बाधित-छैन भने व्यापक हुन्छ। अर्थात्—'स्त्रियामीदूद्विरामैकाच् सयोनिप्राणिनाम च' इत्यादि वचनले ई-ऊ अन्त्यमा हुने-एकअच् भयेका-धी-भ्रू आदि शब्द विशेष वचनले-वाधित छैनन् र 'स्त्रीयामीदूत—' इत्यादिवचन व्यापक-भयेर धी-भ्रू प्रभृति-शब्दको स्त्रीलिङ्ग बुझाउछन्। नी-लू-प्रभृति-शब्द यहि वचनको-अनुसार स्त्रीलिङ्गी-हुनुपर्दथे तापनि 'कृतः कर्तर्यसंज्ञायाम्' भनि पछि-देखाइने-वचनको-अनुसार कर्तामा-विधानगरियेका-कृत्प्रत्ययान्त-हुनाले तिनै-लिङ्गमा-रहने हुन्छन्, यो स्त्रीलिङ्गविधानगर्ने वचनको बाध हुन्छ।

'योनि (भग)भयेका-प्राणिलाई-कहने-शब्द स्त्रीलिङ्गी हुन्छन्' भनि यो-वचनले-भन्दछ ता-पनि स्त्रीलाई-कहने-दारशब्द 'पुं भूम्निदाराः' यो-अघिकहियेका-वचनानुसार पुंलिङ्गी-बहुवचनान्तै हुन्छ, त्यो शब्दमा यो-सामान्य वचनलाई त्यो विशेष-वचनले बाध गर्दछ। [लिङ्ग-विधायक 'सामान्य वचनलाई लिङ्गविधायक-विशेष-वचनले बाध गर्दछ'] यति कुरामा खूब हेक्का राख्नु-पर्दछ।

२९६६ स्त्रियामीदूद्विरामैकाच् सयोनिप्राणिनाम च ॥२॥
२९६७ नाम विद्युन्निशावल्लीवीणादिग्भूनदीह्रियाम् ।
२९६८ अदन्तैर्द्विगुरेकार्थो न स पात्रयुगादिभिः ॥३॥

अब-उप्रान्त 'स्त्रियाम्' यो-वचनको-अधिकार छ (अर्थात् अर्को-लिङ्गविधान गर्ने-अर्कोवचन-नआउन्ज्याल अब बताइने शब्द स्त्रीलिङ्गी भनि जान्नुपर्दछ) ।

१ ईदूद्विरामैकाच् स्त्रियाम् (ईकार-ऊकार अन्त्यमा हुने-एकअच्भयेको-शब्द स्त्रीलिङ्गमा रहन्छ) । जस्तै—धीः २, श्रीः २, भ्रूः २, इत्यादि ।

सयोनिप्राणिनाम च स्त्रियाम् (योनि(भग)भयेका-प्राणिलाई-कहने-शब्द पनि स्त्रीलिङ्गमा रहन्छ) । जस्तै—माता २, दुहिता २, स्वसा २, इत्यादि ।

स्त्रीलाई-कहने-दारशब्द-र-कलत्रशब्द 'पुं भूम्निदाराः' 'कलत्रं श्रोणि-भार्ययोः' ई २ बाधक विशेष वचनानुसार पुंलिङ्गमा र क्लीवलिङ्गमा रहन्छ ।

विद्युत्[1]-निशा[2]-वल्ली[3]-वीणा[4]-दिग्[5]-भू[6]-नदी[7]-ह्रियाम्[8] नाम स्त्रियाम् (विजुली[1], रात्रि[2], लता[3], वीणा[4], दिशा[5], पृथ्वी[6], नदी[7], लज्जा[8] यती—८ चीजलाई-कहने-शब्द स्त्रीलिङ्गमा रहन्छ) जस्तै—

(१) विद्युत् २, तडित् २ । (२) रात्रिः २, त्रियामा । (३) लता २, वीरुत् । (४) वीणा २, विपञ्ची २ । (५) दिक् २, हरित् २ । (६) भूमिः २, अचला २ । (७) तटिनी २, सरित् २ (८) त्रपा २, लज्जा २ ।

'अदन्तैः एकार्थः द्विगुः स्त्रियाम्' (ह्रस्व अकार अन्त्यमा हुने मूल-लोक आदि गरेका शब्दसँग समाहार अर्थमा गरेको द्विगु (संख्या पूर्वमा हुने) समास स्त्रीलिङ्गी हुन्छ) जस्तै— पञ्चानां मूलानां समाहारः = पञ्चमूली २ [पाँच थरी मूलको समुदाय] । त्रयाणां लोकानां समाहारः = त्रिलोकी २ [तीन लोकको समुदाय] चतुर्णां श्लोकानां समाहारः = चतुःश्लोकी २ [चार श्लोकको समुदाय] इत्यादि ॥(क)॥

पात्रयुगादिभिः सः न स्त्रियाम् (पात्र, युग, भुवन, इत्यादि शब्दसँग भयेको समाहार-द्विगुसमास भने स्त्रीलिङ्गी हुँदैन) जस्तै—'पञ्चानां पात्राणां समाहारः=पञ्चपात्रम् ३ [पाँचोटा पात्रको समुदाय] चतुर्णाम् युगानां समाहारः = चतुर्युगम् ३ [चार युगको समुदाय] त्रयाणां भुवनानां समाहारः =त्रिभुवनम् ३ [तीन भुवन-(लोक)को समुदाय] इत्यादि ॥३॥(ख)॥

(क) अकारान्तोत्तरपदो द्विगुः स्त्रियामिष्टः (वा०) । (ख) पात्राद्यन्तस्य न (वा०) ।

२९६९ तल्, वृन्दे, येनिकटच्यत्रा, वैरमैथुनिकादिवुन् ।
२९७० स्त्रीभावादावनिक्तिण्ण्वुल्णच्ण्वुच्क्यब्युजिञङ्निशाः ॥४॥

तल् स्त्रियाम् (तल् प्रत्ययान्तशब्द जुन्सुकै अर्थको भये पनि स्त्रीलिङ्गी हुन्छ) जस्तै—शुक्लस्य भावः =शुक्लता २ [सेतोपना] चपलस्य भावः =चपलता २ [चञ्चलपना] ॥(ग)॥ ग्रामाणां समूहः = ग्रामता २ [गाउँको समूह] जनानां समूहः =जनता २ [जनको समूह] इत्यादि ॥(घ)॥

वृन्दे येनिकटच्यत्राः स्त्रियाम् (समूह अर्थमा विधान गरियेका य[1], इनि[2], कटच्यच्[3], त्र[4], ई ४ प्रत्यय अन्त्यमा हुने शब्द स्त्रीलिङ्गी हुन्छन्) जस्तै—क्रमैले पाशानां समूहः पाश्या[1] २ [पाशको समूह] वातानां समूहः =वात्या १ [वायुसमूह=हुरी] खलानां समूहः =खलिनी[2] २ [खलाको समृह] पद्मानां समूहः =पद्मिनी[2] २ [कमलसमूह] रथानां समूहः =रथकट्या[3] [रथको समूह] गवां समूहः =गोत्रा[4] २ [गाईको समूह] इत्यादि ॥(ङ)॥

वैरमैथुनिकादिवुन् स्त्रियाम् (वैर[1] अर्थमा र मैथुनिका[2] (यौनसंबन्ध) अर्थमा भयेको वुन् प्रत्ययान्तशब्द स्त्रीलिङ्गी हुन्छ) जस्तै—क्रमैले अश्वमहिषयोर्वैरम् = अश्वमहिषिका[1] २ [घोडा र राँगाको वैरभाव] काकोलूकयोर्वैरं = काकोलूकिका[1] २ [काग र लाटाकोसेराको वैरभाव] अत्रिभरद्वाजयोर्मैथुनिका=अत्रिभरद्वाजिका[2] २ ॥(च)॥ [अत्रि र भरद्वाजको वैवाहिक नाता] वत्सगर्गयोर्मैथुनिका वत्सगर्गिका[2] २ [वत्स र गर्गको वैवाहिक नाता] इत्यादि ।

'स्त्रियाम्' भन्ने सूत्रका अधिकारमा भाव-करण प्रभृति अर्थमा विधान गरियेका [1]अनि, क्तिन्[2], ण्वुल्[3], णच्[4], ण्वुच्[5], क्यप्[6], युच्[7], इञ्[8], अङ्[9], नि[10], श[11], यती ११ प्रत्यय अन्त्यमा हुने शब्द स्त्रीलिङ्गी हुन्छन् जस्तै—अङ्कका क्रमले—(❀)

(ग) तस्य भावस्त्वतलौ० । (घ) ग्रामजनवन्धुभ्यस्तल् । (ङ) पाशादिभ्यो यः । इनित्रकटच्यचश्च—खलादिभ्य इतिः । खलगोरथात् । (च) द्वन्द्वाद्वुन् वैरमैथुनिकयोः ।

(❀) (१) आक्रोशे नञ्यनिः ।
(२) स्त्रियां क्तिन् ।
(३) रोगाख्यायां ण्वुल् बहुलम् ।
(४) कर्मव्यतिहारे णच् स्त्रियाम्, णचः स्त्रियामञ् ।
(५) पर्यायार्हणोत्पत्तिषु ण्वुच् ।
(६) व्रजयजोर्भावे क्यप् ।
(७) ण्यासश्रन्थो युच् ।
(८) विभाषाख्यानपरिप्रश्नयोरिञ् च इञ् वपादिभ्यः ।
(९) षिद्भिदादिभ्योऽङ् ।
(१०) ग्लाम्ला-ज्या-हाभ्यो निः ।
(११) कृञः श च इच्छा ।

२९७१ उणादिषु निरूरीश्च ङ्याबूङन्तं चलं स्थिरम् ।
२९७२ तत्क्रीडायां प्रहरणं चेन्मौष्टा पाल्लवा ण दिक् ॥५॥

अनि—(१) अजीवनिः २ [बाँच्न नपायेस् भनेर दियेको सराप] (१) अकरणिः २ [गर्न नपायेस् भनि दियेको सराप] इत्यादि । क्तिन्—(२) कृतिः २ [गर्नु] भूतिः २ [हुनु] इत्यादि । ण्वुल्—(३) प्रच्छर्दिका २ [छादने रोग] प्रवाहिका २ [छेर्ने रोग] इत्यादि । णच्—(४) व्यावक्रोशी २ [पालैपालाले गाली गर्नु चिच्याउनु=वाङ्गावाङ्ग] व्यात्युक्षी २ [परस्पर पानी छ्यापाछ्याप-गर्नु] इत्यादि । ण्वुच्—(५) शायिका २ [सुत्ने-पालो] इक्षुभक्षिका २ [उखुखाने पालो] इत्यादि । क्यप्—(६) व्रज्या २ [हिंडाई] इज्या २ [यज्ञगराई=यज्ञ] इत्यादि । युच्—(७) कारणा २ [वेदना-तकलीफ] आसना २ [वसाई] इत्यादि । इञ्—(८) कारिः २ [गराई] वापिः २ [रोपाई] इत्यादि । अङ्—(९) पचा २ (पकाई] छिदा २ [कटाई] इत्यादि । नि—(१०) ज्यानिः २ [वृद्धता] हानिः २ [नुक्सान] इत्यादि । श—(११) क्रिया २ [गराई] इच्छा २ [चाह] इत्यादि ॥४॥

उणादिषु निरूरीः च स्त्रियाम् (औणादिक नि^{१} प्रत्यय,ऊ^{२} प्रत्यय^{३},ई प्रत्यय अन्त्यमा हुने शब्द स्त्रीलिङ्गमा रहन्छ) जस्तै-क्रमैले (१) श्रेणिः २ [पङ्क्ति=लहर] श्रोणि २ [कटी] इत्यादि । (२) चमूः २ [सेना] कषूः २ [जीविका, गुञ्जिठाको आगो, कुलो] इत्यादि । (३) तरीः २ [डुङ्गा] तन्त्रीः [तार] इत्यादि ।

ङ्याबूङन्तं चलं स्थिरं स्त्रियाम् (ङ्यन्त^{१}, आबन्त^{२}, ऊङन्त^{३}, शब्द चलवाचक अचलवाचक जस्तो भये पनि स्त्रीलिङ्गमा रहन्छ) जस्तै क्रमैले—

($\frac{१}{१}$) चलवाचक ङ्यन्त—नारी २ [स्त्री] गौरी २ [पार्वती]
($\frac{१}{२}$) अचलवाचक ङ्यन्त—कदली २ [केरा] तिन्तिडी २ [अमिली]
($\frac{२}{१}$) चलवाचक आबन्त—भार्या २ [स्त्री] उमा २ [पार्वती]
($\frac{२}{२}$) अचलवाचक आबन्त—माला २ [माला] हरिद्रा २ [हलेदो]
($\frac{३}{१}$) चलवाचक ऊङन्त—श्वश्रूः २ [सासू] कद्रूः २ [नागमाता]
($\frac{३}{२}$) अचलवाचक ऊङन्त—कर्कन्धूः २ [बयर] अलावूः २ [तुम्बा]

'तदस्यां प्रहरणमिति क्रीडायां णः' भन्ने सूत्रले 'त्योवस्तु-जुन्क्रीडामा-प्रहरण (हान्ने कुरा) हुन्छ' भन्ने-अर्थमा प्रहरणवाचक-शब्ददेखी-विधान-गरियेको-ण प्रत्ययान्तशब्द स्त्रीलिङ्गी हुन्छ । 'मुष्टिः प्रहरणम् अस्यां क्रीडायां' भन्ने विवक्षा गर्दा ण प्रत्ययले सिद्धभयेको मौष्टा शब्द र, 'पल्लवः प्रहरम् अस्यां क्रीडायां' भन्ने विवक्षा गर्दा ण प्रत्ययले सिद्धभयेको पाल्लवाशब्द स्त्रीलिङ्गीभयो । मौष्टा २ [मुड्कीमुटकीलेहानेर-गर्नु-पर्ने-क्रीडा (खेल)=मुक्कामुक्कि] पाल्लवा २ [स्याउलैस्याउलाले-हानाहान- गर्नु-पर्ने-खेल] आदि पदको-अर्थबुझाउने-दिक्शब्दले दाण्डा २ [डण्डालेहानाहान-गरिने खेल] मौण्डा २ [टाउका-टाउकाले-हानाहान-गर्नु-पर्ने (जुध्नु-पर्ने) खेल]इत्यादि बुझ्नु पर्दछ ॥ ५ ॥

२९७३ घञो ञः सा क्रियाऽस्यां चेद्दाण्डपाता हि फाल्गुनी ।
२९७४ श्यैनम्पाता च मृगया तैलम्पाता स्वधेति दिक् ॥६॥
२९७५ स्त्री स्यात्काचिन्मृणाल्यादिर्विवक्षापचये यदि ।
२९७६ लङ्का शेफालिका टीका धातकी पञ्जिकाऽऽढकी ॥७॥
२९७७ सिध्रका सारिका हिक्का प्राचिकोल्का पिपीलिका ।
२९७८ तिन्दुकी कणिका भङ्गिः सुरङ्गासूचिमाढयः ॥८॥
२९७९ पिच्छावितण्डाकाकिण्यःश्चूर्णिः शाणी द्रुणी दरत् ।
२९८० सातिः कन्था तथाऽऽसन्दी नाभी राजसभाऽपि च ॥९॥
२९८१ झल्लरी चर्चरी पारी होरा लट्वा च सिध्मला ।
२९८२ लाक्षा लिक्षा च गण्डूषा गृध्रसी चमसी मसी ॥१०॥

॥ इति स्त्रीलिङ्गसंग्रहः ॥

'घञः साऽस्यां क्रियेति ञः' भन्ने-सूत्रले घञ्-प्रत्ययान्त-कुनै-शब्ददेखी 'त्यो क्रिया छ जस्मा' यस्तो-विवक्षा-गर्दा ञ-प्रत्यय भयेर सिद्ध-हुने दाण्डपात, श्यैनम्पात, तैलम्पात, प्रभृति-शब्द स्त्रीलिङ्गमा रहन्छन् ।

'दण्डको छ पात (पतन) जस्मा' यस्तो-विवक्षा-गरेर ञ-प्रत्ययले-सिद्ध भयेको दाण्डपात-शब्द स्त्रीलिङ्गी भयेर दाण्डपाता भयो ।

दाण्डपाता २ [दण्डको पात (पतन)-गरायेर-गरिने-खेल-हुने (संप्रदायानुसार-डण्डीवियो-खेलिने) फाल्गुनी-पूर्णिमाको नाम] त्यस्तै-श्येनपातोऽस्यां वर्तते (बाजको पतन जस्मा हुन्छ) यस्तो-विवक्षा-गर्दा श्यैनम्पाता शब्द स्त्रीलिङ्गी हुन्छ ।

श्यैनम्पाता २ [सधायेको वाजपक्षीलाई झंटन लगायेर-गरिने-चराको शिकार] त्यस्तै—तिलपातः अस्यां वर्तते (तिलपतन जस्मा हुन्छ) यस्तो-विवक्षा गर्दा तैलम्पाता शब्द स्त्रीलिङ्गी हुन्छ ।

तैलम्पाता २ [तिलपात-गरेर-(तिल हालेर) गरिने-स्वधा (तर्पण) ॥ ६ ॥

यदि अपचये विवक्षा, तदा काचित् मृणाल्यादिः स्त्री स्यात् (सानू भन्ने विवक्षा-गरेदेखी मृणाली-आदि गरेका कुनै-शब्द स्त्रीलिङ्गमा रहन्छन् । अर्थात् अघी पुंलिङ्ग-नपुंसकलिङ्गमा देखाइयेका-शब्दवाट-बुझिने-वस्तुलाई सानू-भनी-बुझाउनु-पर्‍यो-भने त्यो-शब्दलाई स्त्रीलिङ्गी बनाउनु-पर्दछ । तर यो नियम सर्वत्र लाग्दैन, शिष्टहरूले-प्रयोग-गरेका-ठाउमा-मात्र बुझ्नुपर्छ, जस्तै—मृणालशब्द नपुंसकलिङ्गी हो, सानू मृणाल भन्नु पर्‍यो-भने मृणाली २ हुन्छ । त्यस्तै सानू-पात्र भन्दा पात्री २ सानू-वन भन्दा वनी २, सानू-कुम्भ भन्दा कुम्भी २, सानू-वंश भन्दा वंशी २, सानू-छत्र भन्दा छत्री २, इत्यादि शिष्टप्रयोगानुसार गर्न हुन्छ । आफ्ना-इच्छाले सानू-घोडा भन्दा अश्वा-अश्वी, सानू-पुत्र भन्दा पुत्री, सानू-घर भन्दा गृही, इत्यादि प्रयोग बनाउन पाइँदैन ।

'ङ्याबूङन्तं चलं स्थिरं' भन्ने-वचनले ङ्यन्त-आबन्त-ऊङन्त-शब्द स्त्री-लिङ्गी

हुन्छन् भनि सामान्यरूपले भनियो। अव त्यसैका-उदाहरणरूप-केही-शब्द देखाइन्छनं, ती-शब्द र अर्थ हेर—

शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ
लङ्का २	लङ्कापुरी	शेफालिका २	नेवारी फूल	टीका २	व्याख्या
धातकी २	धयाँरो	पञ्चि(ञ्जि)-का २	पूर्णव्याख्या, बही-खाता २	आढकी २	रहर
सिध्रका २	वृक्षविशेष	सारिका २	मैनाचरो, सारौ	हिक्का २	बाडुली
प्राचिका २	डाँस	उल्का २	ज्वाला	पिपीलिका	कमिला
तिन्दुकी २	तिँदू	कणिका २	कनिका, सानूटुक्रा	भङ्गि २	ढाँचा, छाँट
सुरङ्गा २	सुरुङ्	सूची(चि) २	सुइरो, सीयो, सूची,	माढि २	पातका नसा
पिच्छा २	सिमल्को खोटो	वितण्डा २	वादविवादविशेष	काकिणी २	१ दाम (दोकडा)
चूर्णि २	गद्यविशेष (चूर्णिका)	शाणी २	सुन् घस्ने कसी	द्रुणी २	कन्सुत्लो
दरत् २	भीर, डर	साति २	दान, समाप्ति	कन्था २	थाङ्ना, माटाको गाह्लो
आसन्दी २	वेत्रासन (कुर्सी, मूढा)	नाभि २	नाइटो	राजसभा २	राजाको सभा
		चर्चरी २	हस्तवाद्य(ताल)	पारी २	हात्तीको खुट्टाको बन्धन
झल्लरी २	झ्याली	लट्वा २	भँगेरा		
होरा २	लग्न, घडी	लिक्षा २	लिखा	सिध्मला २	सुकेको माछा = सिद्रा
लाक्षा २	लाहा	चमसी २	प्रणीतापात्रविशेष	गण्डूषा	कुल्ला
गृध्रसी २	वातरोगविशेष			मसी२ मषी२	मसी

॥ इति स्त्रीलिङ्गसंग्रहः ॥

२९८३ पुंस्त्वे सभेदानुचराः सपर्यायाः सुरासुराः।
२९८४ स्वर्गयागाद्रिमेघाब्धिद्रुकालासिशरारयः ॥११॥
२९८५ करगण्डोष्ठदोर्दन्तकण्डकेशनखस्तनाः।

सभेदानुचराः सपर्यायाः सुरासुराः पुंस्त्वे [भेदले-र-अनुचर(सेवक)ले सहित-भयेका-देववाचक-दैत्यवाचक शब्दका विशेषवचनले-नहड्कियेका-पर्याय सबै पुंलिङ्गमा रहन्छन्] जस्तै—देववाचकशब्द—अमरः १, निर्जरः १, देवः १ इत्यादि। देव-भेदवाचकशब्द—आदित्यः, विश्वे १, वसवः १ इत्यादि। देवानुचरवाचकशब्द—जयः १, विजयः १, पुण्यशीलः इत्यादि पुंलिङ्गी भये। 'दैवतानि पुंसि वा' 'देवता स्त्रियाम्' यो-विशेष वचनले-हट्कियेको, दैवतशब्द पुंलिङ्ग र नपुंसकलिङ्गमा, देवता शब्द स्त्रीलिङ्गमा रह्यो।

दैत्यवाचकशब्द—दैत्यः १, दैतेयः १, दनुजः १, इत्यादि। दैत्यभेदवाचक शब्द—विरोचनः १, बलिः १, बाणः १ इत्यादि। दैत्यानुचरवाचकशब्द—कूष्माण्डः १, चण्डः १, मुण्डः १ इत्यादि पुंलिङ्गी भये।

स्वर्गयागाद्रिमेघाब्धिद्रुकालासिशरारयः पुंस्त्वे (१ स्वर्ग, २ यज्ञ, ३ पर्वत, ४ मेघ, ५ समुद्र, ६ वृक्ष, ७ समय, ८ खड्ग, ९ बाण, १० शत्रु—ई १०लाई-कहने-शब्द पुंलिङ्गमा रहन्छन्) जस्तै—अङ्कका क्रमले—

(१) स्वर्गः १, नाकः १, त्रिदिवः १, इत्यादि। (२) यज्ञः १, मखः १, क्रतुः १, इत्यादि। (३) अद्रिः १, गिरिः १, पर्वतः १ इत्यादि। (४) मेघः १, घनः १, जलदः १ इत्यादि।❀ (५) समुद्रः १, अब्धिः १, सागरः १ इत्यादि। (६) वृक्षः १, महीरुहः १, शाखी १ इत्यादि। (७) समयः १, कालः १, दिष्टः १ इत्यादि। (८) खड्गः १, असिः १, कौक्षेयकः १ इत्यादि। (९) बाणः १, शरः १, विशिखः १, इत्यादि ×। (१०) शत्रुः १, रिपुः १, अरिः १ इत्यादि।

करगण्डोष्ठदोर्दन्त कण्ठकेशनखस्तनाः पुंस्त्वे—१ कर (राजग्राह्यभाग = पोता), २ किरण, ३ गण्ड(गाला), ४ ओष्ठ, ५ बाहु, ६ दन्त, ७ कण्ठ, ८ केश, ९ नख, १० स्तन ई १० चीजलाई-कहने-शब्द बाधकवचन-नभयेका छन् भने पुंलिङ्ग हुन्छन्। जस्तै अङ्कका क्रमले—

